# व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत
स्नातकोत्तर तह, चौथो सेमेष्टर, नेपा.शि. ५४४ पाठ्यांशको
प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**

भगवती अधिकारी

शिक्षाशास्त्र सङ्काय
नेपाली शिक्षा विभाग,
सानोठिमी क्याम्पस
सानोठिमी, भक्तपुर

२०७९

व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण - भगवती अधिकारी २०७९

**व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण**

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षाअन्तर्गत**
**स्नातकोत्तर तह, चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांशको**
**प्रयोजनार्थ प्रस्तुत**
**शोधपत्र**

**भगवती अधिकारी**
**भर्ना वर्ष : २०७४/०७५**
**परीक्षा क्रमाङ्क : ७४२१०४१**
**त्रि.वि. दर्ता नं. : ६-१-२०९-८-१९९८**

**शिक्षाशास्त्र सङ्काय**
**नेपाली शिक्षा विभाग**
**सानोठिमी क्याम्पस**
**सानोठिमी, भक्तपुर**
**२०७९**

पेस गरेको मिति : २०७९/०८/१९ — 5 Dec., 2022

मौखिक परीक्षा मिति २०७९/०९/१७ — 1 Jan., 2023

© २०७९
भगवती अधिकारी
सर्वाधिकार शोधार्थीमा

# समुद्घोषण

प्रस्तुत शोध प्रतिवेदनभित्रका सामग्री नितान्त मौलिक हुन् । यसमा प्रयोग गरिएका प्राथमिक स्रोतका सामग्रीहरू अन्य कहीँबाट साभार गरिएका छैनन् । द्वितीय स्रोतका सामग्रीहरू प्रयोग गरिएका स्थानमा आवश्यकतानुसार सन्दर्भाङ्कन साभार गरिएका छन् । यसभित्र समेटिएका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । अतः प्रस्तुत शोधपत्र नितान्त मौलिक भएको समुद्घोष गर्दछु ।

.........................

भगवती अधिकारी

(शोधार्थी )

मिति : २०७९/०८/१९

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
शिक्षा शास्त्र संकाय
FACULTY OF EDUCATION
**सानोठिमी क्याम्पस**
SANOTHIMI CAMPUS
(.....................................शाखा)

Campus Chief : 6630790
Fax : 977-01-5639309
Asst.Campus Chief : 6630283
Student Union : 6630998
Hostel : 6630684

सानोठिमी, भक्तपुर, नेपाल
**Sanothimi, Bhaktapur**
**Nepal**

**पत्र संख्या** (Ref.No.):

**मिति** (Date): ..................................

## निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सानोठिमी क्याम्पस, नेपाली शिक्षाअन्तर्गत, स्नातकोत्तर तह चौथो सत्र पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको *व्यावहारिक लेखन तथा सम्पादनविषयप्रति विद्यार्थीको दृष्टिकोण* शीर्षकको शोधपत्र शोधार्थी भगवती अधिकारीद्वारा मेरो निर्देशनमा रही आवश्यक मेहेनत र परिश्रमपूर्वक तयार पारिएको हो । यस शोधकार्यको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.......................

उपप्रा.भागीरथा न्यौपाने

(शोध निर्देशक)

मिति : २०७९/०८/१९

5 Dec., 2022

त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
शिक्षा शास्त्र संकाय
FACULTY OF EDUCATION
सानोठिमी क्याम्पस
SANOTHIMI CAMPUS
(.....................................शाखा)

Campus Chief : 6630790
Fax : 977-01-5639309
Asst.Campus Chief : 6630283
Student Union : 6630998
Hostel : 6630684

सानोठिमी, भक्तपुर, नेपाल
Sanothimi, Bhaktapur
Nepal

पत्र संख्या (Ref.No.):

मिति (Date): ...................................

**स्वीकृति पत्र**

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षाअन्तर्गत स्नातकोत्तर तहको चौथो सत्रको नेपाली शिक्षा (५४४) पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत *व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण* शीर्षकको शोधपत्र नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तहका लागि उपयुक्त भएकोले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| **क्र.सं.** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| १. | श्री ताराप्रसाद न्यौपाने<br>(विभागीय प्रमुख) | .................................. |
| २. | उपप्रा. भागीरथा न्यौपाने<br>(शोधनिर्देशक) | .................................. |
| ३. | उपप्रा.डा. केशव भुसाल<br>(बाह्य परीक्षक) | ................................. |

मिति: २०७९/०९/१७

1 Jan., 2023

## कृतज्ञताज्ञापन

शोधकार्य आफैँमा गहन र जटिल विषय हो । शोधकार्य पूरा गर्नका लागि कठोर परिश्रम तथा धैर्यको आवश्यकता पर्ने कुराको यथार्थ अनुभव यस अनुसन्धानका क्रममा भएको छ । नेपाली भाषा शिक्षणको क्रममा शोधकर्तालाई कठीन महशुस हुँदाहुँदै पनि केही गहिरिएर अध्ययन गर्ने इच्छा जाग्यो । यसै सिलसिलामा *व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण* शीर्षक चयन गरी यो शोधपत्र तयार पारिएको हो । व्यक्तिगत अनेकौं व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि हालसम्म प्रेरणा, कुशल निर्देशन तथा महत्त्वपूर्ण सुझाव दिनुहुने गुरूआमा उपप्रा. भागीरथा न्यौपानेज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै विश्वविद्यालय अनुदान आयोगको लघु अनुसन्धान विकास र नवप्रवर्तन अनुदान अन्तर्गत नेपाली भाषाशिक्षणप्रति विद्यार्थीको दृष्टिकोण शीर्षकको आफ्नो अनुसन्धान अन्तर्गत रहेर यो शोध गर्न मलाई समावेश गराउनु भएकोमा उहाँप्रति कृतज्ञ छु ।

*व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण* शीर्षक स्वीकृत गरी शोधपत्र तयारी गर्ने अवसर प्रदान गर्नुहुने नेपाली शिक्षाका विभागीय प्रमुख श्री ताराप्रसाद न्यौपानेज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । उच्च शिक्षा अध्ययनका क्रममा मलाई शैक्षिक सफलताको कामना गरी उर्जा भरिदिने, बारम्बार हौसला, साहस, उत्प्रेरणा प्रदान गर्नुहुने नेपाली शिक्षाका विषय शिक्षक सहप्रा. हिमलाल पुरीज्यू, उपप्रा. भारती अधिकारीज्यू, श्री महेशप्रसाद भट्टज्यू लगायत नेपाली विभागका सम्पूर्ण विषय शिक्षकमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उच्च शिक्षा अध्ययनका क्रममा हरेक जटिल परिस्थितिमा हौसला तथा मार्गनिर्देश गर्नुहुने प्रा.डा. विनोदप्रसाद लुइँटेलज्यूप्रति कृतज्ञता व्यक्त गर्दछु । यो शोधका लागि विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त सहयोगप्रति आभार प्रकट गर्दछु ।

औपचारिक शिक्षाको लामो अन्तराल त्यसमाथि व्यावहारिक जीवनको व्यस्ततासँगै सुरु भएको एक गृहिणीका लागि यो उच्च शैक्षिक सफलता सहज थिएन । आफ्नो लक्ष्य प्राप्तिका लागि अप्ठ्यारो परिस्थितिमा पनि कमजोर नहुन र आफ्नो कर्तव्य पथमा निरन्तर लाग्न प्रेरणा प्रदान गर्नुहुने स्व. बुबा बालकृष्ण अधिकारी, माता लक्ष्मी अधिकारीप्रति आजीवन ऋणी छु जसले मन, वचन र कर्म पवित्र राखेर समाजमा बाँच्न सिकाउनु भयो । जीवनका हरेक कठिनाइमा सहज भएर अगाडि बढ्न प्रत्येक पाइलामा साहस र शक्ति बनेर

लगातार साथ सहयोग गरी पारिवारिक वातावरण अनुकूल बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने मेरो पतिदेव श्री प्रेमप्रसाद सेडाई जसको साथविना यो सफलता सम्भव थिएन, उहाँलाई जुनसुकै शब्दले धन्यवाद व्यक्त गरे पनि कम हुन्छ । उहाँलाई हार्दिक साधुवाद छ । परिवारमा एकअर्काको साथ सहयोग अत्यन्त महत्त्वपूर्ण हुन्छ । आफ्नो अध्ययनका बावजुद मलाई सहयोग गरेर खुशी थपेका छन् छोरी स्मारिका र छोरो स्पन्दन सेडाईले । उनीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । उच्च शिक्षा अध्ययनका क्रममा मलाई आवश्यक सल्लाह, सुझाव, तथा उर्जा  भरिदिने आफन्त, अभिभावक, सहपाठी मित्रहरू सबैप्रति कृतज्ञता व्यक्त गर्दछु ।

शोधपत्र तयारीका क्रममा सहयोग पुऱ्याउन नमुना छनोटमा परेका क्याम्पस परिवारप्रति आभार व्यक्त गर्दछु । अध्ययन अनुसन्धानका क्रममा आफ्नो अमूल्य समय दिएर तथ्य, तथ्याङ्क सङ्कलनमा विशेष भूमिका निवाह गर्नु भएका सहभागी विद्यार्थीहरू जसले शोधपत्रको मेरूदण्डका रूपमा रहेर साथ दिनुभयो, उहाँहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्र तयारीका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मेरो सोपाधिक अनुसन्धानलाई पूर्णता प्रदान गर्नमा अमूल्य साथ र सहयोग पुऱ्याउने यहाँहरू सबैप्रति, विशेषगरी सानोठिमी क्याम्पस परिवारप्रति हार्दिक धन्यवाद अर्पण गर्दछु ।

प्रस्तुत शोधपत्रको तयारीका क्रममा कम्प्युटरसम्बन्धी सम्पूर्ण कार्य गरी सहयोग गर्नुहुने 'जी' कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्रको भाषा सम्पादन गरी सहयोग पुऱ्याउने नेपाल ओपिनियन डटकमका सम्पादक श्री श्रीश भण्डारीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

भगवती अधिकारी

(शोधार्थी )

## शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह चौथो सत्रको नेपा.शि. ५४४ पाठ्यांश पूरा गर्ने प्रयोजनका निम्ति तयार पारिएको छ । यस शोधपत्रको शीर्षक *व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण* रहेको छ । निर्दिष्ट विषयको पाठ्यांश के-कस्तो रहेको छ, उक्त विषयको कक्षाकोठामा गरिने व्यावहारिक प्रयोग तथा शिक्षण प्रभावकारिताको लेखाजोखा गर्नु, शिक्षण सिकाइप्रति विद्यार्थीको अनुभव पत्ता लगाउनमा अनुसन्धान केन्द्रित छ । यो अनुसन्धानमा मिश्रित अनुसन्धान ढाँचाको अनुप्रयोग गरिनुका साथै प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । अध्ययनका क्रममा प्राप्त तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिका र विषयवस्तुको अवधारणा निर्माण गरी व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधपत्र जम्मा पाँचवटा अध्यायमा संरचित छ । शोधपत्र तयारीका क्रममा प्राप्त तथ्याङ्ककीय परिणामलाई विश्लेषण गर्दा समग्रमा निर्दिष्ट पाठ्यांश उत्तम रहेको पाइएको छ । उक्त विषयको कार्यान्वयन पक्ष पूर्ण रूपमा प्रायोगिक हुन नसकेको, व्यावहारिक रूपमा यसको प्रभाव न्यून मात्र परेकोले कार्यान्वयन अझ वैज्ञानिक र अनिवार्य रूपमा लागू गर्नुपर्ने विद्यार्थीको प्रतिक्रियाको आधारमा निष्कर्ष निकालिएको छ । पाठ्यांश कार्यान्वयनमा एकरूपता ल्याउनका लागि आवश्यकता अनुसारका अभ्यासात्मक कार्यक्रमहरू सञ्चालनमा सम्बन्धित पक्षको विशेष ध्यानाकर्षण हुन आवश्यक देखिएको छ । निर्दिष्ट पाठ्यांश निर्माणमा सम्बन्धित सरोकारवालालाई आवश्यक सहयोग पुग्ने देखिन्छ ।यसका साथै उक्त विषयप्रति विद्यार्थीहरूका धारणा पहिचान गर्नमा सहयोग पुग्ने साथै सैद्धान्तिक र प्रायोगिक पक्षको जानकारी गराउन, निर्दिष्ट विषयको सबल र दुर्बल पक्षको निरूपण भई असल र प्रभावकारी पाठ्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने देखिएको छ । यस शोधपत्रको मुख्य प्राप्ति भनेको अध्याय चार, पाँच र छ क्रमशः व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशप्रति विद्यार्थीको दृष्टिकोणको अध्ययन गर्नु, निर्दिष्ट विषयको कक्षाकोठामा गरिने व्यावहारिक प्रयोग र प्रभावकारिताको विश्लेषण गर्नु र शिक्षण सिकाइप्रति विद्यार्थीको अनुभवको विश्लेषण गर्नु यस अध्ययनको मुख्य प्रायोगिक उपादेयता हो ।

# सङ्क्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| पृ.स. | : | पृष्ठ संख्या |
| त्रि.वि.द.न. | : | त्रिभुवन विश्वविद्यालय दर्ता नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| क्र.स. | : | क्रम सङ्ख्या |
| वि.सं. | : | विक्रम सम्वत् |
| इ. | : | इस्वी सम्वत् |
| वि.एड. | : | ब्याचलर अफ एजुकेशन |
| अ. | : | अङ्क |
| स. | : | सङ्ख्या |
| एम.एड. | : | मास्टर अफ एजुकेशन |
| उपप्रा. | : | उपप्राध्यापक |
| आ.क्या. | : | आङ्गिक क्याम्पस |
| सा. क्या. | : | सामुदायिक क्यामपस |

## चिह्न विवरण

| | | |
|---|---|---|
| / | : | विकल्प जनाउने |
| - | : | योजक/निर्देशक चिह्न |
| : | : | व्याख्या |
| , | : | अल्पविराम |
| ; | : | अर्धविराम |
| । | : | पूर्णविराम |
| ? | : | प्रश्न चिह्न |
| () | : | कोष्ठक चिह्न |
| “ ” | : | उद्धरण चिह्न |
| ! | : | विस्मयादिवोधक |

## विषय-सूची

सर्वाधिकार क
समुद्घोषण ख
शोधनिर्देशकको सिफारिसपत्र ग
स्वीकृतिपत्र घ
कृतज्ञताज्ञापन ङ
शोधसार छ
सङ्क्षिप्त शब्दसूची ज
चिह्न विवरण झ
विषयसूची ञ
तालिकासूची ढ

**अध्याय एक : शोध परिचय** **१-५**
अध्ययनको पृष्ठभूमि १
समस्या कथन २
उद्देश्य ३
अध्ययनको औचित्य ३
अध्ययनको परिसीमा ३
प्रमुख पारिभाषिक शब्दावली ४
शोधपत्रको रूपरेखा ५
**अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा** ६-२०
पूर्वकार्यको पुनरावलोकन ६
    सैद्धान्तिक कार्यको पुनरावलोकन ६
    प्रायोगिक कार्यको पुनरावलोकन ८
सैद्धान्तिक परिचय ११
    व्यावहारिक लेखन ११

सम्पादन ११

पाठ्यक्रम १२

पाठ्यांश १३

शीर्षक १४

परिचय १४

उद्देश्य १५

साधारण उद्देश्य १६

विशिष्ट उद्देश्य १६

एकाइगत रूपमा पाठ्यवस्तु र त्यसको वितरण तथा पाठ्यघण्टी १६

शिक्षण प्रविधि १७

मूल्याङ्कन प्रक्रिया १८

पाठ्य पुस्तक १९

सिफारिस गरिएका पुस्तकको प्राप्यता र उपयुक्तता २०

**अध्याय तीन : अनुसन्धान विधि** २१-२३

अनुसन्धान ढाँचा २१

जनसङ्ख्या २१

नमुना छनोट प्रक्रिया २१

तथ्याङ्क सङ्कलन प्रक्रिया २२

तथ्याङ्क विश्लेषण प्रक्रिया २२

नैतिक प्रश्नको सुनिश्चितता २३

**अध्याय चार : व्याख्या विश्लेषण** २४-६९

व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशप्रति विद्यार्थीको दृष्टिकोण २४

पाठ्यक्रममा समावेश हुनुपर्ने अङ्गहरूप्रति विद्यार्थीको प्रतिक्रिया २४

पाठ्यांश शीर्षकप्रति विद्यार्थीको प्रतिक्रिया २५

परिचयप्रति विद्यार्थीको प्रतिक्रिया २६

साधारण उद्देश्यप्रति विद्यार्थीको प्रतिक्रिया २७
विशिष्ट उद्देश्यप्रति विद्यार्थीको प्रतिक्रिया २८
पाठ्यवस्तु र त्यसको वितरण तथा पाठ्य घण्टीप्रति विद्यार्थीको प्रतिक्रिया २९
कार्यकलापको पर्याप्तता, स्तरीयता र समसामयिकताप्रति विद्यार्थीको प्रतिक्रिया ३०
विद्यार्थी केन्द्रित विधिका आधारमा कार्यकलापप्रति विद्यार्थीको प्रतिक्रिया ३१
विशिष्ट शिक्षण प्रविधिमा उल्लेखित प्रविधि तथा क्रियाकलापप्रति विद्यार्थीको प्रतिक्रिया ३२
पाठ्यांशका आधारमा कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधिप्रति विद्यार्थीको प्रतिक्रिया ३३
प्रभावकारी सिकाइ उपलब्धिप्रति विद्यार्थीको प्रतिक्रिया ३४
कक्षा कोठाको प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि ३५
कक्षा कोठामा शिक्षकद्वारा गरिएको शिक्षण प्रविधिप्रति विद्यार्थीको प्रतिक्रिया ३६
हाम्रो व्यावहारिक जीवनमा यो विषयको उपयोगिताप्रति विद्यार्थीको प्रतिक्रिया ३७
पाठ्यांशमा उल्लिखित मूल्याङ्कन प्रणालीप्रति विद्यार्थीकोप्रतिक्रिया ३८
सिफारिस गरिएका पुस्तकसन्दर्भ/पुस्तकप्रति विद्यार्थीकोप्रतिक्रिया ४१
सिफारिस गरिएका सन्दर्भ सामग्रीप्रति विद्यार्थीकोप्रतिक्रिया ४२
व्यावहारिक लेखन तथा सम्पादन विषयको व्यावहारिक प्रयोग र प्रभावकारिता ४५
व्यावहारिक प्रयोग ४५
प्रभावकारिता ४५
अभिव्यक्ति लेखन ४५
अनुच्छेद लेखन ४६
व्यावहारिक लेखन ४८
प्रशासनिक लेखन ५०
कानुनी लेखन ५३
बैङ्क तथा वित्तीय कारोबारसम्बन्धी लेखन ५६

भाषा सम्पादन ५८

पाण्डुलिपि सम्पादन ५९

शिक्षण सिकाइप्रति विद्यार्थीको अनुभवसँग सम्बन्धित दृष्टिकोण ६४

**अध्याय पाँच : निष्कर्ष र उपयोगिता** ७०–७४

निष्कर्ष ७०

उपादेयता ७२

नीतिगत तह ७३

प्रयोगगत तह ७४

**सन्दर्भ सामग्री सूची** ७५

**परिशिष्ट**

**व्यक्तिवृत**

## तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका नं. १ | : | *पाठ्यक्रममा समावेश हुनुपर्ने अङ्गहरूप्रति विद्यार्थीको प्रतिक्रिया* | २४ |
| तालिका नं. २ | : | *शीर्षक स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | २५ |
| तालिका नं. ३ | : | *परिचय स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | २६ |
| तालिका नं. ४ | : | *साधारण उद्देश्य स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | २७ |
| तालिका नं. ५ | : | *विशिष्ट उद्देश्य स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | २८ |
| तालिका नं. ६ | : | *पाठ्यवस्तु र त्यसको वितरण स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | २९ |
| तालिका नं. ७ | : | *कार्यकलापको पर्याप्तता, स्तरीयता र समसामयिकता स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | ३० |
| तालिका नं. ८ | : | *विद्यार्थीकेन्द्रित विधिका आधारमा कार्यकलाप स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | ३१ |
| तालिका नं. ९ | : | *विशिष्ट शिक्षण प्रविधिमा उल्लिखित प्रविधि तथा कियाकलाप स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | ३२ |
| तालिका नं. १० | : | *पाठ्यांशका आधारमा कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधि स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | ३३ |
| तालिका नं. ११ | : | *प्रभावकारी सिकाइ उपलब्धि स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | ३४ |
| तालिका नं.१२ | : | *कक्षाकोठाको प्रयोगात्मक अभ्यास स्तम्भप्रति सन्तुष्टिप्रति विद्यार्थीको प्रतिक्रिया* | ३५ |
| तालिका नं. १३ | : | *कक्षाकोठामा शिक्षकद्वारा गरिएका शिक्षण प्रविधि स्तम्भप्रतिको सन्तुष्टिप्रति विद्यार्थीको प्रतिक्रिया* | ३६ |
| तालिका नं. १४ | : | *हाम्रो व्यावहारिक जीवनमा यो विषयको उपयोगिता स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* | ३७ |

तालिका नं. १५ : *पाठ्यांशमा उल्लिखित मूल्याङ्कन प्रणाली स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* ३९

तालिका नं. १६ : *पाठ्यांशमा उल्लिखित मूल्याङ्कनीय सन्तुलन र अङ्कभार स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* ४०

तालिका नं. १७ : *प्रयोगात्मक कार्यको आधार स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* ४०

तालिका नं. १८ : *सिफारिस गरिएका पुस्तक/सन्दर्भ पुस्तक स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* ४१

तालिका नं. १९ : *सिफारिस गरिएका सन्दर्भसामग्रीको स्तरीयता स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* ४२

तालिका नं. २० : *सिफारिस गरिएका सन्दर्भ सामग्रीको पूर्णता र सान्दर्भिकता स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया* ४३

# अध्याय एक : शोध परिचय

## अध्ययनको पृष्ठभूमि

प्रस्तुत अनुसन्धान स्नातक तहको व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीका दृष्टिकोणसँग सम्बन्धित छ । यस अनुसन्धानमा स्नातक तहको शिक्षाशास्त्र सङ्काय, डिनको कार्यालयद्वारा सञ्चालित *व्यावहारिक लेखन तथा सम्पादन* विषयको पाठ्यांश, व्यावहारिक प्रयोग र उक्त पाठ्यांश शिक्षणको उपयोगिताका सम्बन्धमा विद्यार्थीको धारणा के-कस्ता रहेका छन् भनी समीक्षा गरिएको छ ।

दैनिक उपभोग्य वस्तु खरिदगर्दा राखिने अभिलेखदेखि लिएर जग्गा, जमिन, जायजेथा, जिन्सीको क्रयविक्रयमा तयार पारिने कागजी प्रक्रियालाई नै व्यावहारिक लेखन मानिन्छ (खनिया, २०७६ पृ.२६) । प्रस्तुत पाठ्यांश शिक्षाशास्त्रमा चारवर्षे बि.एड. कार्यक्रम अन्तर्गत नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूको लागि तयार पारिएको हो । यस विषयलाई ऐच्छिक रूपमा नेपा.शि.४४६ र अनियार्य विषयका रूपमा नेपा. शि.४४९ पहिलो पटक शैक्षिक सत्र २०७६ बाट लागू गरिएको हो । यो विषय सैद्धान्तिकभन्दा पनि ज्यादा प्रायोगिक छ । विषयविज्ञ र सरोकारवालाहरूको विस्तृत छलफलपछि यस विषयलाई कार्यान्वयनमा ल्याइएको हो । यस विषयको अध्ययन र पर्याप्त अभ्यासपछि विद्यार्थीहरूले व्यावहारिक सीपका साथै भाषिक कौशल प्रयोग गरी दैनन्दिन जीवनमा आइपर्ने समस्याहरू समाधान गर्ने कुशलता अभिवृद्धि गर्न सकुन् भन्ने उद्देश्य राखिएको छ । व्यावहारिक लेखन सीपको दक्षता अभिवृद्धि गर्ने कलाको विकासका लागि यस विषयलाई स्नातक तहमा शिक्षणका लागि समावेश गरिएको छ ।

उक्त पाठ्यांशमा सैद्धान्तिक र प्रयोगात्मक (८०+२०) गरी १०० पूर्णाङ्कको विषयमा जम्मा पाठघण्टी (१५०) रहेकोमा उत्तीर्णाङ्क २५+१०=३५ राखिएको छ । उक्त पाठ्यांशमा पाठ्यविषयहरूलाई आठ एकाइमा राखिएको छ जसमा अभिव्यक्ति र यसका प्रकार, अनुच्छेद लेखन तथा व्यावहारिक लेखन, प्रशासनिक लेखन, कानुनी लेखन, बैङ्क तथा वित्तीय कारोबारसम्बन्धी लेखन र अन्त्यमा भाषा सम्पादन तथा पाण्डुलिपि सम्पादनसँग सम्बन्धित पाठ्यसामग्री छन् । उक्त सामग्रीबाट विद्यार्थीहरूले लेखन तथा सम्पादनका विविध पक्षमा भाषिक सीप आर्जन गर्न सक्षम हुने अपेक्षा गरिएको छ । प्रस्तुत अध्ययनमा उक्त विषयको पाठ्यांश के-कस्तो रहेको छ, यस विषयको व्यावहारिक प्रयोग

के-कति उपयोगी छ, उक्त विषयको स्नातक तहमा अध्ययन गर्नु र गराइनुका प्रभावकारिता के-कस्ता छन् र उक्त विषयप्रति विद्यार्थीका धारणा के-कस्ता छन् भन्नेबारे उनीहरूका अवधारणा सङ्कलन गरी विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यको शीर्षक *व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण* रहेको छ । शोधकार्य उक्त विषयको उपयोगिता तथा विद्यार्थीको प्रतिक्रिया समाविष्ट अध्ययन हो । उक्त विषयको पाठ्यांश, व्यावहारिक प्रयोग, शिक्षणको उपयोगिताका र उक्त विषयको पाठ्यांशप्रति विद्यार्थीको दृष्टिकोण पहिचानमा केन्द्रित रहेर शोधकार्य गरिएको छ । अध्ययनका क्रममा विभिन्न स्तम्भहरूलाई मापदण्ड मानेर सो अनुरूपका विद्यार्थीहरूको प्रतिक्रिया निर्क्योल गरिएको छ । अध्ययन अनुसन्धानमा पाठ्यांशसँग सम्बन्धित अन्य अप्रकाशित शोधपत्र (अधिकारी, २०७७), (कुंवर, २०७७), प्रकाशित अनुसन्धान लेख (भट्ट, २०२०), खनाल (२०२१) मा अध्ययन अनुसन्धान भएको पाइयो । स्नातक तह चौथो वर्षमा लागू गरिएको यो विषय सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले उपयोगी छ । हालसम्म यस विषय र शीर्षकमा अनुसन्धान नभएको हुनाले मेरो अध्ययनमा यो शीर्षक छनोट भएको हो ।

**समस्या कथन**

प्रस्तुत शोधकार्य स्नातक तहको चौथो वर्षमा समावेश गरिएको *व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण* शीर्षकमा केन्द्रित छ । कुनै पनि शैक्षिक तहमा राखिएका पाठ्यांश उपयोगी र सान्दर्भिक हुनु आवश्यक छ । स्नातक तहमा समावेश यो विषय सैद्धान्तिक र प्रयोगात्मक प्रकृतिको देखिन्छ ।

स्नातक तह चौथो वर्षमा १०० पूर्णाङ्कको अनिवार्य पाठ्यांशका रूपमा यस विषयलाई राखिएको छ । सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिले यो विषय उपयोगी हुनुका साथै यस विषयसँग सम्बन्धित केही लेख रचनाहरू प्रकाशित भए पनि यही शीर्षकमा अनुसन्धान भएको पाइँदैन । तसर्थ, प्रस्तुत शोधकार्यमा स्नातक तहको *व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण* शीर्षकमा उक्त विषयको पाठ्यांश, व्यावहारिक प्रयोग, शिक्षणको उपयोगिता तथा प्रभावकारिताका साथै उक्त विषयप्रति विद्यार्थीको प्रतिक्रिया अध्ययन गर्नु यस शोधको मुख्य समस्या रहेको छ ।

**उद्देश्य**

प्रस्तुत अनुसन्धानका उद्देश्य देहाय बमोजिम छन् :

क. व्यावहारिक लेखन तथा सम्पादन विषयको पाठ्यांशप्रति विद्यार्थीको विचार पत्ता लगाउनु,

ख. कक्षा कोठामा गरिने उक्त विषयको व्यावहारिक प्रयोग र प्रभावकारिता पत्ता लगाउनु,

ग. शिक्षण सिकाइप्रति विद्यार्थीको अनुभव पत्ता लगाउनु ।

**अध्ययनको औचित्य**

प्रस्तुत शोधपत्र स्नातक तहको 'व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण'सँग सम्बन्धित छ । चार वर्षे बि.एड. कार्यक्रम अन्तर्गत नेपाली विषयमा विशिष्टीकरण गर्न चाहने विद्यार्थीहरूका लागि तयार पारिएको हो । जसले दैनिक जीवनदेखि हरेक पेसा, क्षेत्र, कार्यालय र निर्णयमा काम गर्ने/गराउनेको लागि वा सेवाग्राही तथा सेवा प्रदायक वर्गका लागि निकै महत्त्वपूर्ण भूमिका खेल्दछ । पटक पटकको प्रयोगात्मक अभ्यासपछि एउटा व्यक्तिले आफैँलाई आवश्यक पर्ने लिखत आफैँले लेख्नसक्ने क्षमता विकासको उद्देश्यले पाठ्यांश निर्माण गरिएको छ । यस शीर्षकमा पूर्ववर्ती अध्येताहरूबाट अनुसन्धान नभएको हुनाले व्यावहारिक लेखन तथा सम्पादन विषयको पाठ्यांशप्रति विद्यार्थीको विचार पत्ता लगाई त्यसका आधारमा कक्षा कोठामा गरिने व्यावहारिक प्रयोग र प्रभावकारिता पत्ता लगाउनुका साथै उक्त पाठ्यांशको अध्ययन विश्लेषण तथा मूल्याङ्कन गर्ने सुव्यवस्थित कार्यको खोजी गरिएकाले यो अनुसन्धान औचित्यपूर्ण छ ।

**अध्ययनको परिसीमा**

यस शोधकार्यलाई निम्न अनुसार परिसीमन गरिएको छ :

क. प्रस्तुत शोधपत्र स्नातक तहको व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीका दृष्टिकोणमा सीमित रहेको छ ।

ख. पहिलो उद्देश्य पाठ्यांशप्रति विद्यार्थीका दृष्टिकोणसँग सम्बन्धित छ भने दोस्रो र तेस्रो उद्देश्य शिक्षण सिकाइको व्यावहारिक पक्षसँग सम्बन्धित छन् ।

प्रस्तुत शोधपत्र काठमाडौं उपत्यकाभित्रका चारवटा क्याम्पसका ४२ जना विद्यार्थीमा सीमित रहेको छ ।

**प्रमुख पारिभाषिक शब्दावली**

यस शोधपत्रमा प्रयोग गरिएका केही मुख्य पारिभाषिक शब्दावली र तिनको अर्थ तथा परिभाषालाई तल प्रस्तुत गरिएको छ जसले गर्दा यसको बुझाइमा हुने त्रुटिबाट बच्न सहयोग पुग्दछ ।

**व्यावहारिक लेखन** : दैनिक उपभोग्य वस्तु खरिद गर्दा राखिने अभिलेखदेखि लिएर जग्गा, जमिन, जायजेथा, जिन्सीको क्रयविक्रयमा तयार पारिने कागजी प्रक्रिया ।

**सम्पादन** : कुनै पनि लिखित तथा मौखिक सामग्रीहरू प्रस्तुतयोग्य बनाउन अथवा कुनै पत्रपत्रिका वा ग्रन्थका विषयहरूको विषयक्रम पाठ आदि ठीकसित मिलाई आवश्यक परिवर्तन, परिवर्धन, थपघट, भाष्य, टीका आदि सबै ठीक रूपमा तयार गर्ने काम ।

**स्नातक तह** : प्रवीणता प्रमाण पत्र (१०+२) तह उत्तीर्ण भएपश्चात् त्रिभुवन विश्वविद्यालयमा सञ्चालित चारवर्षे शैक्षिक कार्यक्रम वा तह ।

**पाठ्यांश** : चारवर्षे स्नातक तहको चौथो वर्षका लागि डिन कार्यालय अन्तर्गत विषय समितिले तयार पारेको पाठ्यांश वा पाठ्यसूची ।

**विद्यार्थी** : नियमित रूपले विद्याको आर्जनमा लागिरहने, शिक्षण संस्थामा अध्ययनरत व्यक्ति वा सरोकारवाला ।

**शोधपत्रको रूपरेखा**

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा

अध्याय तीन : अनुसन्धान विधि

अध्याय चार : व्याख्या विश्लेषण

अध्याय पाँच : निष्कर्ष र उपयोगिता

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत

# अध्याय दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## पूर्वकार्यको पुनरावलोकन

प्रस्तुत अनुसन्धानमा प्रस्तुत शीर्षकसँग सम्बन्धित सैद्धान्तिक र प्रयोगात्मक अध्ययन आधिकारिक कार्यको आवश्यकता अनुसार समीक्षा प्रस्तुत गरिएको छ। कालक्रमिक रूपमा पूर्वकार्यको पुनरावलोकन संक्षेपमा प्रस्तुत गरिएको छ :

### सैद्धान्तिक कार्यको पुनरावलोकन

भण्डारी, गौतम, ओझा, (२०६९) द्वारा लिखित *स्नातक नेपाली* मा व्यावहारिक लेखनको परिचय, प्रकार र केही नमुनासहित व्यावहारिक लेखनको व्याख्या विश्लेणण गरिएको छ। व्यावहारिक लेखन अन्तर्गत पर्ने विज्ञापन लेखन, चिठी लेखनमा सम्पादकलाई चिठी, शुभकामना, बधाई, समवेदनालगायत व्यक्तिवृत्तको सामान्य चर्चाका साथमा तिनका नमुनाहरू प्रस्तुत गरिएको छ। व्यावहारिक लेखनसँग सम्बन्धित सामान्य सीपहरू विद्यार्थीले यसपूर्व नै हासिल गरिसकेका हुन्छन्। यस तहमा आएर तिनको स्तरीकरण र विशिष्ट सीप हासिल गराउने उद्देश्य रहेको उल्लेख गरिएको छ। यस तहमा आएका विद्यार्थीहरूलाई कार्यालय र व्यावसायिक संस्थासम्बन्धी पत्र रचनाको सीप प्रदान गरिन्छ। त्यसैगरी पत्रपत्रिकामा समावेश हुने समसामयिक, विषय, घटना आदिबारे गुनासा, स्पस्टीकरण, खण्डन, सुझाव आदि विचार र चिन्तनका दृष्टिले विशिष्ट भाषिक लेखन सीपको विकासका लागि सम्पादकलाई पत्रहरू लेख्ने सीप विकासका लेखहरू समावेश गरिएको छ भनी व्याख्या विश्लेषण गरिएको छ। यस कार्यबाट प्रस्तुत शोधपत्र लेखनका क्रममा व्यावहारिक लेखनका बारेमा सैद्धान्तिक अवधारणाको जानकारी लिन महत्त्वपूर्ण सहयोग भएको छ (पृ.पृ.४१२-४१६)।

अधिकारी, गौतम, ढुङ्गेल (२०७५) द्वारा लिखित *व्यावहारिक लेखन तथा सम्पादन* पुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेका पाठ्यशीर्षक सम्वद्ध अभिव्यक्ति र यसका प्रकार अनुच्छेद लेखन, व्यावहारिक लेखन, कानुनी लेखन, बैङ्क तथा वित्तीय कारोवारसम्बन्धी लेखन र अन्त्यमा भाषा सम्पादन तथा पाण्डुलिपि सम्पादन जस्ता पाठ्य सामग्रीहरू समावेश छन्। उक्त सामग्रीहरूको अध्ययनले विद्यार्थीहरूको व्यावहारिक लेखनका विविध पक्षका साथै सम्पादनका विषयमा समेत भाषिक तथा प्रयोजनपरक सीप आर्जन गर्न सकुन् भन्ने ध्येय राखिएको छ। आवश्यकता अनुसार नमुना सामग्रीसमेत समावेश गरिएका छन्।

उक्त पुस्तकको अध्ययनले निर्दिष्ट शोधपत्र लेखनका क्रममा सैद्धान्तिक अवधारणाको आधार तयार पार्न सहयोग प्राप्त भएको छ ।

खनिया र अधिकारी (२०७६) द्वारा लिखित *व्यावहारिक लेखन तथा सम्पादनमा व्यावहारिक* लेखनका बारेमा आठवटा एकाइमा व्यवस्थित गरेर पाठ्यांशको उद्देश्य पूरा गर्ने किसिमले पुस्तक तयार पारिएको छ । यस पुस्तकमा सैद्धान्तिकभन्दा पनि व्यावहारिक प्रयोगलाई महत्त्व दिएर विस्तृत विवेचना गरिएको छ । यो पुस्तक हरेक पेसा, क्षेत्र, कार्यालय र निकायमा काम गर्ने गराउनेहरू (सेवा प्रदायक तथा सेवाग्राही) दुवै वर्गका लागि उपयोगी छ । एउटा व्यक्तिले आफूलाई आवश्यक पर्ने लिखत आफैँले लेख्न सक्ने उद्देश्यका साथ पाठ्यांश निर्माण गरिएको छ । यसमा सामान्य लेखनदेखि व्यावहारिक, प्रयोजनपरक, प्राज्ञिक/बौद्धिक, सिर्जनात्मक लेखन, साहित्यिक र साहित्येत्तर लेखन, सम्पादनात्मक लेखन रहेका छन् । पुस्तकमा अभिव्यक्ति, अनुच्छेद लेखन, व्यावहारिक लेखन, प्रशासनिक लेखन, कानुनी लेखन, बैङ्क तथा वित्तीय कारोबार, भाषा सम्पादन, पाण्डुलिपिको सम्पादनलाई समेटिएको छ । यो पुस्तक पनि व्यावहारिक लेखन तथा सम्पादनबारे सैद्धान्तिक अवधारणाको जानकारी लिन महत्त्वपूर्ण सावित भएको छ । प्रशस्त नमुनासहित उल्लेख गरिएकाले यो शोधपत्र तयार पार्ने क्रममा व्यावहारिक लेखन तथा सम्पादनका बारेमा प्रायोगिक रूपमै बुझ्न सहयोग भएको छ ।

भण्डारी (२०७७ )द्वारा लिखित *प्राज्ञिक लेखन तथा सम्पादन* पुस्तकमा दुई प्रकारले सामग्री समावेश गरिएको छ । पहिलो लेखनमा विभिन्न सन्दर्भसँग सम्बन्धित लेखन कलाको लिखित, मौखिक अभिव्यक्ति, सिर्जनात्मक, प्राज्ञिक/बौद्धिक, सम्पादनात्मक, संसक्ति, सङ्कथनहरू, अभिलेख, पुस्तक समीक्षा, व्याख्यानपत्र टिपोट, भूमिका लेखन, सम्पादकीय, प्रतिवेदन, अध्ययन पत्र, लेख समीक्षा, गोष्ठीपत्र, शोधसार, अनुसन्धान लेख र अनुसन्धान प्रस्ताव लेखनका बारेमा सैद्धान्तिक विश्लेषणका साथै उदाहरणसहित तिनका सामग्री प्रस्तुत गरिएको छ (अधिकारी र अन्य २०७७, पृ.११-५०) । पछिल्लो खण्डमा भाषिक सम्पादन कलाका बारेमा विशेष चर्चा गरिएको छ । उक्त पुस्तकमा लेखन कलाका विविध पक्षका साथै भाषिक सम्पादन कलाका परिचय, आवश्यकता र प्रयोजन, सम्पादनका महत्त्वपूर्ण पक्ष, भाषा संशोधन, सम्पादनका प्रकार, तहहरू, पाण्डुलिपिको संरचना आदिका बारेमा विस्तृत चर्चा गरिएको छ (पृं १५१-२११) । सम्पादन कलाका बारेमा आवश्यकताअनुसार नमुनाहरू

पनि समावेश गरिएको छ । शोधपत्र लेखनका क्रममा सैद्धान्तिक अवधारणा र नमुनाहरूका बारेमा जानकारी लिन यसलाई महत्त्वपूर्ण सामग्री मानिएको छ ।

**प्रायोगिक कार्यको पुनरावलोकन**

खनाल, (२०२१) द्वारा *आन्तरिक मूल्याङ्कनमा परीक्षणका प्रमुख गुणप्रति सरोकारवालाको दृष्टिकोण*सँग सम्बन्धित रहेर अध्ययन गरिएको छ । प्रस्तुत लेख सर्वेक्षणात्मक अध्ययन विधिमा आधारित भएर तयार गरिएको छ । उक्त अध्ययनका क्रममा उद्देश्यमूलक नमुना छनोट प्रक्रियामा रहेर स्नातकोत्तर तहमा अध्ययनरत १०० विद्यार्थी र स्नातकोत्तर तहमा अध्यापनरत २५ शिक्षकलाई नमुनाको रूपमा लिएको  छ । अध्ययनका क्रममा 'सेमेस्टर प्रणालीमा आन्तरिक मूल्याङ्कन विश्वसनीय छ' भन्नेमा ४२ शिक्षार्थी र ४८ प्रतिशत शिक्षक मात्र सकारात्मक देखिएकाले सन्तुष्टिको स्तर कमजोर रहेको देखिएको छ । 'स्नातकोत्तर तहको आन्तरिक मूल्याङ्कनको वैधता छ' भन्ने कथनमा ३८ प्रतिशत विद्यार्थी र ३६ प्रतिशत शिक्षक मात्र सकारात्मक रहेकाले आन्तरिक मूल्याङ्कनको औचित्यमै प्रश्न उठेको छ । यसबाट प्राप्त परिणामका आधारमा आन्तरिक मूल्याङ्कनमा विश्वसनीयता र वैधता नरहेको निष्कर्ष निकालिएको छ ।

भट्ट (२०२०) ले *चारवर्षे बी. एड. तहको नेपाली पाठ्यांशप्रति विद्यार्थीका धारणा*सँग सम्बन्धित रहेर अनुसन्धान लेख तयार पार्नुभएको छ । उक्त अनुसन्धानपत्रमा तथ्याङ्कको सङ्कलन, वर्गीकरण र विश्लेषणका लागि परिमाणात्मक अनुसन्धान ढाँचाको अनुप्रयोग गरिएको छ । यस अध्ययनका लागि सम्भावनायुक्त नमुना छनोट पद्धतिको अनुशासनमा रही स्नातक तहमा अध्ययनरत ३० जना विद्यार्थीहरूलाई नमुना छनोटमा समावेश गरिएको छ । सामग्रीहरू सर्वेक्षणात्मक विधि तथा पुस्तकालयीय स्रोतबाट सङ्कलन गरिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई वर्णनात्मक र विश्लेषणत्मक विधिबाट अध्ययन, व्याख्या, विश्लेषण गरिएको छ । विद्यार्थीको प्रतिक्रिया लिँदा निर्दिष्ट पाठ्यांशका प्रत्येक स्तम्भलाई प्रतिनिधित्व हुने गरी प्रतिमान उच्च, मध्य तथा निम्न के-कस्तो रहेको छ भनी रूजुसूची ढाँचा तयार गरिएको छ । अध्ययनबाट प्राप्त तथ्याङ्कहरूलाई प्रतिशताङ्क विधिबाट व्याख्या गरी आवश्यकतानुसार प्राप्त तथ्याङ्कको तालिकीकरण गरिएको छ । पाठ्यांशप्रति विद्यार्थीको प्रतिक्रियाको समिश्रण गर्ने क्रममा केही नयाँ तथ्य पत्ता लागेको दावी गरिएको छ । निर्दिष्ट पाठ्यांशका कतिपय स्तम्भगत सूचनाहरू उपयुक्त तथा कतिपय कमजोर

रहेको तथ्य प्राप्त भएको पाइएको छ । प्रस्तुत अध्ययनबाट सरोकारवालालाई अपेक्षित सहयोग मिल्ने विश्वास अध्येताको तर्फबाट लिइएको छ ।

अधिकारी (२०७७) ले स्नातक तहको शिक्षण अभ्यास पाठ्यांशको विश्लेषण र सरोकारवालाहरूको प्रतिक्रियासँग सम्बन्धित शोध गर्नुभएको छ । उक्त शोधपत्रमा शिक्षण अभ्यास पाठ्यांशका तत्त्वहरू शीर्षक र संरचना, परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य र कार्यकलाप, मूल्याङ्कन प्रक्रिया र सिफारिस गरिएका सन्दर्भ सामग्री आदिका आधारमा विश्लेषण गरिएको छ । उक्त शोधपत्रमा शिक्षण अभ्यास पाठ्यांशको तत्त्वगत विश्लेषण गर्नुका साथै त्यस विषयप्रति सरोकारवालाहरूको प्रतिक्रियालाई विश्लेषण गर्ने उद्देश्य राखिएको छ । शोधपत्र तयारीका क्रममा गुणात्मक र परिमाणात्मक गरी मिश्रित अनुसन्धान ढाँचाको अनुप्रयोग गरिएको छ । शिक्षण अभ्यासको तत्त्वगत विवेचना गर्दा आगमनात्मक पद्धति र गुणात्मक अनुसन्धान ढाँचा तथा सरोकारवालाहरूको प्रतिक्रियाको विश्लेषणका क्रममा निगमनात्मक पद्धति र परिमाणात्मक अनुसन्धान ढाँचाको अनुशीलन गरिएको छ । शोधकार्य तयारीका क्रममा पुस्तकालयीय र सर्वेक्षण विधि प्रयोग गरी प्राथमिक तथा द्वितीयक दुवै स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । नमुनाका रूपमा दुईवटा शिक्षाशास्त्र क्याम्पस, ३० जना शिक्षकहरू र २५ विद्यार्थीहरूलाई छनोट गरी पाठ्यांशप्रतिको धारणा बुझ्ने ध्येय राखी ५ वटा खुल्ला प्रकृतिका प्रश्न भर्न लगाइएको छ । प्राप्त तथ्याङ्कलाई प्रतिशतमा लगी सूक्ष्म रूपमा विश्लेषण गरिएको छ । पाठ्यांशप्रति विद्यार्थीको प्रतिक्रिया विश्लेषण गर्ने क्रममा केही नवीन तथ्य पत्ता लागेको उल्लेख गरिएको छ । उक्त पाठ्यांशका कतिपय स्तम्भगत सूचनाहरू उपयुक्त छन् भने कतिपय स्तम्भगत सूचनाहरू कमजोर रहेको तथ्य प्राप्त भएको छ । पाठ्यांशप्रतिका दृष्टिकोण निर्क्योल गर्दा उक्त पाठ्यांशमा समावेश गरिएका अन्तरवस्तु एकआपसमा अन्तर आवद्ध रहेको, शिक्षण अभ्यास पाठ्यांशमा समावेश गरिएका कार्यकलापहरू समयसापेक्ष भएपनि व्यावहारिक पक्ष भने फितलो रहेको निष्कर्ष छ । मूल्याङ्कन प्रक्रियामा केही सीमितता रहेको अध्ययनबाट निष्कर्ष निकालिएको छ । उक्त अध्ययनबाट सम्वद्ध सरोकारवालालाई अपेक्षित सहयोग मिल्ने अध्येताको तर्फबाट विश्वास लिएको पाइन्छ ।

कुँवर (२०७७) ले *स्नातक नेपाली पाठ्यांशको विश्लेषण* गर्नुभएको छ । उक्त शोधपत्र स्नातक तहको नेपाली पाठ्यांशको अध्ययन, संरचनागत विश्लेषण र उक्त पाठ्यांशप्रति सरोकारवालाहरूको प्रतिक्रिया पहिचान गर्नुलाई उद्देश्यका रूपमा लिएर

अध्ययन विश्लेषण गरिएको छ । उक्त पाठ्यांशको विश्लेषणका लागि अवधारणात्मक खाका प्रयोग गरिएको छ । शोधपत्र तयारीका क्रममा गुणात्मक र परिमाणात्मक अनुसन्धान ढाँचालाई मिश्रित रूपमा अनुप्रयोग गरिएको छ । नेपाली पाठ्यांशको तत्त्वगत संरचनात्मक पक्षको व्याख्या, वर्णन एवं विश्लेषणका लागि गुणात्मक अनुसन्धान ढाँचा उपयोग गरिएको छ । उक्त शोधमा सरोकारवालाहरूको प्रतिक्रिया लिँदा प्रत्येक स्तम्भअन्तर्गत प्रतिमानहरू निर्माण गरी निर्मित प्रतिमानहरू उच्च, मध्यम तथा निम्न के-कस्तो रहेको छ भनी रूजुसूचीबाट प्राप्त परिणामको संख्यात्मक तथ्याङ्कलाई प्रस्तुत गर्नका लागि परिणामात्मक अनुसन्धान ढाँचाको अनुशीलन गरिएको छ । परिमाणत्मक र गुणात्मक दुवै पद्धति प्रयोग गरिएकाले अनुसन्धान बलियो र प्रमाणिक हुन सहयोग पुगेको उल्लेख छ । नमुना छनोटका लागि सानोठिमी क्याम्पस र महेन्द्ररत्न क्याम्पसका ४० जनालाई जनसंख्याका रूपमा लिइएको छ । त्यसमध्ये १८ जना विषय शिक्षक र २० जना विद्यार्थीको प्रतिक्रिया प्राप्त भएको जनाइएको छ । तथ्याङ्क सङ्कलनका निमित्त नमुना छनोटका गरिएका शिक्षकलाई ५ वटा खुल्ला प्रश्नावली र पाठ्यांशको संरचनागत पक्षको स्तरीयता मापनका लागि ४२ वटा प्रतिमान सहितको रूजुसूची निर्माण गरी गरिएको छ । नेपाली पाठ्यांशप्रतिको दृष्टिकोण सङ्कलनका लागि ४२ वटा बन्द प्रश्नावली प्रमुख साधनका रूपमा उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । उक्त प्रतिक्रियालाई वर्णनात्मक, विश्लेषणात्मक तथा तथ्याङ्क शास्त्रीय विधिद्वारा अध्ययन र विश्लेषण गरिएको छ । प्राप्त परिणामको व्याख्या गर्दा निकालिएका निष्कर्षमा पाठ्यांशमा केही सुधार गर्नुपर्ने देखिन्छ । अनुसन्धानका क्रममा सबै पाठ्यांश समसामयिक र पाठ्यविषय अनुकूल रहेको तथा सन्दर्भ सामग्रीलाई पनि सबल रूपमा प्रस्तुत गरिएको पाइन्छ । उक्त पाठ्यांशको कार्यान्वयन पक्षलाई वैज्ञानिक र परिपूर्ण बनाउनुपर्ने, अनिवार्य रूपमा पाठ्यांश लागू गर्नुपर्ने प्रतिक्रिया प्राप्त भएको देखिन्छ । उक्त अध्ययनमा स्नातक तहको पाठ्यांशको समग्र संरचना मध्यम रहेको निष्कर्ष निकालिएको छ । शोधपत्रको परिशिष्टमा खुल्ला एवम् बन्द प्रश्नावलीका नमुना समावेश गरिएको छ ।

यसरी माथि प्रस्तुत गरिएको विविध अवधारणा तथा लेखहरूको अध्ययनबाट विद्यार्थीको दृष्टिकोणमा स्नातक तहको व्यावहारिक लेखन तथा सम्पादन विषयमा केन्द्रित नभई पाठ्यांश र पाठ्यपुस्तकसँग सम्बन्धित पक्षहरूमा मात्र खोजी गरिएको पाइयो । शोध प्रस्ताव लेखनका क्रममा अध्ययन-अनुसन्धान भैसकेका विषयवस्तुहरूको पनि समग्र

मूल्याङ्कन नगरिएको पाइयो । यस विषयको पाठ्यक्रम, पाठ्यांशका साथ-साथै कक्षा कोठामा गरिने व्यावहारिक प्रयोग र प्रभावकारिता, शिक्षणको उपयोगिता, शिक्षण सिकाइ क्रियाकलापमा परेको प्रभावकारिताको अध्ययन तथा शिक्षण सिकाइप्रति विद्यार्थीको अनुभव पत्ता लगाउनमा सम्भवतः आजसम्म शोध तयार भएको पाइदैन ।

**सैद्धान्तिक परिचय**

**व्यावहारिक लेखन** : 'व्यावहारिक' शब्दको अर्थ व्यवहारमा चल्ने वा चलेको वा व्यवहार जान्ने, सिपालु भन्ने हुन्छ । लेखनले लेखन कलालाई बुझाउँछ । व्यावाहिरक लेखनमा भाषाको प्रयोजनपरक भेदको प्रयोग हुने हुनाले यस्ता लेखनका ढाँचा फरक-फरक हुन सक्छन् । व्यावहारिक लेखन विशिष्ट प्रकृतिको हुन्छ । अतः मानिसका दैनन्दिन व्यवहारमा आवश्यक पर्ने कागजातहरूको लेखन सीप नै व्यावहारिक लेखन अन्तर्गत पर्दछन् । यस्तो लेखनमा लेखनको प्रकृति अनुसार निश्चित प्रकारका प्राविधिक एवं पारिभाषिक शब्दावलीहरूको प्रयोग हुन्छ । व्यावहारिक लेखन अन्तर्गत चिठी, भर्पाइ, मञ्जुरीनामा, निर्णयपुस्तिका लेखन, व्यक्तिगत विवरण, बधाई, शुभकामना, समवेदना, श्रद्धाञ्जली, आदि लेख्ने कला वा सीप नै यथार्थमा व्यावहारिक लेखन हो (अधिकारी, गौतम, ढुङ्गेल, २०७५ पृ.४)। व्यावहारिक कार्य सम्पादन गर्ने क्रममा औपचारिक तथा अनौपचारिक भाषाको प्रयोग गरिन्छ । प्रस्तुत व्यावहारिक लेखन तथा सम्पादन विषय त्रि.वि.द्वारा स्वीकृत चारवर्षे बिएडको चौथो वर्षको ऐच्छिक नेपाली ४४६ र अनिवार्य ४४९ विषयको नयाँ पाठ्यक्रम २०७४ मा आधारित पुस्तक हो । विषयविज्ञ र सरोकारवालाहरूको विस्तृत छलफलपछि यस विषयलाई कार्यान्वयनमा ल्याइएको हो । यस विषयको शिक्षणपश्चात् विद्यार्थीहरूले पर्याप्त अभ्यासगरी व्यावहारिक सीपको कशुलता अभिवृद्धि गर्न सकुन् भन्ने उद्देश्य राखिएको छ । यसरी दैनिक जीवनमा आइपर्ने विविध किसिमका कार्य सम्पादनको लागि आवश्यक पर्ने कागजातहरूको तयारी गर्ने क्रममा प्रयोग हुने भाषाको प्रयोजनपरक भेद अन्तर्गतको लेखनसीप नै व्यावहारिक लेखन हो ।

**सम्पादन** : सम्पादन भनेको कुनै पनि लिखित तथा मौखिक सामग्रीलाई प्रस्तुत योग्य बनाउनु हो । व्यक्त भएको विचारलाई मिलाएर भन्ने र त्यो भावलाई सकुशल व्यक्त गर्ने कला सम्पादन हो । व्यक्त गरिएका विचारमा भाव वा विचार पक्षहरूका केन्द्रमा रहेर त्यसको प्रस्तुतिमा सन्तुलन कायम गर्दै संयोजन गर्ने कला हो । प्रकाशित सामग्री वर्ण विन्यास, शव्द चयन, वाक्य गठन र तिनको अन्विन्ति र विषयवस्तुका दृष्टिले परिष्कृत

हुनुपर्दछ । कुनै समाचार, पत्रपत्रिका, पुस्तकलेखन, लेख रचना, ग्रन्थ, कार्यक्रम प्रतिवेदन, अभिलेख, विवरण पुस्तक शोध आदि सामग्रीमा व्यक्त हुने वा भएका विचार वा भावको समन्वयनपूर्ण मेल वा सङ्गतिपूर्ण मेल नै सम्पादन हो (अधिकारी, गौतम, ढुङ्गेल २०७५ पृ.१५३) । जुन सामग्री प्रकाशन गर्न खोजिएको छ त्यसको मूलभाव नविग्रने गरी लेखकको आशय नखज्मजिनेगरी आवश्यकतानुसार थपघटसमेतका आधारमा आवश्यक संशोधन, परिवर्तन तथा परिवर्द्धन गरी प्रकाशनयोग्य बनाइन्छ । सम्पादन एक प्रकारको प्राविधिक विषयका साथै भाषिक कला पनि हो । यसका लागि पर्याप्त पूर्वाभ्यास तथा विषयगत ज्ञानका साथै सम्बन्धित भाषाका व्याकरणको गहिरो सुझबुझ हुनुपर्दछ । विचारमा स्पष्टता, शैलीमा परिष्कार र भाषिक शुध्दता आदि कुशल सम्पादकका विशेषता हुन् । स्तरीय र उत्कृष्ट लेखनको ढाँचा नै उत्कृष्ट र स्तरीय सम्पादन मानिन्छ । कुनै पनि व्यक्तिको लेख, रचना, सिर्जना वा अभिव्यक्ति सार्वजनिक नभएसम्म आफ्नो निजी हुन्छ । त्यसैलाई जब बाहिर ल्याइन्छ तब त्यो एकहदसम्म साझा बन्न पुग्छ । कृति साझा भएसँगै त्यसले व्यक्त गरेको विचार पनि साझा बन्न सक्यो भने उक्त कृतिको ओज अझै राम्ररी स्थापित हुन पुग्दछ । त्यसैले कुनै पनि लेख वा कृतिमा विषयवस्तुलाई सक्दो शिष्ट र मर्यादित भाषामा सरल र सुन्दर ढङ्गले प्रस्तुत गरिएको हुनुपर्दछ ।

कुनै पत्रपत्रिका वा ग्रन्थका विषयहरूको विषयक्रम, पाठ आदिलाई ठीकसँग मिलाई आवश्यक परिवर्तन, थपघट, भाष्य, टीका जस्ता सबै ठीक रूपमा तन्दुरुस्त गर्नुलाई सम्पादन भनिएको छ (नेपाली बृहत शब्दकोश २०४०) । त्यसैले सम्पादनलाई लेखकीय प्रक्रियाकै रूपमा लिइन्छ । अतः कुनै पनि लेख्य सामग्रीलाई त्रुटि हटाउन, एकरूपता कायम गर्न, विश्वसनीयता र वैध बनाउन, बोधगम्य बनाउन, प्रष्ट र प्रभावकारी बनाउन, स्तरीय बनाउन, विषयवस्तुको तादाम्य मिलाउन, छोटो छरितो आकर्षक र सार्थक, उपयुक्त, सान्दर्भिक एवं स्वीकार्य बनाउन सम्पादन गरिन्छ (खनिया र अधिकारी, २०७६ पृ. १३०)।

**पाठ्यक्रम** : पाठ्यक्रम शिक्षण सिकाइको व्यवस्थित र व्यापक शैक्षणिक योजना हो । यसभित्र राष्ट्रिय उद्देश्यदेखि तहगत, कक्षागत, विषयगत, विषयवस्तु र त्यसको क्षेत्र र क्रम, विषयवस्तु अनुरूपको समयभार र अङ्कभार, शिक्षणप्रक्रिया र मूल्याङ्कन प्रक्रिया जस्ता स्तम्भ राखिएका हुन्छन् । कुनैपनि औपचारिक वा अनौपचारिक शिक्षण सिकाइ गतिविधि सञ्चालन गर्ने एउटा सुव्यवस्थित योजना, दर्शन र कार्यक्रम हो पाठ्यक्रम(पौडेल २०६९ पृ.१०) । यो विधागत, तहगत र कक्षागत दृष्टिले बेग्लाबेग्लै हुन्छ । यसमा विविध

सूचनामूलक सामग्रीहरू आवश्यकताअनुसार समावेश गरिएका हुन्छन् । सम्बन्धित विषय शिक्षणको आवश्यकता विश्लेषण गरेर मात्र शिक्षाविद्, विषयविज्ञ, विषयशिक्षक, अभिभावक आदि समेतको सहभागिता र विचारपश्चात् पाठ्यक्रम तयार पारिएको हुन्छ ।

पाठ्यक्रम निर्माण तथा विकासका लागि निश्चित प्रक्रियाहरू अवलम्बन गर्नुपर्ने हुन्छ । राष्ट्रिय लगानी, प्रक्रिया र प्रतिफल आदि सबैलाई समेटेर राष्ट्रिय अन्तराष्ट्रिय परिस्थिति, राजनीतिक, सामाजिक, सांस्कृतिक, धार्मिक, वैज्ञानिक आदि वस्तुस्थिति, सिकाइ सिद्धान्त, शिक्षण पद्धति र विविध नवीन खोज, अन्वेषण र आविष्कार तथा दार्शनिक, व्यावहारिक सन्दर्भ आदि विविध पक्षहरूको विश्लेषण र सार समष्टिका आधारमा पाठ्यक्रमको निर्माण गरिन्छ । आवश्यकताको पहिचान, उद्देश्यको छनोट, शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया आदि निश्चित प्रक्रियाका आधारमा पाठ्यक्रम निर्माण गरिन्छ । सही किसिमको पाठ्यक्रम निर्माण हुन सकेन भने यसले विद्यार्थीको भविष्य विगार्नुका साथै राष्ट्रको ठूलो लगानी बर्बाद हुन जान्छ । पाठ्यक्रम विकास प्रक्रियामा पाठ्यक्रम निर्माता सचेत हुनुपर्दछ । यसै सैद्धान्तिक अवधारणको आधारमा शोधपत्र लेखनका क्रममा पाठ्यक्रमको अध्ययन विश्लेषण गरिएको छ ।

**पाठ्यांश** : पाठ्यांश पाठ्यक्रमको आंशिक तर महत्त्वपूर्ण अङ्ग हो । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य र तिनको परिपूर्तिका लागि तय गरिएका विषयवस्तु वा पाठ्यसूची अनुरूप विषयवस्तुलाई विद्यार्थीहरूको स्तर, रूचि, क्षमता र सिकाइ प्रवृत्ति अनुरूप ढालेर विभिन्न विधाका रूपमा परिणत गरी सीमाङ्कन गर्ने र व्यावहारिक प्रस्तुति दिने काम पाठ्यांशले गर्दछ । सिकाइको विस्तृत योजना नै पाठ्यांश हो (पौडेल २०६९ पृ. ११ ) । पाठ्यक्रमका मर्म र भावनाहरूलाई आत्मसात् गरी त्यसमा निर्धारित वा निर्देशित शिक्षण प्रक्रिया अनुरूप स्तरयुक्त पठन अभ्यास सामग्री प्रस्तुत गर्नु पाठ्यांशको महत्त्वपूर्ण कार्य हो । पाठ्यक्रम र पाठ्यसूचीका विषयवस्तु र सामग्रीलाई आधिकारिक रूपमा विस्तृतीकरण र सीमाङ्कन गर्ने अनि अपेक्षित भाषिक कार्यकलापका निम्ति स्तरयुक्त योग्यता प्रदान गर्ने महत्त्वपूर्ण भूमिका पाठ्यांशले खेलेको हुन्छ । विद्यार्थीका सिकाइ अनुभवलाई प्रभावकारी बनाएर शिक्षाका उद्देश्य प्राप्तिका लागि तयार पारिएको दस्तावेज अर्थात् बृहत्, व्यापक दार्शनिक योजना नै पाठ्यक्रम हो । भाषिक सीप अनुरूपका विषयवस्तुलाई शिक्षणीय योग्यता प्रदान गरेर शिक्षण र मूल्याङ्कनका आधिकारिक र व्यवस्थित कार्यकलाप सञ्चालन गर्नमा पाठ्यांशको महत्त्वपूर्ण सहयोग हुन्छ) ।

यसरी पाठ्यक्रम एक बृहत् कार्यक्रम वा योजना भएकोले पाठ्यसूची र पाठ्यांश पाठ्यक्रमकै पूरक अथवा सहयोगी अङ्गका रूपमा रहेका हुन्छन् । पाठ्यक्रम मूलतः सिद्धान्त र दार्शनिकतामा अडिएको हुन्छ, त्यसलाई शिक्षणीय व्यावहारिकतामा ढालेर आशातीत उपलब्धि हासिल गराउने काममा पाठ्यांशले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ, अतः पाठ्यक्रमकै बृहत् दायराभित्र पाठ्यसूची र पाठ्यांशहरू समेटिएका वा निर्देशित भएको पाइन्छ (पौडेल २०६९ पृ. १२) ।

**शीर्षक** : पाठ्यांश वा पाठ्यक्रमको शीर्षक पाठ्यक्रमको सबैभन्दा अग्रभागमा राखिएको हुन्छ । यो भाषा पाठ्यक्रमको शीर्ष सूचना दिने र पदावलीका रूपमा रहेको हुन्छ । शीर्षक आफैँमा पूर्ण, स्पष्ट र सूचनामूलक हुन्छ । शीर्षकबाटै पाठ्यांशको नाम, तह, कक्षा, प्रकार वा प्रकृति आदिको सामान्य जानकारी हुन्छ । पाठ्यांशको शीर्षकसँगै त्यसको कोड नं., त्यसको प्रकृति, पूर्णाङ्क, उत्तीर्णाङ्क, साप्ताहिक वा दैनिक पाठ्यभार, वार्षिकभार, शिक्षणीय समयघण्टा, शिक्षणीय तह वा कक्षा र वर्ष आदि शीर्षसूचना उल्लेख गरिएका हुन्छन् । त्यसैगरी सैद्धान्तिक वा प्रयोगात्मक कुन किसिमको, अनिवार्य, ऐच्छिक वा थप ऐच्छिक प्रकृति, पूर्णाङ्क, उत्तीर्णाङ्क, कोड नं., पाठ्यांश नं., बार्षिक शिक्षणीय समय, प्रतिहप्ता वा हरेक दिनको कक्षाभार आदि आधारभूत सूचनाहरू दिएको हुन्छ । त्यसैले भाषा पाठ्यक्रम निर्माण गर्दा उपयुक्त सबै सूचनाहरू रहनेगरी शीर्षक व्यवस्था मिलाउन आवश्यक हुन्छ । कुनै तह वा कक्षाको भाषा पाठ्यक्रमको अध्ययन गर्दा उपयुक्त शीर्ष सूचनाको पर्याप्तता वा अपर्याप्तताका आधारमा विश्लेषण र मूल्याङ्कन गर्ने प्रविधि अपनाउनु आवश्यक हुन्छ (पौडेल, २०६९ पृ. ९०) ।

**परिचय** : भाषा पाठ्यक्रमको दोस्रो स्तम्भको रूपमा पाठ्पांश पा पाठ्यक्रमको परिचय रहेको हुन्छ । आवश्यक ठानिएका एक वा दुई अनुच्छेदमा पाठ्यांश लागू हुने तह वा कक्षा, विद्यार्थीको भाषिक पृष्ठभूमि, प्रयोजनका रूपमा पछिल्लो दोस्रो सामान्य र विशिष्ट आदि कुन हो भनी उक्त कुराहरूको परिचयात्मक जानकारी दिएको हुन्छ । पाठ्यांश वा पाठ्यक्रम निर्माणका क्रममा अपनाइएका विधि र प्रक्रिया, प्रस्तुति ढाँचा, उल्लेख्य विशेषता र सीमाहरूको पनि संक्षिप्त तर पर्याप्त जानकारी यस स्तम्भमा गराइएको हुन्छ । सम्बन्धित पाठ्यक्रममा निर्माणमा सहयोग पुऱ्याउने व्यक्ति वा संस्थाप्रति आभार व्यक्त गरिनुका साथै उक्त पाठ्यांशमा केही सुधारका लागि औपचारिक आग्रह गरिएको हुन्छ । सम्वद्ध पाठ्यांश कुन प्रयोजनार्थ निर्माण गरिएको त्यो खुलाउनुका साथै पाठ्यांश कार्यान्वयनपश्चात् हासिल

हुने अपेक्षा संकेत पनि स्पष्ट रूपमा प्रस्तुत गरिएको हुनुपर्दछ । यसै स्तम्भबाट सम्बन्धित पाठ्यांशका सीमा, विशेषता, गन्तव्य, उद्देश्य र दिशाको आङ्कलन गर्न सकिने हुन्छ । भाषा पाठ्यक्रम वा पाठ्यांश निर्माण गर्दा पाठ्यांश वा पाठ्यक्रमको परिचयलाई पर्याप्त सूचनामूलक बनाएर प्रस्तुत गर्नुपर्ने हुन्छ । उपयुक्त तथ्यहरूको पर्याप्तता वा अपर्याप्त प्रकृतिका आधारमा कुनै पनि भाषा पाठ्यक्रमको अध्ययन विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ (पौडेल, २०६९ पृ. ९१)। अत : पाठ्यक्रम निर्माण गर्दा पाठ्यांशलाई यथेष्ट सूचनामूलक बनाउनु पर्दछ । परिचयको नाममा अनावश्यक कुराहरूको व्याख्या विस्तारले अल्मल्याउनु चाँहि उपयुक्त मानिदैन ।

**उद्देश्य** : भाषा पाठ्यक्रमको तेस्रो स्तम्भका रूपमा पाठ्यक्रम वा पाठ्यांशका उद्देश्यहरू रहेका हुन्छन् । यो पाठ्यक्रमको सर्वाधिक महत्त्वपूर्ण अथवा केन्द्रीय अङ्ग हो किनभने उद्देश्यकै आधारमा विषयवस्तु, शिक्षणप्रक्रिया र मूल्याङ्कन प्रक्रियाहरू निर्देशित हुन्छन् । उद्देश्यको छनोट गर्दा आवश्यकताको पहिचान भएपछि त्यसका आधारमा सिकाइका ज्ञान, सीप, र मनोक्रियात्मक पक्षलाई विशेष ध्यान दिइन्छ । सम्बन्धित भाषा सिकेर कुनै खास कक्षा वा तहपश्चात् विद्यार्थीहरूमा प्राप्त हुनुपर्ने ज्ञान, सीप र अभिवृत्ति नै उद्देश्य हो । शिक्षणीय प्रयोजन अनुरूप कुनै खास तह वा कक्षाका लागि निर्धारित समय सीमामा विद्यार्थीहरूले हासिल गर्नुपर्ने भाषासम्बन्धी दक्षता र योग्यताको क्रमागत र बुँदागत सूचना उद्देश्यहरू खण्डमा दिइएका हुन्छन् । उद्देश्यहरूलाई साधारण वा सामान्य उद्देश्य र विशिष्ट वा सीपगत उद्देश्य गरी दुई वर्गमा राखिएको हुन्छ ।

उपयुक्त उद्देश्य वाहेक उद्देश्यको सम्बन्ध तल्लो र उपल्लो तह वा कक्षाका अपेक्षाहरूसँग पनि गाँसिएको हुनुपर्दछ । तल्लो तहमा भएका अपेक्षित उद्देश्यहरूको स्तरणीकृत र विस्तारसम्बन्धी तह वा कक्षाका उद्देश्यहरूमा प्रतिबिम्बित हुनुपर्दछ । उद्देश्य सरल, स्पष्ट, सुबोध र व्यावहारिक हुन जरूरी छ । अझ स्तरयुक्त, दर्शनीय, मापनीय र समय सीमाभित्र पूरा हुनसक्ने खालका हुनुपर्दछ । भाषा पाठ्यक्रम निर्माणका क्रममा उद्देश्य अङ्कन र निर्धारणमा विशेष सीप र सोचको आवश्कता हुन्छ । उद्देश्य निर्धारणमा कमीकमजोरी भएमा समग्र भाषा पाठ्यक्रम नै नाजुक वा अव्यावहारिक हुनसक्ने भएकोले उद्देश्य निर्धारणका उपयुक्तता र अनुपयुक्तताका विविध पक्षहरूको आधारमा कुनै पनि भाषा पाठ्यक्रमको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्न सक्नुपर्दछ ( पौडेल, २०६९ पृ.९१) ।

**साधारण उद्देश्य** : भाषा पाठ्यक्रमको तेस्रो महत्त्वपूर्ण स्तम्भ हो । कुनै पनि विषयको पठनपाठनमा सबै विद्यार्थीहरूको ज्ञान र सीप प्राप्त गर्ने उद्देश्य पाठ्यक्रमले राखेको हुन्छ, त्यसलाई नै साधारण उद्देश्य भनिन्छ । साधारण उद्देश्य लामो अवधिपश्चात् प्राप्त हुनेगरी राखिएको हुन्छ (पौडेल, २०६९ पृ. ९२ । यस्ता उद्देश्य समसामयिक हुनाको साथै विद्यार्थी केन्द्रित हुनुपर्ने मानिएको छ । यसमा विशेष पक्षको किटान गरिएको हुदैँन र सबैलाई समेट्नेगरी उद्देश्य राखिएको हुन्छ । विशिष्ट वा सीपगत उद्देश्यहरूको क्रमिक अथवा एकीकृत प्राप्तिबाटै सम्बन्धित पाठ्यांशका साधारण उद्देश्य पूरा हुने भएकाले यी दुवै प्रकारका उद्देश्यहरू एकआपसमा अन्र्तसम्बन्धित हुनाको साथै अन्योन्याश्रित हुन पनि नित्तान्त आवश्यक छ । साधारण उद्देश्यमा पूर्ण, उपयुक्त, समसामयिक जस्ता पक्षहरू समेटिएको हुनुपर्दछ ।

**विशिष्ट उद्देश्य** : कुनै पनि विषय वा पाठको सिकाइपश्चात् निश्चित रूपमा यी र यस्ता किसिमका ज्ञान र सीप प्राप्त गर्नसक्ने भनी किटान गर्न सक्नुलाई नै विशिष्ट उद्देश्य भनिन्छ (शर्मा एण्ड शर्मा, २०६५, पृ. १४३) । विशिष्ट उद्देश्य छोटो समयमा पुरा हुने साथै साधारण उद्देश्य प्राप्तिमा चरणबध्द सहयोग पु-याउने सटिक खालका हुन्छन् । व्यावहारिक रूपमा मापन गर्न सकिने, अवलोकन गर्न सकिने उद्देश्यलाई विशिष्ट उद्देश्य भनिन्छ । विशिष्ट उद्देश्यको एकीकृत रूपबाटै सम्बन्धित पाठ्यांशका साधारण उद्देश्य पूरा हुन्छन्, विद्यार्थीको उमेर, कक्षा तह, रूचि चाहना स्पष्ट रूपमा किटान गर्न सकिने विशिष्ट उद्देश्य हो, यो शैक्षिक कार्यक्रमको विस्तृत योजना हो । पाठ्यक्रमले निर्देशित गरेका कुन विषय, कसरी पढाउने, कति गहिराइसम्म जाने, पाठनुसारका शिक्षण विधि कस्ता अपनाउने, के-कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने, कति समय पढाउने, विद्यार्थीले के-के ज्ञान र सीप हासिल गरे त्यसको लेखाजोखा गर्न के-कस्ता मूल्याङ्कन विधि अपनाउने जस्ता सबै पक्षहरू समावेश गरिएको शैक्षिक योजनालाई सफल बनाउन विशिष्ट उद्देश्यको आवश्यकता पर्दछ । विशिष्ट उद्देश्यलाई व्यावहारिक उद्देश्य पनि भनिन्छ । विशिष्ट उद्देश्य सरल, संक्षिप्त, स्पष्ट, वास्तविक, मापनयोग्य, अवलोकन गर्न सकिने, व्यावहारिक, उपलब्धि मापन गर्न सक्ने हुनुपर्दछ (शर्मा एण्ड शर्मा, २०६३ पृ.१३) ।

**एकाइगत रूपमा पाठ्यवस्तु र त्यसको वितरण तथा पाठ्यघण्टी** : भाषा पाठ्यक्रमको चौथो महत्त्वपूर्ण अङ्गका रूपमा भाषिक पाठ्यवस्तु र त्यसको वितरण प्रस्तुत गरिन्छ । उद्देश्य छनोट गरी सकेपछि सिकारूका अनुभवसँग सम्बन्धित निर्देशित आशातीत

उपलब्धि क्षेत्रका सीमामा बाँधिएर पाठ्यवस्तुको छनोट क्रमबद्ध रूपमा सूचिकृत गरेर यस खण्डमा राखिन्छ । स्तर अनुसारका सिकारूले बुझ्नसक्ने जीवनदर्शन, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक, राजनैतिक आदि विषयलाई विद्यार्थीका रूचि, स्तर, आवश्यकता, पृष्ठभूमि र क्षमताकासाथ निर्धारित लक्ष्यको व्यावहारिक रूपमा कार्यान्वयन गरेर पाठ्यवस्तु चयन गर्नुपर्दछ । त्यसैगरी पाठ्यवस्तुलाई शैक्षणिक तथा मनोवैज्ञानिक अनुक्रममा बाँधेर सरलदेखि जटिलताको श्रृखलामा राख्नुपर्दछ । त्यसलाई उपयुक्त ढंगले तल्लो/अघिल्लो र पछिल्लो/माथिल्लो कक्षा र तह अनुसार प्रस्तुति दिन उच्च स्तरीय सीप र दक्षता आवश्यक पर्दछ । पाठ्यपुस्तक वा विषयवस्तुलाई ग्राह्यता दिएर सन्तुलित एवं संगठित ढंगले प्रस्तुत गरिनु पर्दछ ।

पाठ्यपुस्तकको प्रस्तुतिसँगै तिनका भाषिक अपेक्षा, शिक्षणीय समयभार, महत्त्वपूर्ण अङ्कभार, तल्लो र माथिल्लो तह वा कक्षासँगको सापेक्षता आदि कुराको विस्तृत विवरण दिनुपर्दछ । भाषा पाठ्यक्रमको अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्दा उपयुक्त यावत् कुराको उच्चता र न्यूनताको परख गर्नु अति नै आवश्यक हुन्छ (पौडेल,२०६९ पृ.९३)। पाठ्यांशमा निर्दिष्ट विशिष्ट उद्देश्य, वस्तुनिष्ठ, मापनीय, सिकारू केन्द्रित, समसामयिक पाठानुरूप तथा समयका दृष्टिले पनि परिसीमित गरिएको हुनुपर्दछ । यसकारण पाठ्यविषय पनि उपयुक्त हुनाको साथै विविध गुण भएको हुनुपर्दछ । त्यसैगरी प्रस्तुत स्तम्भभित्र मापनीयता, समसामयिकता, व्यावहारिकता, उद्देश्यगत सन्तुलन, अन्तरआबद्धता, छनोटगत उपयुक्तता, विविधता, विधागत सन्तुलन, विषय र समयगत सन्तुलन, समतलीय स्तरण, तहीय स्तरण, सान्दर्भिकता जस्ता प्रतिमानहरू समेटिएको हुन्छ र यस्तो पाठ्यांश नै न्यायोचित ढंगले समयसापेक्ष र उपयोगी हुन्छ ।

**शिक्षण प्रविधि** : भाषा पाठ्यक्रमको पाँचौ महत्त्वपूर्ण अङ्ग वा अवयवका रूपमा शिक्षण प्रक्रियाको आवश्यक सूचना र निर्देशन दिएको हुन्छ । शिक्षण विधि वा प्रविधि, सामग्री जे भनेपनि शिक्षण क्रियाकलापको समग्र नाम शिक्षण प्रक्रिया हो । उद्देश्य निर्माण गर्दा जतिसुकै आकर्षक र प्रभावकारी भएपनि पाठ्यवस्तु र त्यसको प्रस्तुति जतिसुकै व्यवस्थित भएपनि शिक्षण प्रक्रिया प्रभावपूर्ण र उपयुक्त निर्देशन नभएको खण्डमा ती सबै कुरा निरर्थक र निर्जीवजस्तै हुन्छन् (पौडेल, २०६९ पृ.९३) । पाठ्यवस्तुलाई उद्देश्यानुरूप शिक्षण गर्नका लागि के-कस्ता शिक्षण पद्धति, विधि र प्रविधिहरूको आवश्यकता पर्दछ र ती विधि र प्रविधि अपनाउँदा के-कस्ता श्रव्यदृष्य, मौखिक र स्पर्श सामग्री सहयोगी हुन्छन् भन्ने

कुराको जानकारी पनि यसै स्तम्भमा नै सूचित गरिएको हुन्छ, सबै पाठ्यांशमा शिक्षण प्रविधि स्तम्भ राखिएको हुन्छ, कतिपय पाठ्यांशमा शिक्षण प्रविधिलाई साधारण शिक्षण प्रविधि र विशिष्ट शिक्षण प्रविधि भनेर राखिएको हुन्छ, तर कतिपय पाठ्यांशमा शिक्षण प्रविधि वा शिक्षण सामग्री मात्र भनेर उल्लेख गरिएको हुन्छ । भाषिक सामग्रीहरूको उपयोग र शिक्षण प्रभावकारिताको यथेष्ट सूचना दिन सक्नु पर्दछ । जसकाकारण त्यसै सूचनाका आधारमा शिक्षण विधि र प्रविधि छनोट गरी शिक्षण गर्न गराउन विद्यार्थी र शिक्षक क्रियाकलाप र शिक्षण विधि र प्रविधि छनोट गरी शिक्षण गराउन सहज हुन्छ । शिक्षण प्रक्रिया सहज नभएमा शिक्षक योग्य र कुशल भएपनि शिक्षण गराउन अप्ठ्यारो पर्नसक्छ । अपेक्षित उद्देश्य प्रभावकारी ढंगले विद्यार्थीलाई हासिल गराउन कठिनाइ पर्नसक्छ । शिक्षण प्रविधिमा प्रत्येक एकाइमा आवश्यकताअनुसार साधारण र विशिष्ट शिक्षण प्रविधिको उपयोग गरिनेछ भनी उल्लेख गरिएको हुन्छ । साधारण शिक्षण प्रविधिमा एकाइको प्रकृति अनुरूप पाठ्यपुस्तक, सहायक पुस्तक, सन्दर्भ पुस्तक, पाठपत्र, तालिका र आरेखहरूको उपयोग गरिन्छ । प्रत्येक एकाइमा आवश्यकतानुसार व्याख्यान, प्रश्नोत्तर, छलफल तथा प्रस्तुतीकरण विधिको उपयोग गरिनेछ भनी राखिएको पाइन्छ । त्यसैगरी वाक्य र विशिष्ट शिक्षण प्रविधिमा एकाइको प्रकृति अनुरूप दिइएका सामग्रीहरूलाई समूहगत रूपमा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्न लगाइनेछ भनी सूचित गरिएको हुन्छ । भाषा शिक्षणको मर्म र अपेक्षालाई जीवन्त बनाइ व्यावहारिक ढाँचामा सुसिक्यता प्रदान गर्ने प्रमुख भूमिका शिक्षण प्रक्रियामा निर्भर हुने हुनाले यसको उपयुक्त र वैज्ञानिक निर्देशन र सूचना पाठ्यक्रममा उल्लेख गरिनु पर्दछ । पाठ्यक्रमको एक महत्त्वपूर्ण अङ्ग हुनाले शिक्षण प्रक्रियालाई के-कसरी प्रस्तुत गरिएको र उपयुक्त, सूचनामूलक र व्यावहारिक छ भन्ने आधारमा समग्र पाठ्यक्रमको अध्ययन र मूल्याङ्कन गर्न सकिन्छ ( पौडेल,२०६९ पृ.९३) ।

**मूल्याङ्कन प्रक्रिया** : भाषा पाठ्यक्रमको अर्को महत्त्वपूर्ण अङ्ग वा स्तम्भ मूल्याङ्कन प्रक्रिया हो । यसको निर्देशन हो । पाठ्यक्रम एउटा कार्यक्रम भएकोले त्यसको प्रभावकारिता र उपलब्धिको लेखाजोखा वा मापन गर्ने यावत् प्रक्रियालाई मूल्याङ्कन भनिन्छ । मूल्याङ्कन प्रक्रियाको उपयुक्त निर्देशनविना समग्र पाठ्यक्रम प्रभावकारिताको आँकलन गर्न नसकिने हुनाले समग्र भाषा पाठ्यक्रम कै सुधार र परिमार्जनका लागि पाठ्यक्रममा मूल्याङ्कन प्रक्रिया एक अभिन्न अङ्ग मानिन्छ । भाषिक विषयवस्तु सीपमूलक हुने भएकाले ती अभ्यासमूलक हुन्छन् । कुनै पाठ्यवस्तुको सीपगत अभ्यास गराइसकेपछि

अपेक्षित उपलब्धिको नतिजा कस्तो भयो र कुन स्तरमा हासिल भयो त्यसको जानकारी मूल्याङ्कनले गर्दछ । मूल्याङ्कनकै आधारमा विद्यार्थीका कमीकमजोरी तथा उपलब्धिको लेखाजोखा गरी आवश्यक सुधार वा निर्माणात्मक शिक्षण गर्ने सोच र समझको विकास गर्न सकिन्छ । औपचारिक ढंगले विद्यार्थीको स्तर अनुसारको वर्ग, श्रेणी निर्धारण गर्न, कक्षा चढाउन तथा योग्यता प्रमाणित गर्न पनि मूल्याङ्कनकै आवश्यकता पर्दछ (पौडेल, २०६९ पृ. ९४) ।

भाषा पाठ्यक्रममा भाषिक मूल्याङ्कनका यावत् प्रक्रिया र विधि, प्रविधिहरू अनिवार्य रूपले उल्लेख गर्नुपर्दछ । आन्तरिक, बाह्य, निर्माणात्मक र निदानात्मक मूल्याङ्कन, समसामयिक वा आवधिक (एकाइ, त्रैमासिक, अर्धवार्षिक, वार्षिक आदि) प्रयोगात्मक परीक्षा र कक्षा कार्य, गृहकार्य तथा परियोजना कार्यसम्बन्धी मूल्याङ्कन विधि र प्रविधिको सूचना पाठ्यक्रममा दिनुपर्दछ (लम्साल, अधिकारी, गौतम २०७३, पृ.३६)। पाठ्यवस्तुको महत्त्व अनुरूपको अङ्क विभाजन, लिखित, मौखिक र प्रयोगात्मक परीक्षाको अङ्क विभाजन, प्रश्न र प्रश्नका स्वरूप तथा तिनको अङ्कन र मापन विधि तथा मूल्याङ्कनका अन्य साधन जाँचसूची, श्रेणीमापन आदिको उपयोग प्रक्रिया सबैको यथेष्ट र मिहीन सूचना भाषा पाठ्यक्रममा दिएको हुन्छ । यसरी भाषा पाठ्यक्रम निर्माणमा मूल्याङ्कन प्रक्रियाका सूक्ष्मातिसूक्ष्म कुराहरूको निर्देशन र व्यावस्थापन गर्न आवश्यक हुन्छ । यिनै कुराहरूको यथेष्ट र सूक्ष्म आँकलन गरी कुनै पनि भाषा पाठ्यक्रमको प्रभावकारिता र अप्रभावकारिताको मूल्याङ्कन गर्न सकिन्छ (पौडेल, २०६९ पृ.९४)।

**पाठ्यपुस्तक** : स्नातक तहको भाषा पाठ्यक्रमको पश्चसूचनाको रूपमा पाठ्यपुस्तकको जानकारी गराउने उद्देश्यले पाठ्यपुस्तक स्तम्भ राखिएको हुन्छ । खासगरी भाषा पाठ्यपुस्तक भनेको सम्बन्धित भाषा पाठ्यक्रमका मर्म र अपेक्षा अनुरूप तयार गरिएका महत्त्वपूर्ण पुस्तकहरू हुन् । ती पाठ्यक्रमका उद्देश्य र पाठ्यस्तुका सीमाभित्र बाँधिएका हुन्छन् । यसका साथै गहन अध्ययन र अभ्यासात्मक कार्यकलाप गर्न सजिलो हुनेगरी तयार गरिएका हुन्छन् (लम्साल र अन्य, २०७३, पृ.३६)। कतिपय कक्षा वा तहका लागि एउटा मात्र पाठ्यपुस्तक हुन सक्छन् भने कतिपय तह वा कक्षाका लागि एकभन्दा बढी धेरै पाठ्यपुस्तक पनि हुन सक्छन् । तिनै पाठ्यपुस्तकमा आधारित भई भाषा शिक्षण सिकाइ कार्यकलाप र मूल्याङ्कन प्रणाली अपनाइन्छ । त्यसैले, भाषा पाठ्यक्रममा पाठ्यपुस्तकको यथेष्ट जानकारी तथा सूचना दिन आवश्यक मानिन्छ । पाठ्यपुस्तकको

नाम, लेखकको नाम, प्रकाशकको नाम, प्रकाशन वर्ष र संस्करणसमेत खुलाइ स्पष्ट सूचना दिनुपदर्छ । भाषा पाठ्यक्रम निर्माणका क्रममा पाठ्यपुस्तकको उपयुक्त र प्रभावकारी सूचनाको आवश्यकता पर्दछ र सोही अनुसार सम्बन्धित पाठ्यक्रमको मूल्याङ्कन गर्न सकिन्छ (पौडेल, २०६९ पृ. ९५) ।

**सिफारिस गरिएका पुस्तकको प्राप्यता र उपयुक्तता**

स्नातक तहको पाठ्यक्रमको अन्तिम र पश्च सूचनाको रूपमा सन्दर्भसूची तथा सिफारिस गरिएका पाठ्यपुस्तक स्तम्भ रहेको हुन्छ । पाठ्यपुस्तक जस्तो गहन अध्ययन गर्न नपर्ने तर भाषिक बोध र अभिव्यक्ति सीप विकासका लागि सहयोगी भूमिका खेल्ने तथा द्रुत पठन र अभ्यासमा उपयोगमा ल्याउन सकिने पुस्तक वा पाठ्यसामग्रीहरूलाई सन्दर्भ पुस्तक वा सन्दर्भ सामग्री भनिन्छ । सीप विकास र प्रवर्धनमा यस्ता सामग्रीले महत्त्वपूर्ण सहयोग गर्दछन् । अभ्यासात्मक, नमुना सामग्रीयुक्त, व्याकरणत्मक अभ्यासयुक्त पुस्तक र समीक्षण, विवेचना, अनुसन्धान आदिसम्बन्धी पुस्तकपुस्तिकालाई सन्दर्भ पुस्तक सामग्रीका रूपमा लिन सकिन्छ । यी यस्ता प्रकृतिका पुस्तकहरू कक्षा र तह हेरी फरक-फरक ढाँचामा निर्माण गरिएका हुन्छन् । खासमा भाषा शिक्षण सिकाइमा यस्ता पुस्तकले भाषा पाठ्यक्रमलाई सुन्दर र सूचनामूलक बनाउन मत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । त्यसैका आधारमा कुनै पनि भाषा पाठ्यक्रमको अध्ययन मूल्याङ्कन गर्न सकिन्छ । भाषा पाठ्यक्रमको अध्ययन र निर्माण प्रक्रियामा सम्बन्धित भाषा पाठ्यक्रमका उपयुक्त ढाँचा र स्तम्भहरूले प्रमुख भूमिका खेलेका हुन्छन् । पाठ्यक्रम मूल्याङ्कनका सन्दर्भमा थप अङ्गका रूपमा तल्लो र माथिल्लो पाठ्यक्रमसँगको सम्बन्ध शीर्षक राखी पाठ्यक्रमका उद्देश्य, पाठ्यवस्तु र त्यसको वितरण (अङ्कभार र समयभारसमेत), शिक्षण प्रक्रिया, मूल्याङ्कन प्रक्रिया र अन्य सूचनाको तुलना, औचित्य, स्तर तथा स्तरण प्रक्रियाको पनि उल्लेख गर्न अत्यान्त आवश्यक हुन्छ (पौडेल, २०६९ पृ. ९६)।

# अध्याय तीन : अनुसन्धान विधि

यस अनुसन्धानमा प्रयोग गरिएको अनुसन्धान विधि निम्न अनुसार छ :

## अनुसन्धान ढाँचा

अनुसन्धानबाट प्राप्त तथ्याङ्कको सङ्कलन, वर्गीकरण र विश्लेषणका लागि मिश्रित अनुसन्धान ढाँचाको अनुप्रयोग गरिएको छ। पहिलो उद्देश्यका लागि परिमाणात्मक अनुसन्धान ढाँचा प्रयोग गरिएको छ। व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीहरूको प्रतिक्रिया लिँदा प्रत्येक स्तम्भअन्तर्गत प्रतिमानहरू निर्माण गरी निर्मित प्रतिमानहरू पूर्ण, उपयुक्त, उत्तम, मध्यम, निम्न, पर्याप्त, अपर्याप्त, स्तरीय, प्राप्य के-कस्तो रहेको छ भनी प्रश्नावली/रूजुसूचीबाट प्राप्त परिणामको संख्यात्मक तथ्याङ्कलाई प्रस्तुत गर्न परिमाणात्मक अनुसन्धान ढाँचा अनुशीलन गरिएको छ। शोधपत्र तयारीका क्रममा मूलतः सर्वेक्षणात्मक अध्ययन विधिको अनुप्रयोग गरिएको छ। दोस्रो र तेस्रो उद्देश्यका लागि गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ।

## जनसङ्ख्या

प्रस्तुत अध्ययनमा काठमाडौँ उपत्यकाभित्रका शिक्षाशास्त्र सङ्काय अर्न्तगत (आङ्गिक र सामुदायिक)४ वटा क्याम्पसबाट पहिलो उद्देश्यका लागि ३६ जना चारवर्षे स्नातक तहको निर्दिष्ट पाठ्यांश पूरा गरेका तथा स्नातकोत्तर तह प्रथम सत्रमा अध्ययनरत विद्यार्थी र दोस्रो तथा तेस्रो उद्देश्यका लागि उल्लिखित क्याम्पसबाट प्रत्यक्ष सम्पर्कमा आएका ६ जना विद्यार्थी गरी जम्मा ४२ विद्यार्थीलाई जनसङ्ख्याका रूपमा लिइएको छ।

## नमुना छनोट प्रक्रिया

प्रस्तुत शोधपत्र तयारीका क्रममा परिमाणात्मक अनुसन्धानका लागि सम्भावनायुक्त नमुना छनोट विधि प्रयोग गरी नमुना छनोट गरिएको छ। यसका लागि काठमाडौँ उपत्यकाका ३ वटा आङ्गिक क्याम्पस र १ सामुदायिक क्याम्पसमा स्नातकोत्तर प्रथम सत्रमा अध्ययनरत तथा स्नातक चौथो वर्षको निर्दिष्ट पाठ्यांश पूरा गरेका ३६ जना विद्यार्थीलाई छनोट गरिएको छ। गुणात्मक अनुसन्धानका लागि उद्देश्यमूलक नमुना छनोट विधि प्रयोग गरी नमुना छनोट गरिएको छ। यसका लागि स्नातकोत्तर प्रथम सत्रमा अभ्ययनरत चारजना विद्यार्थीहरू तथा स्नातक चौथो वर्षको निर्दिष्ट पाठ्यांश पूरा गरेका दुईजना विद्यार्थीहरू गरी जम्मा तीनवटा क्याम्पसबाट छ जना विद्यार्थी गहन अन्तर्वार्तामा

सहभागी गराइएका छन् । अनुसन्धानको उद्देश्यभन्दा बाहिर कुराकानी नमोडियोस् भन्नका लागि अर्धसंरचनात्मक प्रकृतिका केही प्रश्नावली निर्माण गरी आवश्यक कुरा गरिएको छ । यसका लागि जम्मा ३६+ ६ =४२ जना विद्यार्थीहरूलाई नमुनाको रूपमा छनोट गरिएको छ ।

**तथ्याङ्क सङ्कलन प्रक्रिया**

प्रस्तुत अनुसन्धान कार्य सञ्चालन गर्न यस कार्यसँग सम्बन्धित प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीहरूको दृष्टिकोणका निमित्त प्रयोग गरिएका प्रत्यक्ष स्रोतअन्तर्गतका बन्द प्रश्नावली र रूजुसूचीबाट प्राप्त सामग्रीलाई प्राथमिक स्रोतका रूपमा समेटिएको छ ।

प्रस्तुत अध्ययनमा आवश्यक तथ्याङ्क सङ्कलनका निमित्त २७ वटा बन्द प्रश्नावली निर्माण गरी मुख्य साधनका रूपमा उपयोग गरिएको छ । निर्दिष्ट पाठ्यांशप्रति विद्यार्थीको दृष्टिकोण लिनका लागि २० वटा स्तम्भअन्तर्गत ८८ वटा प्रतिमान समावेश गरी आवश्यक तथ्याङ्क सङ्कलन गरिएको छ । व्यावहारिक लेखन तथा सम्पादन विषयको कक्षाकोठामा गरिने व्यावहारिक प्रयोग र शिक्षण प्रभावकारिता पत्ता लगाउन गरिएको अध्ययनमा कक्षा कोठाभित्रको शिक्षणको व्यावहारिक अवस्था पत्ता लगाउन छ जना सहभागीसँग गहिरो कुराकानी गरिएको थियो । कुराकानी अन्यत्र नमोडियोस् भन्ने उद्देश्यले अर्धसंरचनात्मक प्रकृतिका केही प्रश्नहरू निर्माण गरी अन्तर्वार्ता लिएर सहभागीहरूबाट आवश्यक सूचना सङ्कलन गरिएको छ ।

**तथ्याङ्क विश्लेषण प्रक्रिया**

प्राथमिक स्रोतबाट सङ्कलित तथ्याङ्कहरूलाई विभिन्न शोधपत्र, जर्नल, पत्रपत्रिका पुस्तकहरू हेरेर द्वितीय स्रोतबाट विश्लेषणका लागि सहयोग लिएको छ । शोधपत्र तयारीका क्रममा पाठ्यांशको संरचनागत प्रभावकारिता, विद्यार्थीका प्रतिक्रिया/दृष्टिकोण पहिचान गरिएको छ । यी विषयवस्तुको अध्ययनपश्चात् उक्त विषयको पाठ्यांशको शीर्षक, परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य, पाठ्यविषय, शिक्षण प्रविधि, मूल्याङ्कन प्रक्रिया, सिफारिस गरिएका पाठ्यपुस्तक, सन्दर्भ सामग्रीका दृष्टिले पाठ्यांश के-कति उपयोगी, सान्दर्भिक र व्यावहारिक छन् भन्ने निष्कर्ष निकालिएको छ ।

पहिलो उद्देश्यका लागि निर्दिष्ट पाठ्यांशप्रति विद्यार्थीका दृष्टिकोण पहिचान गर्ने उद्देश्यले २७ वटा बन्द प्रकृतिका प्रश्नावली भर्न लगाउँदा जम्मा ३६ जना विद्यार्थीहरूलाई

नमुनाका रूपमा छानिएको थियो । परिमाणात्मक अनुसन्धान ढाँचा अनुरूप प्राप्त नतिजाको तथ्याङ्क शास्त्रीय विधिद्वारा व्याख्या विश्लेषण गरिएको छ । यसक्रममा प्राप्त सङ्ख्यात्मक तथ्याङ्कलाई प्रतिशताङ्क विधि प्रयोग गरी व्याख्या गरिएको छ । प्राप्त तथ्याङ्कलाई आवश्यकतानुसार तालिकीकरण र व्याख्या गर्दै निष्कर्ष निकालिएको छ ।

दोस्रो र तेस्रो उद्देश्य पूरा गर्न अन्तर्वार्ताका माध्यमबाट सूचना सङ्कलन गरिएका कुरालाई मोवाइलमा गरिएको रेकर्डबाट पटक-पटक सुनेर नेपाली भाषामा लिपिबद्ध गरिएको छ । सामग्री लिपिबद्ध गरेपछि आवश्यक सूचनालाई मात्र रेखाङ्कन गरिएको छ । त्यसपछि आवश्यक सूचनालाई पटक-पटक पढेर २७३ वटा कोड निर्माण गरिएको छ । जम्मा कोडबाट मिल्दाजुल्दा र एउटै आशयका कोडहरूलाई एक ठाँउमा राखिएको छ । त्यसबाट कोडलाई समूह विभाजन गरी धारणात्मक शीर्षक निर्माण गरिएको छ । यसबाट छानिएका कोडलाई एकाइअनुसार समूह विभाजन गर्दा अभिव्यक्ति, अनुच्छेद लेखन, व्यावहारिक लेखन, प्रशासनिक लेखन, कानुनी लेखन, बैङ्क तथा वित्तीय कारोबारसम्बन्धी लेखन, भाषा सम्पादन र पाण्डुलिपि सम्पादन गरी मुख्य आठवटा शीर्षक निर्माण गरिएको छ । त्यसपछि तिनै मुख्य शीर्षकमा आधारित भई सहभागीबाट आएका कुराहरूको प्रस्तुति र विश्लेषणका आधारमा निष्कर्ष निकालिएको छ ।

**नैतिक प्रश्नको सुनिश्चितता**

यस अनुसन्धानमा नैतिक सवालको सम्वोधनका लागि निम्न अनुसारको प्रक्रिया अवलम्बन गरिएको छ :

शोधपत्रमा उत्तरदाताको वास्तविक नाम उल्लेख गरिएको छैन । उनीहरूको गोपनीयता कायम गरिएको छ । उत्तरदातालाई चाहेको समयमा अनुसन्धान प्रक्रियाबाट अलग हुने स्वतन्त्रता दिइएको छ । प्रतिक्रियादाताहरूलाई प्रश्नावली भर्नुपूर्व अनुसन्धेय विषयबारे जानकारी गराइएको छ । प्रश्नावली भर्नु वा अन्तर्वार्तामा सहभागी हुनुपूर्व प्रतिक्रियादाताहरूसँग अध्ययनका लागि आवश्यक तथ्य तथ्याङ्क सङ्कलनका निम्ति सुमधुर सम्बन्ध कायम गरिएको छ । उत्तरदाताहरूलाई हानी हुने सम्भावित सबै पक्षमाथि पूर्व सचेतना अपनाइएको छ । प्रतिक्रियादाताहरूसँग औपचारिक एवं शिष्ट भाषाको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । अनुच्छेदीकरण तथा सन्दर्भाङ्कनको सचेततापूर्वक प्रयोग गरी भावहरणलाई न्यूनीकरण गरिएको छ ।

# अध्याय चार : व्याख्या विश्लेषण

## व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशप्रति विद्यार्थीहरूका दृष्टिकोण

यस अध्ययन अन्तर्गत व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशप्रति सम्बन्धित विद्यार्थीका दृष्टिकोणको विश्लेषण गरिएको छ :

**पाठ्यक्रममा समावेश हुनुपर्ने अङ्गहरूप्रति विद्यार्थीको प्रतिक्रिया :** स्नातक तह चौथो वर्षको व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशप्रति विद्यार्थीको दृष्टिकोण पत्ता लगाउन गरिएको अध्ययनमा विद्यार्थीको प्रतिक्रिया लिँदा पाठ्यक्रमका अङ्गहरूलाई आधार मानिएको छ । उक्त पाठ्यांशमा पाठ्यक्रमका अङ्गहरूको स्थिति के-कस्तो रहेको छ र पाठ्यक्रमका अङ्गहरू सही रूपमा समावेश भएका छन् कि छैनन् भनी अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा पाठ्यक्रममा समावेश हुनुपर्ने अङ्गहरू स्तम्भअन्तर्गत पूर्ण रूपमा समावेश भएका छन्, समावेश भएका छन्, केही समावेश भएका छन् वा समावेश छैनन् जस्ता प्रतिमान निर्माण गरी विद्यार्थीको प्रतिक्रिया लिइएको छ । यसबाट निम्नानुसारको परिणाम प्राप्त भएको छ :

तालिका नं. १

*पाठ्यक्रममा समावेश हुनुपर्ने अङ्गसम्बद्ध स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पूर्ण रूपमा समावेश भएका छन् | ३ | ८.३३ | ११ | ३०.५५ | ३८.८८ |
| २ | समावेश भएका छन् | ३ | ८.३३ | १८ | ५० | ५८.३३ |
| ३ | केही समावेश भएका छन् | - | - | १ | २.७७ | २.७७ |
| ४ | समावेश भएका छैनन् | - | - | - | - | - |

तालिका नं. १ मा प्रस्तुत तथ्याङ्कका अनुसार 'पाठ्यक्रममा समावेश हुनुपर्ने अङ्गहरू पूर्ण रूपमा समावेश भएका छन्' भन्ने धारणामा सा.क्या.बाट ८.३३ प्रतिशत र

आ.क्या.बाट ३०.५५ प्रतिशत गरी जम्मा ३८.८८ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । त्यसैगरी 'समावेश भएका छन्' भन्ने धारणामा सा.क्या.बाट ८.३३ र आ.क्या.बाट ५० प्रतिशत गरी जम्मा ५८.३३ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'केही समावेश भएका छन्' भन्ने कथनमा आ.क्या.बाट मात्र २.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । यस अन्तर्गत सामुदायिक क्याम्पसका विद्यार्थीको प्रतिक्रिया प्राप्त भएन । त्यसैगरी 'समावेश भएका छैनन्' भन्ने प्रतिमान अन्तर्गत कुनै पनि सहभागीले प्रतिक्रिया दिएनन् । यस तालिका अनुसार 'पाठ्यक्रममा समावेश हुनुपर्ने अङ्गहरू समावेश भएका छन्' भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया प्राप्त भएका छन् ।

**पाठ्यांश शीर्षकप्रति विद्यार्थीको प्रतिक्रिया :** प्रस्तुत अध्ययनका क्रममा पाठ्यांश शीर्षक स्तम्भअन्तर्गत 'अत्यन्त उपयुक्त छ', 'उपयुक्त छ', 'केही उपयुक्त छ', 'उपयुक्त छैन' जस्ता सूचनामूलक प्रतिमान निर्माण गरी विद्यार्थीको प्रतिक्रिया लिएको थियो । यी सूचनामूलक प्रतिक्रिया लिँदा निम्नानुसारको प्रतिक्रिया प्राप्त भएको छ :

तालिका नं. २

*शीर्षक स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क्र.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | अत्यन्त उपयुक्त | २ | ५.५५ | ६ | १६.६६ | २२.२२ |
| २ | उपयुक्त छ | ४ | ११.११ | २४ | ६६.६६ | ७७.७७ |
| ३ | केही उपयुक्त छ | - | - | - | - | - |
| ४ | उपयुक्त छैन | - | - | - | - | - |

तालिका नं. २ मा प्रस्तुत तथ्याङ्क अनुसार पाठ्यांशको शीर्षक 'अत्यन्त उपयुक्त छ'मा सा.क्या.बाट ५.५५ र आ.क्या.बाट १६.६६ प्रतिशत गरी जम्मा २२.२२ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । त्यसैगरी 'उपयुक्त छ'मा सा.क्या.बाट ११.११ प्रतिशत र आ.क्या.बाट ६६.६६ प्रतिशत गरी जम्मा ७७.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । केही उपयुक्त छ र उपयुक्त छैन प्रतिमान अन्तर्गत सहभागी विद्यार्थीहरूले प्रतिक्रिया दिएका

छैनन् । निर्दिष्ट प्रतिमान अन्तर्गत गरिएको परीक्षणमा विद्यार्थीले पाठ्यांशको शीर्षक 'उपयुक्त छ' भन्ने कथनमा अधिक प्रतिक्रिया दिएका छन् ।

**परिचयप्रति विद्यार्थीको प्रतिक्रिया** : प्रस्तुत अध्ययनका क्रममा यस स्तम्भअन्तर्गत विद्यार्थीसँग प्रत्यक्ष सरोकार राख्ने 'पूर्ण रूपमा पाठ्यांशलाई समेट्छ', 'पाठ्यांशलाई समेट्छ', 'पाठ्यांशलाई केही समेट्छ', 'पाठ्यांशलाई समेटेको छैन' भन्ने प्रतिमानहरूबारे विद्यार्थीको प्रतिक्रिया लिइएको थियो । अध्ययनका क्रममा लिइएका प्रतिक्रियाबाट प्राप्त परिणामलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ३

*परिचय स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पूर्ण रूपमा पाठ्यांशलाई समेट्छ | २ | ५.५५ | १२ | ३३.३३ | ३३.८८ |
| २ | पाठ्यांशलाई समेट्छ | ४ | ११.११ | १५ | ४१.६६ | ५२.७७ |
| ३ | पाठ्यांशलाई केही समेट्छ | - | - | ३ | ८.३३ | ८.३३ |
| ४ | पाठ्यक्रमलाई समेटेको छैन | - | - | - | - | - |

तालिका नं. ३ मा प्रस्तुत तथ्याङ्क अनुसार परिचयले 'पूर्ण रूपमा पाठ्यांशलाई समेट्छ' भनी निर्माण गरिएको प्रतिमान अन्तर्गत सा.क्या.बाट ५.५५ प्रतिशत र आ.क्या.बाट ३३.३३ प्रतिशत गरी जम्मा ३३.८८ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'पाठ्यांशलाई समेट्छ' अन्तर्गत सा.क्या.बाट ११.११ प्रतिशत र आ.क्या.बाट ४१.६६ प्रतिशत गरी जम्मा ५२.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको  छ । 'पाठ्यांशलाई केही मात्र समेट्छ' मा आ.क्या.बाट मात्र ८.३३ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । यस प्रतिमान अन्तर्गत सामुदायिक क्याम्पसका विद्यार्थीले प्रतिक्रिया दिएका छैनन् । यस स्तम्भको अन्तिम प्रतिमान

'पाठ्यांशलाई समेटेको छैन' अन्तर्गत कुनै पनि विद्यार्थीले प्रतिक्रिया दिएका छैनन् । निर्दिष्ट प्रतिमान अन्तर्गतको 'पाठ्यांशलाई समेट्छ' भन्नेमा अधिक प्रतिक्रिया प्राप्त भएको छ ।

**साधारण उद्देश्यप्रति विद्यार्थीको प्रतिक्रिया :** प्रस्तुत अध्ययनका क्रममा छनोटमा परेका विद्यार्थीलाई साधारण उद्देश्य स्तम्भबारे चारवटा प्रतिमान निर्माण गरी प्रतिक्रिया लिइएको थियो । यी प्रतिमान अन्तर्गत विद्यार्थीले दिएका प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका न. ४

*साधारण उद्देश्य स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | तह र स्तरअनुसार अति उत्तम | - | - | ३ | ८.३३ | ८.३३ |
| २ | तह र स्तर अनुसार उत्तम | ५ | १३.८८ | २४ | ६६.६६ | ८०.५५ |
| ३ | तह र स्तर अनुसार मध्यम | १ | २.७७ | ३ | ८.३३ | ११.११ |
| ४ | तह र स्तर अनुसार निम्न | - | - | - | - | - |

तालिका न. ४ मा प्रस्तुत तथ्याङ्कका अनुसार साधारण उद्देश्य 'तह र स्तर अनुसार अति उत्तम छ' भन्ने धारणामा आ.क्या.बाट मात्र ८.३३ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'तह र स्तरअनुसार उत्तम छ' भन्ने कथनमा सा.क्या.बाट १३.८८ प्रतिशत र आ.क्या.बाट ६६.६६ प्रतिशत गरी जम्मा ८०.५५ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'तह र स्तरअनुसार मध्यम' अन्तर्गत सा.क्या.बाट २.७७ प्रतिशत र आ.क्या. बाट ८.३३ प्रतिशत गरी जम्मा ११.११ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'तह र स्तर अनुसार अति उत्तम' प्रतिमान अन्तर्गत गरिएको परीक्षणमा सामुदायिक क्याम्पसका विद्यार्थीले प्रतिक्रिया दिएनन् । 'तह र स्तरअनुसार निम्न' प्रतिमान अन्तर्गत सहभागीमध्ये कसैले प्रतिक्रिया दिएनन् । अतः साधारण उद्देश्यप्रति गरिएको परीक्षणमा 'तह र स्तर अनुसार उत्तम छ' भन्ने प्रतिमानमा अधिक प्रतिक्रिया दिएको पाइयो ।

**विशिष्ट उद्देश्यप्रति विद्यार्थीको प्रतिक्रिया :** प्रस्तुत अध्ययनका क्रममा पाठ्यांशको विशिष्ट उद्देश्य परीक्षणका लागि आठवटा प्रतिमान निर्माण गरिएको थियो । यस स्तम्भअन्तर्गत 'तह र स्तर अनुसार अति उत्तम', 'उत्तम', 'मध्यम' र निम्नसँग सम्बन्धित थिए । त्यसैगरी पाठ्वस्तुको मर्म अनुसार विशिष्ट उद्देश्यअन्तर्गत 'अति उत्तम', 'उत्तम', 'मध्यम', 'निम्न'जस्ता प्रतिमान निर्माण गरी परीक्षण गरिएको थियो । यसबाट प्राप्त परिणामलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका न. ५

*विशिष्ट उद्देश्य स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | तह र स्तर अनुसार अति उत्तम | - | - | ६ | १६.६६ | १६.६६ |
| २ | तह र स्तर अनुसार उत्तम | ५ | १३.८८ | १६ | ४४.४४ | ५८.३३ |
| ३ | तह र स्तर अनुसार मध्यम | १ | २.७७ | ८ | २२.२२ | २५ |
| ४ | तह र स्तर अनुसार निम्न | - | - | - | - | - |
| | पाठ्यवस्तुको मर्म अनुसार | | | | | |
| ५ | अति उत्तम | - | - | ७ | १९.४४ | १९.४४ |
| ६ | उत्तम | ६ | १६.६६ | २० | ५५.५५ | ७२.२२ |
| ७ | मध्यम | - | - | ३ | ८.३३ | ८.३३ |
| ८ | निम्न | - | - | - | - | - |

तालिका नं. ५ मा प्रस्तुत तथ्याङ्क अनुसार विशिष्ट उद्देश्य 'तह र स्तर अनुसार अति उत्तम' अन्तर्गत आ.क्या.बाट मात्र १६.६६ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'उत्तम'मा सा.क्या.बाट १३.८८ प्रतिशत र आ.क्या.बाट ४४.४४ प्रतिशत गरी जम्मा ५८.३३ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'मध्यम'मा सा.क्या.बाट २.७७ प्रतिशत र आ.क्या.बाट २२.२२ प्रतिशत गरी जम्मा २५ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । पाठ्यवस्तुको मर्म अनुसार 'अति उत्तम'मा आ.क्या.बाट मात्र १९.४४ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'उत्तम'मा सा.क्या.बाट १६.६६ प्रतिशत र आ.क्या. बाट ५५.५५ प्रतिशत

गरी जम्मा ७२.२२ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। 'मध्यम'अन्तर्गत आ.क्या.बाट ८.३३ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। 'अति उत्तम' र 'मध्यम' प्रतिमान अन्तर्गत सामुदायिक क्याम्पसका विद्यार्थीले प्रतिक्रिया दिएका छैनन् भने 'निम्न छ'मा सहभागीमध्ये कसैले प्रतिक्रिया दिएनन्। वस्तुतः विशिष्ट उद्देश्य स्तम्भप्रति गरिएको अध्ययन परीक्षणमा 'तह र स्तर अनुसार उत्तम छ'मा अधिक प्रतिक्रिया प्राप्त भएका छन्।

**पाठ्यवस्तु र त्यसको वितरण तथा पाठ्य घण्टीप्रति विद्यार्थीको प्रतिक्रिया :** प्रस्तुत अध्ययनका क्रममा छनोटमा परेका विद्यार्थीलाई पाठ्यवस्तु र त्यसको वितरण स्तम्भ अन्तर्गत आठवटा प्रतिमान निर्माण गरेर परीक्षण गरिएको थियो। उक्त प्रतिमान अन्तर्गत विद्यार्थीको प्रतिक्रियालाई तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. ६

*पाठ्यवस्तु र त्यसको वितरण स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क्र.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पूर्णतया उपयुक्त छ | - | - | ७ | १९.४४ | १९.४४ |
| २ | उपयुक्त छ | ६ | १६.६६ | १९ | ५२.७७ | ६९.४४ |
| ३ | केही उपयुक्त छ | - | - | ४ | ११.११ | ११.११ |
| ४ | अनुपयुक्त छ | - | - | - | - | - |
| | पाठ्यघण्टी | | | | | |
| ५ | सबै एकाइमा पूर्णतया उपयुक्त छ | - | - | ९ | २५ | २५ |
| ६ | सबै एकाइमा उपयुक्त | ५ | १३.८८ | १६ | ४४.४४ | ५८.३३ |
| ७ | केही एकाइमा उपयुक्त | १ | २.७७ | ५ | १३.८८ | १६.६६ |
| ८ | अनुपयुक्त | - | - | - | - | - |

तालिका नं. ६ मा प्रस्तुत तथ्याङ्क अनुसार पाठ्यवस्तु र त्यसको वितरण 'पूर्णतया उपयुक्त छ' अन्तर्गत आ.क्या.बाट मात्र १९.४४ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। 'उपयुक्त छ'मा सा.क्या.बाट १६.६६ प्रतिशत र आ.क्या.बाट ५२.७७ प्रतिशत गरी जम्मा

६९.४४ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'केही उपयुक्त छ' अन्तर्गत आ.क्या.बाट मात्र ११.११ प्रतिशत प्रतिक्रिया प्राप्त छ । 'पूर्णतया उपयुक्त छ' र 'केही उपयुक्त छ' प्रतिमानमा सामुदायिक क्याम्पसका विद्यार्थीले प्रतिक्रिया दिएका छैनन् । अन्तिम प्रतिमान 'अनुपयुक्त छ' अन्तर्गत सहभागी कसैले प्रतिक्रिया व्यक्त गरेको पाइएन । पाठ्यवस्तु र त्यसको वितरण स्तम्भप्रति लिएका प्रतिक्रियामा 'उपयुक्त छ' मा अधिक प्रतिक्रिया प्राप्त भएका छन् ।

पाठ्यघण्टीप्रति निर्माण गरिएका प्रतिमानअन्तर्गत पाठ्यघण्टी 'सबै एकाइमा पूर्णतः उपयुक्त छ' अन्तर्गत आ.क्या.बाट मात्र २५ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । यसमा सामुदायिक विद्यालयका विद्यार्थीले सहभागिता जनाएका छैनन् । 'सबै एकाइमा उपयुक्त' भन्ने धारणामा सा.क्या.बाट १३.८८ प्रतिशत र आ.क्या.बाट ४४.४४ प्रतिशत गरी जम्मा ५८.३३ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'केही एकाइमा उपयुक्त' भन्ने कथनमा सा.क्या.बाट २.७७ प्रतिशत र आ.क्या.बाट १३.८८ प्रतिशत गरी जम्मा १६.६६ प्रतिशत प्रतिक्रियामा पाइएको छ । 'अनुपयुक्त छ' भन्ने प्रतिमानमा सहभागी कसैले पनि प्रतिक्रिया दिएका छैनन् । वस्तुतः पाठ्यघण्टीको अध्ययन परीक्षणमा विद्यार्थीले दिएका प्रतिक्रियाअन्तर्गत 'सबै एकाइमा उपयुक्त छ' मा अत्याधिक प्रतिक्रिया दिएको देखियो ।

**कार्यकलापको पर्याप्तता, स्तरीयता र समसामयिकताप्रति विद्यार्थीको प्रतिक्रिया :** प्रस्तुत अध्ययनमा निर्दिष्ट स्तम्भको प्रतिक्रिया लिँदा 'अति उत्तम', 'उत्तम', 'मध्यम', 'निम्न' गरी चारवटा प्रतिमान निर्माण गरी परीक्षण गरिएको थियो । यस अन्तर्गत विद्यार्थीले दिएका प्रतिक्रियालाई तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. ७

*कार्यकलापको पर्याप्तता, स्तरीयता र समसामयिकताप्रति विद्यार्थीको प्रतिक्रिया*

| क्र.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | अति उत्तम | - | - | १ | २.७७ | २.७७ |
| २ | उत्तम | २ | ५.५५ | १८ | ५० | ५५.५५ |
| ३ | मध्यम | ४ | ११.११ | ११ | ३०.५५ | ४१.६६ |
| ४ | निम्न | - | - | - | - | - |

तालिका नं. ७ मा प्रस्तुत तथ्याङ्क अनुसार कार्यकलापको पर्याप्तता, स्तरीयता र समसामयिकता स्तम्भप्रति विद्यार्थीको प्रतिक्रियाअन्तर्गत 'अति उत्तम'मा आ.क्या.बाट मात्र २.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। यस प्रतिमानमा सामुदायिक क्याम्पसका विद्यार्थीले प्रतिक्रिया दिएका छैनन्। 'उत्तम'मा सा.क्या.बाट ५.५५ प्रतिशत र आ.क्या.बाट ५० प्रतिशत गरी जम्मा ५५.५५ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। 'मध्यम'अन्तर्गत सा.क्या.बाट ११.११ प्रतिशत र आ.क्या.बाट ३०.५५ प्रतिशत गरी जम्मा ४१.६६ प्रतिशत प्रतिक्रिया प्राप्त भएका छन्। 'निम्न छ' अन्तर्गत विद्यार्थीले प्रतिक्रिया दिएका छैनन्। यस स्तम्भप्रति गरिएको अध्ययन परीक्षणमा 'उत्तम छ' मा अधिक प्रतिक्रिया दिएको देखिएको छ।

**विद्यार्थी केन्द्रित विधिका आधारमा कार्यकलापप्रति विद्यार्थीको प्रतिक्रिया :** यस स्तम्भअन्तर्गत विद्यार्थीको प्रतिक्रिया लिँदा 'अति उत्तम', 'उत्तम', 'मध्यम', 'निम्न' गरी चारवटा प्रतिमान निर्माण गरिएको थियो। यस अन्तर्गत प्राप्त भएका परिणामलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. ८

*विद्यार्थीकेन्द्रित विधिका आधारमा कार्यकलापप्रति विद्यार्थीको प्रतिक्रिया*

| क्र.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | अति उत्तम | - | - | ७ | १९.४४ | १९.४४ |
| २ | उत्तम | ३ | ३.३६ | १६ | ४४.४४ | ५२.७७ |
| ३ | मध्यम | ३ | ३.३६ | ७ | १९.४४ | २७.७७ |
| ४ | निम्न | - | - | - | - | - |

तालिका नं. ८ मा प्रस्तुत तथ्याङ्क अनुसार विद्यार्थी केन्द्रित विधिका आधारमा कार्यकलाप स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया अन्तर्गत 'अति उत्तम'मा आ.क्या.बाट मात्र १९.४४ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। यसमा सामुदायिक क्याम्पसका विद्यार्थीले अभिमत दिएका छैनन्। 'उत्तम'मा सा.क्या.बाट ३.३६ प्रतिशत र आ.क्या.बाट ४४.४४

प्रतिशत गरी जम्मा ५२.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'मध्यम' प्रतिमान अन्तर्गत सा.क्या.बाट ३.३६ प्रतिशत र आ.क्या.बाट १९.४४ प्रतिशत गरी जम्मा २७.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । यस स्तम्भको अन्तिम प्रतिमान 'निम्न छ'मा कुनै पनि विद्यार्थीले अभिमत दिएका छैनन् । अत: विद्यार्थीकेन्द्रित विधिका आधारमा कार्यकलाप अन्तर्गत 'उत्तम छ' भन्ने प्रतिमानमा विद्यार्थीहरूले अत्याधिक अभिमत दिएका छन् ।

**विशिष्ट शिक्षण प्रविधिमा उल्लेखित प्रविधि तथा कियाकलापप्रति विद्यार्थीको प्रतिक्रिया :** विशिष्ट शिक्षण प्रविधिमा उल्लेखित प्रविधि तथा क्रियाकलाप स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया लिँदा 'सबै एकाइमा पूर्ण रूपमा पर्याप्त र उपयुक्त छ', 'सबै एकाइमा पर्याप्त र उपयुक्त छ', 'केही एकाइमा पर्याप्त र उपयुक्त छ', 'सबै एकाइमा अनुपयुक्त छ' जस्ता चारवटा प्रतिमान निर्माण गरी परीक्षण गरिएको थियो । यसबाट प्राप्त परिणामलाई तलको तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. ९

*विशिष्ट शिक्षण प्रविधिमा उल्लिखित प्रविधि तथा क्रियाकलापस्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | सबै एकाइमा पूर्ण रूपमा पर्याप्त र उपयुक्त छ | - | - | ६ | १६.६६ | १६.६६ |
| २ | सबै एकाइमा पर्याप्तप र उपयुक्त | ३ | ३.३६ | १६ | ४४.४४ | ५२.७७ |
| ३ | केही एकाइमा पर्याप्त र उपयुक्त | ३ | ३.३६ | ८ | २२.२२ | ३०.५५ |
| ४ | सबै एकाइमा अनुपयुक्त | - | - | - | - | - |

तालिका नं.९ मा प्रस्तुत तथ्याङ्क अनुसार विशिष्ट शिक्षण प्रविधिमा उल्लिखित प्रविधि तथा कार्यकलाप स्तम्भअन्तर्गत 'सबै एकाइमा पूर्ण रूपमा पर्याप्त र उपयुक्त छ' मा आ.क्या.बाट मात्र १६. ६६ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । यस प्रतिमान अन्तर्गत सामुदायिक क्याम्पसका विद्यार्थीले प्रतिक्रिया दिएका छैनन् । 'सबै एकाइमा पर्याप्त र

उपयुक्त छ' मा सा.क्या.बाट ३.३६ प्रतिशत र आ.क्या.बाट ४४.४४ प्रतिशत गरी जम्मा ५२.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'केही एकाइमा पर्याप्त र उपयुक्त' अन्तर्गत सा.क्या.बाट ३.३६ प्रतिशत र आ.क्या.बाट २२.२२ प्रतिशत गरी जम्मा ३०.५५ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'सबै एकाइमा अनुपयुक्त' प्रतिमानअन्तर्गत कुनै पनि विद्यार्थीले अभिमत दिएका छैनन् । अतः विशिष्ट शिक्षण प्रविधिमा उल्लिखित प्रविधि तथा क्रियाकलापमा विद्यार्थीले दिएका प्रतिक्रिया अन्तर्गत 'सबै एकाइमा पर्याप्त र उपयुक्त छ'मा अत्यधिक प्रतिक्रिया दिएको पाइयो ।

**पाठ्यांशका आधारमा कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधिप्रति विद्यार्थीको प्रतिक्रिया :** पाठ्यांशका आधारमा कक्षा कोठामा प्रयोग गरिएको शिक्षण विधिप्रति विद्यार्थीको प्रतिक्रिया स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया लिँदा 'पूर्ण रूपमा पाठ्यांशमा उल्लेख भएअनुरूप भएको', 'केही मात्र पाठ्यांशमा उल्लेख भए अनुरूप भएको', 'न्यून मात्र पाठ्यांशमा उल्लेख भए अनुरूप भएको', 'पाठ्यांशमा उल्लेख भए अनुरूप नभएको' जस्ता चारवटा प्रतिमान निर्माण गरी परीक्षण गरिएको थियो । यसका आधारमा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १०

*पाठ्यांशका आधारमा कक्षा कोठामा प्रयोग गरिएको शिक्षण विधि स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क्र.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पूर्ण रूपमा पाठ्यांशमा उल्लेख भए अनुरूप भएको | १ | २.७७ | १८ | ५० | ५२.७७ |
| २ | केही मात्र पाठ्यांशमा उल्लेख भए अनुरूप भएको | ४ | ११.११ | १० | २७.७७ | ३८.८८ |
| ३ | पाठ्यांशमा उल्लेख भए अनुरूप नभएको | - | - | २ | ५.५५ | ५.५५ |
| ४ | न्यून मात्र पाठ्यांशमा उल्लेख भए अनुरूप भएको | - | - | १ | २.७७ | २.७७ |

तालिका नं. १० मा उल्लेख भएको तथ्याङ्क अनुसार पाठ्यांशका आधारमा कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधि स्तम्भप्रति प्राप्त भएका प्रतिक्रिया अनुसार 'पूर्ण रूपमा पाठ्यांशमा उल्लेख भए अनुरूप भएको' अन्तर्गत सा.क्या.बाट २.७७ प्रतिशत र आ.क्या. बाट ५० प्रतिशत गरी जम्मा ५२.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। 'केही मात्र पाठ्यांशमा उल्लेख भए अनुरूप भएको' अन्तर्गत सा.क्या.बाट ११.११ प्रतिशत र आ.क्या.बाट २७.७७ प्रतिशत गरी जम्मा ३८.८८ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। 'पाठ्यांशमा उल्लेख भएअनुरूप नभएको'मा आ.क्या.बाट ५.५५ प्रतिशत जम्मा ५.५५ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। यस प्रतिमानअन्तर्गत सामुदायिक क्याम्पसका विद्यार्थीले सहभागिता जनाएका छैनन्। 'न्यून मात्र पाठ्यांशमा उल्लेख भएअनुरूप भएको'अन्तर्गत आ.क्या.बाट मात्र २.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। यस स्तम्भअन्तर्गत 'पूर्ण रूपमा पाठ्यांशमा उल्लेख भएअनुरूप भएको' प्रतिमानमा विद्यार्थीले अत्यधिक प्रतिक्रिया दिएका छन्।

**प्रभावकारी सिकाइ उपलब्धिप्रति विद्यार्थीको प्रतिक्रिया** : प्रभावकारी सिकाइ उपलब्धि स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया लिने क्रममा 'पूर्ण रूपमा हासिल भएको छ', 'केही मात्र हासिल भएको छ', 'न्यून मात्र हासिल भएको छ', 'हासिल भएको छैन' जस्ता चारवटा प्रतिमान निर्माण गरी परीक्षण गरिएको थियो। यस अन्तर्गत प्राप्त भएका नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका न.११

*प्रभावकारी सिकाइ उपलब्धि स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क्र.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पूर्ण रूपमा हासिल भएको छ | १ | २.७७ | १६ | ४४.४४ | ४७.२२ |
| २ | केही मात्र हासिल भएको छ | ५ | १३.८८ | १४ | ३८.८८ | ५२.७७ |
| ३ | न्यून मात्र हासिल भएको छ | - | - | - | - | - |
| ४ | हासिल भएको छैन | - | - | - | - | - |

तालिका नं. ११ मा प्रस्तुत तथ्याङ्क अनुसार प्रभावकारी सिकाइ उपलब्धि स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया प्राप्त भएका छन् । यसले निर्दिष्ट गरे अनुसार प्रभावकारी सिकाइ उपलब्धि 'पूर्ण रूपमा हासिल भएको छ' अन्तर्गत सा.क्या.बाट २.७७ प्रतिशत र आ.क्या. बाट ४४.४४ प्रतिशत गरी जम्मा ४७.२२ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'केही मात्र हासिल भएको छ'मा सा.क्या.बाट १३.८८ प्रतिशत र आ.क्या.बाट ३८.८८ प्रतिशत गरी जम्मा ५२.७७ प्रतिशत रहेको प्रतिक्रिया प्राप्त भएको छ । यस तालिकामा उल्लेख भएको 'न्यून मात्र हासिल भएको छ' र 'हासिल भएको छैन' भन्ने दुईवटै प्रतिमान अन्तर्गत विद्यार्थीले प्रतिक्रिया दिएका छैनन् । यस स्तम्भप्रतिको तथ्याङ्कलाई नियाल्दा प्रभावकारी सिकाइ उपलब्धिप्रति गरिएको अध्ययन परीक्षणमा 'केही मात्र हासिल भएको छ' भन्ने प्रतिमानमा विद्यार्थीले अधिक प्रतिक्रिया दिएका छन् ।

**कक्षा कोठाको प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि :** कक्षाकोठाको प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया लिँदा 'पूर्ण रूपमा पर्याप्त भएको छ', 'धेरै भएको छ', 'केही भएको छ', 'नभएको' जस्ता चारवटा प्रतिमान निर्माण गरी विद्यार्थीको अभिमत प्राप्त गरिएको छ । यस अन्तर्गत प्राप्त भएका नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १२

*कक्षा कोठाको प्रयोगात्मक अभ्यासप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पूर्ण रूपमा पर्याप्त भएको छ | १ | २.७७ | ५ | १३.८८ | १६.६६ |
| २ | धेरै भएको छ | २ | ५.५५ | १३ | ३६.११ | ४१.६६ |
| ३ | केही भएको छ | ३ | ८.३३ | ११ | ३०.५५ | ३८.८८ |
| ४ | नभएको | - | - | १ | २.७७ | २.७७ |

तालिका नं. १२ मा प्रस्तुत तथ्याङ्क अनुसार कक्षाकोठाको प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि अन्तर्गत लिएका प्रतिक्रिया मिश्रित रूपमा प्राप्त भएका छन् । निर्माण गरिएका प्रतिमान अन्तर्गत 'पूर्ण रूपमा पर्याप्त भएको छ'मा सा. क्या.२.७७ प्रतिशत र आ.क्या.बाट १३.८८ प्रतिशत गरी जम्मा १६.६६ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'धेरै भएको छ' मा सा.क्या.बाट ५.५५ प्रतिशत र आ.क्या.बाट ३६.११ प्रतिशत गरी जम्मा ४१.६६ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'केही भएको छ' अन्तर्गत सा.क्या.बाट ८.३३ प्रतिशत र आ.क्या.बाट ३०.५५ प्रतिशत गरी जम्मा ३८.८८ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'नभएको' प्रतिमानअन्तर्गत आ.क्या.बाट मात्र २.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । अन्तिम प्रतिमान 'नभएको' मा सामुदायिक क्याम्पसका विद्यार्थीले प्रतिक्रिया दिएका छैनन् । यसप्रकार कक्षाकोठाको प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि स्तम्भप्रति गरिएको परीक्षणमा चारवटा प्रतिमान रहेकोमा 'धेरै भएको' र 'केही भएको' दुईवटा प्रतिमानमा समान प्रतिक्रिया प्राप्त भएको छ ।

**कक्षा कोठामा शिक्षकद्वारा गरिएको शिक्षण प्रविधिप्रति विद्यार्थीको प्रतिक्रिया :** कक्षाकोठामा शिक्षकद्वारा गरिएको शिक्षण प्रविधि स्तम्भप्रतिको विद्यार्थीको प्रतिक्रिया लिँदा 'पूर्ण सन्तुष्ट छु', 'सन्तुष्ट छु', 'केही सन्तुष्ट छु', 'सन्तुष्ट छैन' जस्ता चारवटा प्रतिमान निर्माण गरी प्रतिक्रिया लिइएको थियो । ती सूचनामूलक प्रतिमानअन्तर्गत प्रतिक्रिया लिँदा निम्नानुसारको परिणाम प्राप्त भएको छ :

तालिका नं. १३

*कक्षा कोठामा शिक्षकद्वारा गरिएको शिक्षण प्रविधिस्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क्र.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पूर्ण सन्तुष्ट छु | - | - | ६ | १६.६६ | १६.६६ |
| २ | सन्तुष्ट छु | ६ | १६.६६ | १८ | ५० | ६६.६६ |
| ३ | केही सन्तुष्ट छु | - | - | ६ | १६.६६ | १६.६६ |
| ४ | सन्तुष्ट छुइनँ | - | - | - | - | - |

तालिका नं.१३ मा प्रस्तुत तथ्याङ्क अनुसार कक्षाकोठामा शिक्षकद्वारा गरिएका शिक्षण प्रविधिप्रतिको सन्तुष्टि अन्तर्गत प्राप्त प्रतिक्रियामा आङ्गिक क्याम्पसका विद्यार्थीको सहभागिता बढी देखिएको छ । कक्षा कोठामा शिक्षकद्वारा गरिएको शिक्षण प्रविधि 'पूर्ण रूपमा सन्तुष्ट छु' अन्तर्गत आ.क्या.बाट मात्र १६.६६ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'सन्तुष्ट छु' मा सा.क्या.बाट १६.६६ प्रतिशत र आ.क्या.बाट ५० प्रतिशत गरी जम्मा ६६.६६ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'केही सन्तुष्ट छु' अन्तर्गत आ.क्या.बाट १६.६६ प्रतिशत जम्मा १६.६६ प्रतिशत रहेको प्रतिक्रिया प्राप्त भएको छ । निर्माण गरिएका प्रतिमान अन्तर्गत 'पूर्ण सन्तुष्ट छु,' र 'केही सन्तुष्ट छु' प्रतिमानमा सामुदायिक क्याम्पसका विद्यार्थीले प्रतिक्रिया दिएका छैनन् भने 'सन्तुष्ट छैन' भन्ने भनाईमा सहभागी कसैले पनि प्रतिक्रिया जनाएका छैनन् । अतः यस स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया प्राप्त भए अनुसार 'पूर्ण सन्तुष्ट छु' र 'केही सन्तुष्ट छु' मा समान प्रतिक्रिया दिएको पाइयो भने 'सन्तुष्ट छु'मा अत्यधिक प्रतिक्रिया प्राप्त भएका छन् ।

**हाम्रो व्यावहारिक जीवनमा यो विषयको उपयोगिताप्रति विद्यार्थीको प्रतिक्रियाः** हाम्रो व्यावहारिक जीवनमा यो विषयको उपयोगिताप्रति विद्यार्थीको प्रतिक्रिया लिने क्रममा 'पूर्ण रूपमा उपयोगी छ', 'उपयोगी छ', 'केही उपयोगी छ' तथा 'उपयोगी छैन' भनी चारवटा प्रतिमान निर्माण गरी प्रतिक्रिया लिएर परीक्षण गरिएको थियो । यी प्रतिमानबाट निम्न अनुसारको प्रतिक्रिया प्राप्त भएको छ :

तालिका नं. १४

*हाम्रो व्यावहारिक जीवनमा यो विषयको उपयोगिता स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क्र.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पूर्ण रूपमा उपयोगी छ | २ | ५.५५ | १२ | ३३.३३ | ३८.८८ |
| २ | उपयोगी छ | ४ | ११.११ | १३ | ३६.११ | ४७.२२ |
| ३ | केही उपयोगी छ | - | - | ५ | १३.८८ | १३.८८ |
| ४ | उपयोगी छैन | - | - | - | - | - |

तालिका नं. १४ मा प्रस्तुत भएको तथ्याङ्क अनुसार हाम्रो व्यावहारिक जीवनमा यो विषयको उपयोगिता के-कति छ भनी गरिएको परीक्षणमा 'पूर्ण रूपमा उपयोगी छ' अन्तर्गत सा.क्या.बाट ५.५५ प्रतिशत र आ.क्या.बाट ३३.३३ प्रतिशत गरी जम्मा ३८.८८ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'उपयोगी छ' मा सा.क्या.बाट ११.११ प्रतिशत र आ.क्या.बाट ३६.११ प्रतिशत गरी जम्मा ४७.२२ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । त्यसैगरी 'केही उपयोगी छ' मा आ.क्या.बाट मात्र १३.८८ प्रतिशत परिणाम प्राप्त भएको छ । निर्धारण गरिएका प्रतिमान अन्तर्गत 'केही उपयोगी छ' अन्तर्गत आङ्गिक क्याम्पसका विद्यार्थीले मात्र प्रतिक्रिया दिएका छन् । अन्तिम प्रतिमान 'उपयोगी छैन' अन्तर्गत सहभागी विद्यार्थी कसैले पनि प्रतिक्रिया दिएनन् । निर्दिष्ट स्तम्भप्रति गरिएको अध्ययनका क्रममा 'उपयोगी छ' प्रतिमान अन्तर्गत अधिक प्रतिक्रिया दिएको देखिन्छ ।

**पाठ्यांशमा उल्लिखित मूल्याङ्कन प्रणालीप्रति विद्यार्थीको प्रतिक्रिया :** प्रस्तुत पाठ्यांश अध्ययनका क्रममा यस स्तम्भको लागि पाठ्यांशमा उल्लिखित मूल्याङ्कन प्रणाली 'पूर्ण रूपमा स्पष्ट छ', 'प्रष्ट र स्पष्ट छ', 'केही स्पष्ट र प्रष्ट छ', 'स्पष्ट र प्रस्ट छैन' गरी चारवटा प्रतिमान निर्माण गरिएका थिए । पाठ्यांशमा उल्लिखित मूल्याङ्कनीय सन्तुलन र अङ्कभार अन्तर्गत 'अति उत्तम', 'उत्तम', 'मध्यम', 'निम्न' भनी प्रतिमान निर्माण गरिएको थियो । त्यसैगरी प्रयोगात्मक कार्यको आधारअन्तर्गत 'मार्गनिर्देशन पर्याप्त छ', 'मार्गनिर्देशन सामान्य छ', 'मार्गनिर्देशन न्यून मात्र छ' तथा 'मार्गनिर्देशन छैन' जस्ता चारवटा गरी जम्मा १२ मूल्याङ्कनसम्बन्धी प्रतिमान निर्माण गरी त्यसैका आधारमा विद्यार्थीको प्रतिक्रिया परीक्षण गरिएको थियो । उक्त परीक्षणबाट प्राप्त तथ्याङ्कीय नतिजा निम्नानुसार प्रस्तुत गरिएको छः

तालिका नं. १५

*पाठ्यांशमा उल्लिखित मूल्याङ्कन प्रणाली स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पूर्ण रूपमा स्पष्ट छ | १ | २.७७ | २ | ५.५५ | ८.३३ |
| २ | स्पष्ट र प्रष्ट छ | ४ | ११.११ | २३ | ६३.८८ | ७५ |
| ३ | केही स्पष्ट र प्रष्ट छ | १ | २.७७ | ५ | १३.८८ | १६.६६ |
| ४ | स्पष्ट र प्रस्ट छैन | - | - | - | - | - |

तालिका नं १५ मा प्रस्तुत तथ्याङ्कमा मिश्रित प्रतिक्रिया प्राप्त भएका छन् । निर्दिष्ट स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया लिँदा निर्माण गरिएका प्रतिमान अन्तर्गत प्राप्त प्रतिक्रिया मूल्याङ्कन प्रक्रिया 'पूर्ण रूपमा स्पष्ट छ'मा सा.क्या.बाट२.७७ प्रतिशत र आ.क्या.बाट ५.५५ प्रतिशत गरी जम्मा ८.३३ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'स्पष्ट र प्रष्ट छ' मा सा.बाट ११.११ प्रतिशत र आ.क्या. बाट ६३.८८ प्रतिशत गरी जम्मा ७५ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'केही स्पष्ट र प्रष्ट छ' अन्तर्गत सा.क्या.बाट २.७७ प्रतिशत र आ.क्या. बाट १३.८८ प्रतिशत गरी जम्मा १६.६६ प्रतिशत प्रतिक्रिया दिएका छन् । यस स्तम्भको अन्तिम प्रतिमान 'स्पष्ट र प्रष्ट' छैन अन्तर्गत सामुदायिक र आङ्गिक दुवै क्याम्पसका विद्यार्थीले सहभागिता देखाएनन् । वस्तुतः पाठ्यांशमा उल्लिखित मूल्याङ्कन प्रणाली स्तम्भप्रति गरिएको परीक्षणअन्तर्गत निर्धारण गरिएको 'स्पष्ट र प्रष्ट छ' प्रतिमानप्रति सहभागी विद्यार्थीको अधिक प्रतिक्रिया प्राप्त भएको देखिन्छ ।

तालिका नं. १६

*पाठ्यांशमा उल्लिखित मूल्याङ्कनीय सन्तुलन र अङ्कभारस्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | अति उत्तम | - | - | ५ | १३.८८ | १३.८८ |
| २ | उत्तम | ४ | ११.११ | २२ | ६१.११ | ७२.२२ |
| ३ | मध्यम | २ | ५.५५ | ३ | ८.३३ | १३.८८ |
| ४ | निम्न | - | - | - | - | - |

तालिका नं.१६ मा उल्लेख भएको तथ्याङ्कअनुसार मूल्याङ्कनीय सन्तुलन र अङ्कभार स्तम्भप्रति गरिएको परीक्षणमा 'अति उत्तम' अन्तर्गत आ.क्या.बाट मात्र १३.८८ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। 'उत्तम'मा सा.क्या.बाट ११.११ प्रतिशत र आ.क्या. बाट ६१.११ प्रतिशत गरी जम्मा ७२.२२ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ। 'मध्यम' अन्तर्गत सा.क्या.बाट ५.५५ प्रतिशत र आ. क्या.बाट ८.३३ प्रतिशत गरी जम्मा १३.८८ प्रतिशत प्रतिक्रिया प्राप्त भएका छन्। 'निम्न छ' मा सहभागी विद्यार्थी कसैले प्रतिक्रिया दिएका छैनन्। तथ्याङ्क सङ्कलनका लागि लिइएको परीक्षणअर्न्तगत मूल्याङ्कनीय सन्तुलन र अङ्कभार 'उत्तम छ' मा सहभागीहरूले अत्यधिक प्रतिक्रिया दिएका छन्।

तालिका नं. १७

*प्रयोगात्मक कार्यको आधार स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | मार्गनिर्देशन पर्याप्त छ | २ | ५.५५ | १३ | ३६.११ | ४१.६६ |
| २ | मार्गनिर्देशन सामान्य छ | ३ | ८.३३ | १७ | ४७.२२ | ५५.५५ |
| ३ | मार्गनिर्देशन न्यून छ | - | - | १ | २.७७ | २.७७ |
| ४ | मार्गनिर्देशन छैन | - | - | - | - | - |

तालिका नं. १७ मा प्रस्तुत तथ्याङ्कअनुसार प्रयोगात्मक कार्यको आधारप्रति लिएको परीक्षणमा प्रयोगात्मक कार्यको 'मार्गनिर्देशन पर्याप्त छ' अन्तर्गत सा.क्या.बाट ५.५५ प्रतिशत र आ.क्या.बाट ३६.११ प्रतिशत गरी जम्मा ४१.६६ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'मार्गनिर्देशन सामान्य छ' मा सा.क्या. ८.३३ प्रतिशत र आ.क्या.बाट ४७.२२ प्रतिशत गरी जम्मा ५५.५५ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'मार्गनिर्देशन न्यून छ' अन्तर्गत आ.क्या.बाट मात्र २.७७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । यसमा सामुदायिक क्याम्पसका विद्यार्थीले प्रतिक्रिया दिएका छैनन् । प्रयोगात्मक कार्यको आधारअन्तर्गत 'मार्गनिर्देशन सामान्य छ' मा अधिक प्रतिक्रिया प्राप्त भएको छ ।

**सिफारिस गरिएका पुस्तकसन्दर्भ/पुस्तकप्रति विद्यार्थीको प्रतिक्रिया :** प्रस्तुत अध्ययनका क्रममा स्नातक तहको पाठ्यांश अन्तर्गत सिफारिस गरिएका पुस्तक/सन्दर्भ पुस्तक सम्बन्धी विद्यार्थीको प्रतिक्रिया लिने क्रममा 'सबै सहजै प्राप्य छन्', 'धेरै जसो प्राप्य छन्', 'केही प्राप्य छन्', 'अप्राप्य छन्' जस्ता चारवटा प्रतिमान निर्माण गरी परीक्षण गरिएको थियो । यसबाट प्राप्त परिणामलाई तलको तालिकामा देखाएको छ :

तालिका नं. १८

*सिफारिस गरिएका पुस्तक/सन्दर्भ पुस्तक स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | सबै सहजै प्राप्य छन् | - | - | ८ | २२.२२ | २२.२२ |
| २ | धेरैजसो प्राप्त छन् | ५ | १३.८८ | १४ | ३८.८८ | ५२.७७ |
| ३ | केही प्राप्य छन् | १ | २.७७ | ८ | २२.२२ | २५ |
| ४ | अप्राप्य छन् | - | - | - | - | - |

तालिका नं.१८ मा प्रस्तुत तथ्याङ्क अनुसार सिफारिस गरिएका पुस्तक/सन्दर्भ पुस्तक अन्तर्गत विद्यार्थीले प्रतिक्रिया दिएका छन् जसमा 'सबै सहजै प्राप्य छन्' मा आ.क्या. बाट मात्र २२.२२ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'धेरै जसो प्राप्य छन्' मा सा.क्या.बाट १३.८८ प्रतिशत र आ.क्या. बाट ३८.८८ प्रतिशत गरी जम्मा ५२.७७ प्रतिशत

प्रतिक्रिया प्राप्त भएको छ । 'केही प्राप्य छन्' मा सा.क्या.बाट २.७७ प्रतिशत र आ.क्या.बाट २२.२२ प्रतिशत गरी जम्मा २५ प्रतिशत प्रतिक्रिया प्राप्त भएका छन् । उक्त स्तम्भको अन्तिम प्रतिमान 'अप्राप्य छन्' मा कुनै पनि सहभागीले प्रतिक्रिया दिएनन् । यसर्थ सिफारिस गरिएका सन्दर्भ पुस्तकप्रति गरिएको परीक्षणअन्तर्गत 'धेरै जसो प्राप्य छन्' मा विद्यार्थीले अधिक प्रतिक्रिया दिएको देखिन्छ ।

**सिफारिस गरिएका सन्दर्भ सामग्रीप्रति विद्यार्थीको प्रतिक्रिया :** प्रस्तुत अध्ययनका क्रममा निर्दिष्ट स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया लिँदा सन्दर्भ सामग्रीको स्तरीयता अन्तर्गत 'पूर्ण स्तरीय छन्', 'धेरैजसो स्तरीय छन्', 'केही स्तरीय छन्', 'स्तरीय छैनन्' जस्ता चारवटा प्रतिमान निर्माण गरिएको थियो । सिफारिस गरिएका सन्दर्भ सामग्रीको पूर्णता र सान्दर्भिकताको परीक्षणका लागि 'सबै पूर्ण रूपमा सान्दर्भिक छन्', 'धेरैजसो सान्दर्भिक छन्', 'केही सान्दर्भिक छन्', 'सान्दर्भिक छन्' जस्ता चारवटा गरी जम्मा आठवटा प्रतिमान निर्माण गरी परीक्षण गरिएको थियो । यसबाट प्राप्त नतिजालाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १९

*सिफारिस गरिएका सन्दर्भ सामग्रीको स्तरीयता स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | पूर्ण स्तरीय छन् | - | - | ५ | १३.८८ | १३.८८ |
| २ | धेरैजसो स्तरीय छन् | ५ | १३.८८ | १५ | ४१.६६ | ५५.५५ |
| ३ | केही स्तरीय छन् | १ | २.७७ | १० | २७.७७ | ३०.५५ |
| ४ | स्तरीय छैन | - | - | - | - | - |

तालिका नं. १९ मा प्रस्तुत तथ्याङ्क अनुसार सिफारिस गरिएका सन्दर्भ सामग्रीको स्तरीयताअन्तर्गत सामग्री 'पूर्ण स्तरीय' छन् अन्तर्गत आ.क्या.बाट मात्र १३.८८ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । 'धेरैजसो स्तरीय छन्' मा सा.क्या.बाट १३.८८ प्रतिशत र आ.क्या. बाट ४१.६६ प्रतिशत गरी जम्मा ५५.५५ प्रतिशत प्रतिक्रिया प्राप्त भएका छन् ।

'केही स्तरीय छन्' मा सा.क्या.बाट २.७७ प्रतिशत र आ.क्या.बाट २७.७७ प्रतिशत गरी जम्मा ३०.५५ प्रतिशत प्रतिक्रिया प्राप्त भएका छन् । 'पूर्ण स्तरीय छन्' प्रति आङ्गिक क्याम्पसका विद्यार्थीले मात्र अभिमत दिएका छन् । 'स्तरीय छैनन्' प्रतिमान अन्तर्गत कुनै पनि विद्यार्थीले प्रतिक्रिया दिएको पाइएन । सिफारिस गरिएका सन्दर्भ सामग्रीको स्तरीयताअन्तर्गत सबैभन्दा बढी प्रतिक्रिया 'धेरैजसो स्तरीय छन्' मा दिएका छन् ।

तालिका नं. २०

*सिफारिस गरिएका सन्दर्भ सामग्रीको पूर्णता र सान्दर्भिकता स्तम्भप्रति विद्यार्थीको प्रतिक्रिया*

| क.सं. | अध्ययनका आधार | प्रतिक्रिया | | | | जम्मा प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | सामुदायिक क्याम्पस | | आङ्गिक क्याम्पस | | |
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १ | सबै पूर्ण रूपमा सान्दर्भिक छन् | - | - | ८ | २२.२२ | २२.२२ |
| २ | धेरैजसो सान्दर्भिक छन् | ६ | १६.६६ | ५ | १३.८८ | ५८.३३ |
| ३ | केही सान्दर्भिक छन् | - | - | ७ | १९.४४ | १९.४४ |
| ४ | सान्दर्भिक छैनन् | - | - | - | - | - |

तालिका नं. २० मा उल्लिखित तथ्याङ्कका आधारमा सिफारिस गरिएका सन्दर्भ सामग्रीको पूर्णता र सान्दर्भिकताका बारेमा लिएका प्रतिक्रियाहरूमा 'सबै पूर्ण रूपमा सान्दर्भिक छन्'मा आ.क्या.बाट मात्र २२.२२ प्रतिशत प्रतिक्रिया प्राप्त भएका छन् । 'धेरैजसो सान्दर्भिक छन्' मा सा.क्या.बाट १६.६६ प्रतिशत र आ.क्या.बाट १३.८८ प्रतिशत गरी जम्मा ५८.३३ प्रतिशत प्रतिक्रिया प्राप्त भएका छन् । 'केही सान्दर्भिक छन्' मा आ.क्या.बाट मात्र १९.४४ प्रतिशत प्रतिक्रिया पाइएको छ । यसमा सामुदायिक क्याम्पसका विद्यार्थीले प्रतिक्रिया दिएका छैनन् । 'सान्दर्भिक छैनन्' अन्तर्गत परीक्षणमा सहभागी कसैले प्रतिक्रिया दिएका छैनन् । निर्दिष्ट स्तम्भप्रति गरिएको परीक्षणमा 'धेरैजसो सान्दर्भिक छन्' अन्तर्गत अधिक प्रतिक्रिया प्राप्त भएका छन् ।

प्रस्तुत अनुसन्धानका क्रममा निर्मित पाठ्यांशमा समावेश हुनुपर्ने अङ्गहरू उत्तम रहेका छन् । पाठ्यांशको शीर्षक प्राप्त परिणामका आधारमा उपयुक्त रहेको देखिएको छ ।

परिचयले पाठ्यांशलाई समेटेको पाइयो । पाठ्यांशको साधारण उद्देश्य तह र स्तर अनुसार उत्तम रहेको देखिएको छ । निर्दिष्ट पाठ्यांशको विशिष्ट उद्देश्य तह र स्तर अनुसार उत्तम रहेको देखिन्छ । पाठ्यवस्तु र त्यसको वितरण तथा पाठ्यघण्टी उपयुक्त रहेको देखिएको छ । सबै एकाइमा उक्त पाठ्यांशका पाठ्यघण्टी पनि उपयुक्त रहेको देखिएको छ । निर्दिष्ट पाठ्यांशका शिक्षण विधि वा प्रविधि उत्तम रहेको देखिएको छ ।

विद्यार्थीकेन्द्रित विधिका आधारमा कार्यकलाप उत्तम रहेको देखिएको छ । पाठ्यक्रमका विशिष्ट शिक्षण प्रविधिमा उल्लिखित प्रविधि तथा कार्यकलाप सबै एकाइमा पर्याप्त र उपयुक्त रहेको देखिएको छ । पाठ्यांशका आधारमा कक्षा कोठामा प्रयोग गरिएको शिक्षण विधि मिश्रित परिणाम प्राप्त भएको छ । केही मात्र पाठ्यांशमा उल्लेख भएअनुरूप भएकोले यसलाई आवश्यक सुधार गर्नुपर्ने देखिएको छ । पाठ्यांशसँग सम्बन्धित अन्य अनुसन्धानले पनि आवश्यक केही संरचनात्मक सुधार गर्नुपर्ने निष्कर्ष निकालेको पाइएको छ (भट्ट, २०२०, पृ.१६८)। प्रभावकारी सिकाइ उपलब्धि आङ्गिक तर्फ पूर्ण रूपमा हासिल भएको देखिन्छ भने सामुदायिकमा केही मात्र हासिल भएको छ । अध्ययनका क्रममा उक्त पाठ्यांशको कक्षा कोठाको प्रयोगात्मक अभ्यास धेरै भएकोले उत्तम रहेको देखिएको छ ।

कक्षाकोठामा शिक्षकद्वारा गरिने शिक्षण प्रविधि पनि सन्तोषजनक रहेको छ, हाम्रो व्यावहारिक जीवनमा यो विषयको उपयोगिता अत्यन्त उच्च रहेको छ । पाठ्यांशमा निर्धारण गरिएका मूल्याङ्कन प्रक्रिया पनि स्पष्ट र प्रष्ट रहेको देखिएको छ । पाठ्यांशमा उल्लिखित मूल्याङ्कनीय सन्तुलन र अङ्कभार उत्तम रहेको देखिन्छ । पाठ्यांशमा निर्देशित प्रयोगात्मक कार्यको मार्गनिर्देशन सामान्य रहेको देखिएकोले यसलाई सुधार गर्नुपर्ने देखिएको छ । सिफारिस गरिएका सन्दर्भ पुस्तक धेरै जसो प्राप्य रहेको पाइएको छ । पाठ्यांशमा उल्लिखित सन्दर्भ सामग्री धेरैजसो स्तरीय रहेको देखिन्छ । सिफारिस गरिएका सन्दर्भ सामग्रीको स्तरीयता धेरैजसो स्तरीय रहेका छन् । सिफारिस गरिएका सन्दर्भ सामग्रीको पूर्णता र सान्दर्भिकता पनि धेरैजसो सान्दर्भिक र पूर्ण रहेको देखिएको छ । अतः यस अध्ययनबाट प्राप्त तथ्याङ्ककीय परिणामलाई विश्लेषण गर्दा समग्रमा निर्दिष्ट पाठ्यांश उत्तम रहेको निष्कर्ष छ ।

**व्यावहारिक लेखन तथा सम्पादन विषयको व्यावहारिक प्रयोग र प्रभावकारिता**

यस अध्ययनमा व्यावहारिक लेखन तथा सम्पादन विषयको प्रयोग र प्रभावकारिताको विश्लेषण गरिएको छ :

**व्यावहारिक प्रयोग** : 'व्यावहारिक' शब्दको अर्थ- व्यवहारमा चल्ने वा चलेको अर्थात् व्यावहार जान्ने वा व्यवहारमा सीपालु भन्ने हुन्छ । 'प्रयोग' शब्दले- कुनै वस्तु वा विषयलाई व्यवहारमा लगाउने कार्य; उपयोग भन्ने बुझाउँछ । नीति, नियम, सिद्धान्त आदिको स्थापना गरी कार्य रूपमा ल्याउने प्रक्रिया; परीक्षण भन्ने अर्थ बुझाउँदछ । यसर्थ व्यावहारिक प्रयोग भन्नाले कुनै वस्तु वा विषयलाई व्यावहारमा लगाउने कार्य/प्रक्रिया भनेर भन्न सकिन्छ । व्यावहारिक लेखन तथा सम्पादन विषयको नीति, नियम, सिद्धान्त आदिका आधारमा व्यावहारिक लेखन कला सीपको दक्षता अभिवृध्दि गर्न सक्षम हुनु हो । व्यावहारिक लेखन विषयको शिक्षणपश्चात् विद्यार्थीले यसको प्रयोग व्यावहारिक जीवनमा के -कति गर्न सफल भए भनेर यसको खोजी यस अध्ययनमा गरिएको छ ।

**प्रभावकारिता** : 'प्रभावकारिता' शब्दको अर्थ आफ्नो स्वाभाव वा क्रियाकलापको छाप अर्कामा तत्काल पार्न सक्ने गुण वा शक्ति; प्रभावधर्मिता भन्ने हुन्छ । व्यावहारिक लेखन तथा सम्पादन विषयको शिक्षण स्नातक तहमा गर्नु र गराइनुका सबल र दुर्बल पक्षको खोजी गरिएको छ । यसर्थ व्यावहारिक लेखन तथा सम्पादन विषयको प्रयोग वास्तविक रूपमा परेको छ कि छैन ? विद्यार्थीले यसलाई सैद्धान्तिक र प्रायोगिक रूपमा कति सकारात्मक रूपमा लिन सफल भए ? साथै यस विषयको शिक्षण प्रभावकारिताको लेखाजोखा गरी व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययन शिक्षाशास्त्र सङ्काय स्नातक तहको चौथो वर्षको व्यावहारिक लेखन तथा सम्पादन विषयको कक्षाकोठामा गरिने व्यावहारिक प्रयोग र प्रभावकारितासँग सम्बन्धित रहेको छ । यस विषयको शिक्षणपश्चात् विद्यार्थीहरूले पर्याप्त अभ्यास गरी व्यावहारिक सीपको कुशलता अभिवृद्धि गर्ने कलाको विकासका लागि स्नातक तहको चौथो वर्षमा शिक्षणका लागि समावेश गरिएको छ ।

**अभिव्यक्ति लेखन** : व्यावहारिक लेखन तथा सम्पादन विषयको कक्षाकोठामा गरिने व्यावहारिक प्रयोग र प्रभावकारिता पत्ता लगाउन गरिएको अनुसन्धानमा गहन अन्तर्वार्तामा सहभागीहरूले अभिव्यक्ति सीपको कक्षामा प्रयोग र प्रभावकारिताको बारेमा चासो व्यक्त

गरेका छन् । यस विषयमा अनुसन्धानकर्ताले 'अभिव्यक्ति सीपलाई शिक्षकले कक्षामा कसरी गराउनु भयो ?' भनी सोधेको प्रश्नमा सहभागीको उत्तर थियो- "बुझाउदैं पढाउँदै गर्नुभयो । प्राज्ञिक लेखन, सिर्जनात्मक लेखन, साहित्य लेखनको चाँहि एकाइ परीक्षा जस्तो गराउनु भयो प्रयोगात्मक गर्नैपर्ने रहेछ नि त म्याम ! जुन छ नि व्यावहारिक नगरी नहुने विद्यार्थीले एकचोटी गरेर बुझ्दैनन् त्यस्तोलाई नोट नै लेखाइदिनुभयो । कक्षामा शिक्षकले लेखाइ सीपसँग रहेर त्यसका प्रकारहरूको बारेमा बुझाउँदै पढाउदै गरेर सरसर नोट लेखाइदिने गर्नुभएको थियो । शिक्षकमा विषयवस्तुको दक्षता भएकोले होला नोट लेखाउँदा पनि छलर्ङ्ग बुझिने खालको हुन्थ्यो । मेम साथीजस्तै मिलनसार हुनुहुन्थ्यो ! जहाँ जतिपटक सोधेपनि हुन्छ भनिदिने उहाँको स्वभाव थियो । शिक्षकले अभिव्यक्ति सीपको मौखिक र लिखित दुवै अभिव्यक्तिको सुरुमा सैद्धान्तिक जानकारी गराउने, त्यसपछि साहित्य र साहित्येत्तरको बारेमा स्पष्ट पार्ने गर्नुभयो र यसरी नै गर्नुपर्छ भनेर ढाँचाका रूपमा तयार गर्न लगाउनु भयो ।" विद्यार्थीलाई अभिव्यक्ति सीप सजिलो लाग्ने, अभ्यास पनि प्रशस्त गरेकोले परीक्षामा पनि सजिलो भएको बताएका छन् । यसर्थः अभिव्यक्ति सीपको सैद्धान्तिक ज्ञानका साथै कक्षाकोठामा गरिने व्यावहारिक प्रयोग प्रभावकारी भएको तथ्य प्राप्त भएको छ ।

**अनुच्छेद लेखन** : यस विषयको व्यावहारिक प्रयोग र प्रभावकारिता पत्ता लगाउन गरिएको अनुसन्धानमा सहभागीहरूले अनुसन्धानकर्तासँग अनुच्छेदसँग सम्बन्धित कुराहरू खुलेर बताएका छन् । अनुच्छेद लेखनको कक्षाकोठामा गरिएको प्रयोग र त्यसको प्रभाव सहभागीमा अत्यधिक परेको पाइएको छ । यस विषयको शिक्षण गर्ने क्रममा सैद्धान्तिक जानकारीपछि विभिन्न विषय क्षेत्रसँग सम्बन्धित अनुच्छेदको नमुना ढाँचा तयार गर्न लगाएको सहभागीले बताएका छन् । कतिपय क्याम्पसमा त्यस समयमा कोभिड १९ का कारण भौतिक रूपमा विद्यार्थी कक्षामा उपस्थित हुन नसके पनि जुम मिटिङ्मार्फत् कक्षा सञ्चालन भएको पाइयो । अनुसन्धानकर्ताले सहभागीसँग 'अनुच्छेद लेखनलाई कक्षामा कसरी प्रयोग गराउनु भयो र कति पटक लेख्न लगाउनु भयो ?' भनी सोधेको प्रश्नको जवाफमा सहभागीले यसरी भनेका छन् :

> शीर्षक नै दिनु भएको थियो 'पहाडी जीवन' । आदि, मध्य र अन्त्यको सङ्गठन मिलाएर कसरी लेख्ने भनेर दिनुभएको थियो । हामीले लेखेर ल्याएका पनि थियौं । एक दुईजनाले प्रस्तुत पनि गऱ्यौं । वाक्यहरू मिलाउँदा

सुरुमा के लेख्ने, मध्यमा कसरी विषयवस्तुलाई विस्तार गर्ने र अन्त्यमा कसरी वाक्य टुंग्याउने भन्ने कुरा भन्नुभएको थियो । म्यामले मौखिक रूपमा भन्नुभयो र विद्यार्थीलाई लेख्न लगाउनु हुन्थ्यो ।

'तपाँईहरूले गृहकार्य कसरी गर्नुभयो ?' भन्ने प्रश्नमा सहभागीको जवाफ यस्तो रह्यो "अनलाइन पढेपनि शिक्षकले गृहकार्य दिनुहुन्थ्यो । हामीले त्यसलाई अनलाईन कक्षामा प्रस्तुति गर्ने र शिक्षकलाई पठाउने गरेका थियौं । विषय शिक्षकले त्यसलाई हेरेर आवश्यक पृष्ठपोषण दिनुहुन्थ्यो ।" कुराकानीका क्रममा 'अनुच्छेद लेखन सीपबारे शीर्षक कसरी छनोट गर्नुभयो' भनी प्रश्न गर्दा एक सहभागीको जवाफ यस्तो थियो, "वस्तुपरक, आत्मपरक अनुच्छेद भनेको के हो आफैँ खोजेर लेख्नुपर्ने थियो । सबै प्रकारका वस्तुपरक, आत्मपरक, आलङ्कारिक, तार्किक, विश्लेषणात्मक, भावनात्मक, आख्यानात्मक सबैको लेख्न सिकाएपछि आठवटै अनुच्छेदको बारेमा लेखेका थियौं । नमुनाको रूपमा एउटा-एउटा सबैले गर्नुपर्ने थियो । एकले अर्कोको शीर्षक मिलाउन पाइन्नथ्यो । मैले के लेखेँ रीता (नाम परिवर्तन)ले त्यो शीर्षकमा लेख्न पाएन ।"

'अनि के चिठ्ठा गर्नुहुन्थ्यो ?' भन्ने प्रश्नमा सहभागी 'ग'ले यसरी बताए, "नाई मैले के लेखेँ, कुन स्रोतबाट ल्याएँ, कुन बुकको लेखेँ या समाजमा गएर मैले देखेर ल्याएँ कि जस्तो आँपको बारेमा लेख्नुपरेमा आँपका धेरै प्रकार हुन्छन् मैले माल्द आँपको बारेमा वा अर्को आँपको बारेमा लेखेँ कि अरूलाई थाहा हुँदैनथ्यो ।"

सहभागीहरूका अनुसार यस विषयको पठनपाठनका क्रममा केही फरकपन देखिएको छ । व्यावहारिक लेखन तथा सम्पादन विषयको शिक्षण सिकाइ क्रियाकलापमा अनुच्छेद लेखनको सैद्धान्तिक परिचय गराएपछि विभिन्न विषयक्षेत्रसँग सम्बन्धित अनुच्छेदका नमुना ढाँचा तयार गरी कक्षामा प्रस्तुत गर्न लगाउने भनी निर्देशन भएकोमा यहाँ सहभागीमध्ये एकले सैद्धान्तिक मात्र भएको, शिक्षकले नमुना ढाँचा बनाउन नलगाएको भनेर गुनासो व्यक्त गर्नुभएको छ । यसै सन्दर्भमा सहभागी 'च' ले यसरी भनेका छन्, "सर त अल्छी हुनुहुन्थ्यो । हाम्रो त आउने, भट्याउने, लेखाउने गैजाने । बुझेन भनेपनि नसिकाउने अल्छी खालको हुनुहुन्थ्यो ।" अनुसन्धानका क्रममा सहभागीले अनुच्छेद लेखन सीपको कक्षा शिक्षणका क्रममा क्याम्पसका शिक्षक अनुसार अध्यापनको तौर तरिका फरक परेको धारणा व्यक्त गरेका छन् । अनुसन्धान क्रममा सहभागीहरूले भनेका तथ्यका आधारमा यहाँ सहभागी भएका 'क', 'ख','ग' र 'घ' ले यस अनुच्छेद लेखन सीपको कक्षा कोठामा समान

किसिमको प्रयोग रहेको बताएका छन् भने 'ङ' र 'च' ले पूर्ण रूपमा सैद्धान्तिक भए पनि अभ्यास आफैँले गरेको बताएका छन् । यो उपशीर्षक त्यति जटिल पनि नभएकाले प्रशस्त अभ्यास आफैँ गरेको सहभागीले बताए । 'क','ख','ग','घ'ले सिर्जनात्मक तरिकाले धेरै अभ्यास गरेको प्रभावकारी भएको बताए भने 'ङ' र 'च'ले कक्षामा प्रयोगात्मक रूपमा अभ्यास कम गराएको बताए । यी सबैको निष्कर्ष स्वरूप कतिपय शिक्षकले शिक्षणीय आचरण सुधार गर्नुपर्ने देखिएको छ ।

**व्यावहारिक लेखन** : व्यावहारिक लेखन सीपको कक्षा कोठामा गरिने प्रयोग र प्रभावकारिताका बारेमा अनुसन्धानकर्तासँग सहभागीले निकै उत्साहित भएर आ-आफ्ना तथ्यहरू व्यक्त गरेका छन् । 'स्नातक तहमा व्यावहारिक लेखन पढ्न पाउँदा कस्तो लाग्यो ?' भनेर गरिएको प्रश्नमा सहभागीले 'अत्यन्त खुशी लागेको र विशिष्ट सीपको विकास भएको' बताएका छन् । 'यस विषयको प्रभाव कस्तो पऱ्यो त?' भनी प्रश्न गर्दा सहभागीमध्ये एकले भने, "यो शीर्षक व्यावहारिक भएको हुनाले प्रभावकारी छ । हामीले नमुना ढाँचा बनाउँदा आफ्नै घर व्यवहारसँग सम्बन्धित भएर बनाएका थियौं । किताबमा भएका कुराहरूका साथै यसले कार्यालयलाई, संस्थालाई चिठी आदि लेख्ने कुराको सैद्धान्तिक ज्ञान दिएको छ ।" यस अन्तर्वार्तामा सहभागी एकले व्यावहारिक रूपमा आफैँ खोजेर, आफैँले लेखेर गर्ने भएकोले त्यतिबेलाको सिकाइको प्रभाव हालसम्म रहेको बताएका छन् ।

'एउटा शीर्षकको कतिवटा नमुना बनाउनु भयो ?' भनी प्रश्न गर्दा उनको जवाफ थियो, "एउटा शीर्षकको कम्तिमा दुईवटा बनाएको हो । शिक्षकलाई देखाउन र अध्ययन पत्रमा समावेश गर्न । आफैँले चाहिँ अभ्यासको लागि ढाँचा बुझ्न बनाएको हो ।" सहभागीहरूले चिठी, दैनिकी, निवेदन, विज्ञापन आदि कसरी लेख्ने, कसरी छाप्ने र विज्ञापन कसरी टाँस्ने भनेर रमाइलो तरिकाले सिकेको बताए । सबैजसोले आफूहरूलाई व्यावहारिक लेखनसम्बन्धी विशिष्ट ज्ञान हासिल भएको बताए ।

'चिठीको ढाँचा शिक्षकले ह्वाइट बोर्डमा बनाउन लगाउनु भएन ?' भनेर प्रश्न गर्दा सबैले कापीको पानामा नै बनाएको बताएका छन् । 'इन्टरनेटको जमानामा चिठीको विभिन्न ढाँचा तयार गर्नु पर्दा दिक्क लागेन ?' भन्ने प्रश्नमा सहभागीमध्ये एकले 'कतिपय व्यावहारिक कार्यका लागि व्यावहारिक रूपमा चिठी नै लेख्नुपर्ने भएकोले रमाइलो लागेको' बताए । उनका अनुसार शिक्षकले सूचनाहरूको नमुना ढाँचा तयार गर्ने बेलामा आफ्नै

कलेजको बिदाका सूचना जस्तैः कृष्णजन्माष्टमी, सरस्वती पूजाको बारेमा नमुना ढाँचा बनाएर ल्याउन अह्राउने गरेका थिए ।

यस विषयमा समावेश भएका उपशीर्षकहरूको शिक्षणपश्चात् चिठी, निवेदन, नागरिकता, संस्था दर्ता, सूचना सम्प्रेषणको बारेमा जानकारी भएको, प्रशस्त अभ्यास गरेको, विज्ञापन देख्दा पनि चासो बढ्न थालेको र यसको महत्त्व बुझेको बताएका छन् । 'सूचना कतिवटा बनाउनु भयो ?' भनेर प्रश्न गर्दा सहभागीमध्ये एकजनाले भने, "सूचना त भैरहेको मिलिहाल्यो र १/२वटा मात्र बनाएको हो । यसका लागि धेरै अभ्यास गर्नु परेन ।"

'बाटोमा हिड्दा वा टेलिभिजनमा विज्ञापन देख्दा कस्तो लाग्थ्यो ?' भन्ने प्रश्नमा सहभागीमध्ये एकले यसरी भनेका छन्, "अरूबेला विज्ञापनको खासै वास्ता हुँदैनथ्यो । तर सिक्ने क्रममा भोलि विज्ञापनको नमुना बनाउनु छ भने आजै ध्यान दिएर हेर्ने, सुन्ने र विज्ञापनका नमुना काटेर राख्ने गरिन्थ्यो । विज्ञापन हेर्नकै लागि कतिवेला अरू कार्यक्रम सकिन्छ र विज्ञापन आँउछ भनी कुरेर समेत बस्ने गर्थें ।"

सहभागी 'ग' का अनुसार 'विज्ञापनमा वास्तविक कुरा लुकेको हुने' रहेछ । उनले भने, "कुनै कार्यक्रम सञ्चालन गर्दा काल्पनिक रूपमा पनि कार्यक्रम सञ्चालन गर्न सकिन्छ तर विज्ञापनले वास्तविकता मात्र प्रस्तुत गर्ने गर्दछ । एफ.एम.मा गएर चाउचाउको विज्ञापन रेकर्ड पनि गरियो । यी सबै क्रियाकलापबाट विज्ञापन किन राखेको होला भन्ने धारणा परिवर्तन हुनाको साथै विज्ञापनको महत्त्व पनि बुझिएको छ ।"

'अहिले लेख्न/बनाउन लगाए चिठी, निवेदन, रसिद, भर्पाइ लेख्न सक्नुहुन्छ त ?' भनेर प्रश्न गर्दा केही सहभागीको जवाफ थियो, "सक्छौं नि ! ढाँचा बुझेर लेख्ने त हो ।" 'अन्य विद्यार्थीले धेरै रटेर पढ्यौं र मात्र लेख्यौं भने । तपाँइहरूले रट्नु पर्‍यो कि परेन ?' भन्ने जिज्ञासामा उनीहरूले भने, "यस विषयमा भएका कुराहरू सबै रटेर जान्न त सकिँदैन । ढाँचा बुझ्नका लागि अनलाइनबाट कक्षा लिएर सिकेका थियौं ।"

'मञ्जुरीनामा लेख्न कति प्राक्टिस गर्नुभयो ?' भनी प्रश्न गर्दा सहभागीले भने, "सुरुमा सैद्धान्तिक पढेको र कापीमा शिक्षकले नोट नै लेखाइदिने गरेको, त्यसपछि सम्बन्धित पक्षको सक्कल ढाँचा देखाएर यसरी नै नमुना बनाउन लगाउनु भएको थियो ।" यसरी हेर्दा सहभागी मध्येका 'क','ख','ग','घ' को लगभग कक्षा कोठामा गरिने शिक्षण प्रयोग मिल्दोजुल्दो नै पाइएको छ ।

यस उपशीर्षकको कक्षा शिक्षणका क्रममा निर्णयपुस्तिका, माइन्युटको ढाँचा सिकाएको बताएका छन् भने यस अन्तर्वार्तामा सहभागीमध्ये 'ङ' र 'च' ले शिक्षकको अल्छीपनका कारण कक्षामा प्रशस्त अभ्यास नगराएको, सैद्धान्तिक नै बढी पढाएको भन्ने तथ्य प्राप्त भएका छन् । 'विषयसूचीमा निर्देशन भएअनुसार व्यक्तिगत कार्य र सामूहिक कार्य कति भए ?' भनी प्रश्न गर्दा सहभागी मध्ये 'च' ले यसरी भनेका छन्, "त्यही असाइनमेन्ट बनाउथ्यौं । एकाइपिच्छे गरेर ल्याएको हेरिदिनुहुन्थ्यो । कापीमा नै गर्ने गरेका थियौं । शिक्षकले पढाउने भन्दापनि लेखाउने गर्नुहुन्थ्यो । शिक्षकले राम्ररी नोट बनाइ दिनुहुन्थ्यो । सामूहिक कार्य भएनन् ।"

'भर्पाइ बनाउन शिक्षकले कसरी सिकाउनु भयो ?' भन्ने प्रश्नको जवाफमा सहभागीमध्ये एकले भने,

> शिक्षकले सक्कल भौचर ल्याएर देखाउनु भएको थियो । त्यसलाई सबैले पालै-पालो हेरेर रसिदको नमुना कापीमा नै बनाएका थियौं । व्यक्तिगत विवरण बनाउँदा आफ्नै बारेमा र अरूको बारेमा नमुना ढाँचा बनाएको हो । व्यावहारिक लेखन व्यवहारमा प्रयोग गरेर अभ्यास गरेको हुनाले यससम्बन्धी धेरै ज्ञान भएको थियो ।

व्यावहारिक लेखन सीपसँग केन्द्रित रहेर गरिएको अध्ययनमा सहभागीले व्यक्त गरेको तथ्यमा सहभागी 'क','ख','ग','घ' को लगभग सबैबाट एकैनासको मिल्दोजुल्दो तथ्य प्राप्त भएको छ । शिक्षण सिकाइका क्रममा कक्षाकोठामा गरिने व्यावहारिक प्रयोग र यसको प्रभाव अत्यन्त धेरै परेको पाइयो । शिक्षकले विषयसूचीले निर्देशन गरेअनुसार धेरै सकारात्मक तरिकाले अभ्यास गराएको र विषयवस्तुको प्रभाव पनि सकारात्मक परेको तथ्य प्राप्त भएको छ । सहभागी 'ङ' र 'च'ले चाहिँ विषय शिक्षकले सैद्धान्तिक ज्ञान मात्र दिलाएका थिए । नमुना देखाएर यसरी नै गर भनेका थिए । शिक्षक आफैँले प्रयोगात्मक रूपमा कक्षाकोठामा ढाँचा तयार गर्न नसिकाएको र त्यसप्रति चासो नै नदेखाएको तथ्य प्राप्त भएको छ ।

**प्रशासनिक लेखन** : शोधपत्र अध्ययन अनुसन्धानका क्रममा उपशीर्षक प्रशासनिक लेखनसँग सम्बन्धित विषयवस्तुको कक्षामा गरिने प्रयोग र प्रभावकारिताको बारेमा गरिएको कुराकानीमा सहभागीबाट सकारात्मक र नकारात्मक दुवै किसिमका तथ्य प्राप्त भएका

छन् । प्रस्तुत विषयवस्तुको शिक्षण सिकाइ क्रियाकलाप सैद्धान्तिकभन्दा प्रयोगात्मक रूपमा बढी अभ्यास गर्नुपर्ने भएकोले प्रशासनिक लेखन सीपको अध्ययनपश्चात् सहभागीले सम्बन्धित उपशीर्षकको ढाँचा बुझेर नमुना ढाँचा तयार गर्न सकिने बताएका छन् । यस अध्ययनमा सहभागी भएका विद्यार्थी 'क' र 'ख' ले कक्षा शिक्षणका क्रममा प्रयोगात्मक कार्य नै बढी भएको, कक्षा भौतिक रूपमा सञ्चालन नभएको तर शिक्षकले इन्टरनेटको प्रयोग गरेर जुम मिटिङ्बाट कक्षामा विषयवस्तुको सैद्धान्तिक जानकारीपश्चात् अभ्यास गर्न लगाएको बताएका छन् । गृहकार्यका रूपमा विभिन्न उपशीर्षकहरूको नमुना ढाँचा तयार गर्न लगाउने र कक्षामा पनि प्रस्तुत गर्न सबैलाई पालैपालो लगाएको बताएका छन् ।

सहभागीलाई 'प्रशासनिक लेखनका विभिन्न प्रकारसँग कतिको परिचित हुनुभयो ?' भनेर प्रश्न गर्दा सबैको मत समान नै रहेको पाइयो । उनीहरूको भनाई थियो, "परिचित भयौं । धेरै जान्यौं । नियुक्तिपत्र, परिपत्र, विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता सबैको बारेमा सैद्धान्तिक जानकारी भयो ।" यसमा भएका सबै उपशीर्षकको कम्तिमा २/३ वटा नमुना ढाँचा शिक्षकले ल्याइदिनु भएको र सक्कल ढाँचा हेरेर बनाएको उनीहरूले बताए ।

'विवाह दर्ताको सक्कल ढाँचा ल्याएर देखाउनु भयो शिक्षकले ?' भनेर प्रश्न गर्दा सहभागीमध्येका एकले 'शिक्षकले सक्कल ढाँचा नै ल्याएर देखाएको' बताए । नागरिकताको पनि वंशज र अङ्गीकृतको सक्कल फारम हेरेर नै अभ्यास गरेको बताए । 'मृत्युदर्ताको नमुना ढाँचा कसरी बनाउनु भयो ?' भनेर सोद्धा सहभागी 'घ'ले यसरी बताए, "मृत्यु दर्ता बनाउँदा आफ्नै घर परिवारमा पछिल्लोपल्ट वितेका व्यक्तिको नाम राखेर बनाउँदा सजिलो हुने रहेछ । मैले मेरै हजुरआमाको नाममा मृत्युदर्ता बनाउने अभ्यास गरेको थिएँ ।" जन्मदर्ता, विवाह दर्ता र मृत्यु दर्ताका सहभागीमध्ये दुईजनाले घरमा भएका सक्कल ढाँचा जस्ताको तस्तै सारेको बताए ।

'नजानेको सोध्दा विषय शिक्षक रिसाउने, नभनिदिने समस्या पनि हुन्छ नि । तपाँईहरूको त्यस्तो भयो कि भएन ?' भन्ने प्रश्नमा एक सहभागीले भने, "शिक्षकले आफैँले नजानेको कुरा जहाँ जतिबेला सोधेपनि हुन्छ भन्नुहुन्थ्यो । शिक्षक आफैं कहिल्यै रिसाउनु भएन तर हामीले नपढ्दा वा अभ्यास नगर्दा भने खिन्न देखिनुहुन्थ्यो ।"

'विवाह दर्ताको नमुना ढाँचा कतिवटा बनाउनु भयो ?' भनेर सोधेको प्रश्नको जवाफमा एक सहभागीको उत्तर यस्तो रह्यो, "अभ्यास गर्दा मैले आफैँले धेरै गरे पनि

एउटा मात्र नमुना बनाएर अध्ययन पत्रमा समावेश गरेकी थिएँ । शिक्षकले यतिवटै बनाउनु पर्छ भन्नु भएन तर नमुना ढाँचा बनाउँदा घर व्यवहार, स्थानीय घटना वा घरकै व्यक्तिलाई राखेर बनाउनु प्रभावकारी हुन्छ भन्नुभएको थियो ।" साथै शिक्षकले एक-एक वटा अध्ययनपत्रमा समावेश गर्ने तर एकको शीर्षक अर्कोसँग मिल्न नहुने गरी फरक-फरक विषयवस्तुको नमुना ढाँचा तयार गर्न भन्नुभएको उनले बताए ।

'यहाँ भएका उपशीर्षकहरू सबैको नमुना ढाँचा बनाउनु भयो ?' भनी प्रश्न गरेकोमा सहभागीले सबै नमुना बनाउने कोशिस गरेको र एउटा शीर्षकको २/३ वटा नमुना ढाँचा बनाएको बताए । 'प्रशासनिक लेखनका क्रममा विवाह दर्ता, मृत्युदर्ता, जन्मदर्ताको नमुना बनाउन जान्नुभयो ?' भन्ने जिज्ञासामा सहभागीमध्ये 'च'ले यसरी बताए, "यसको सबैलाई सक्कल ढाँचा नै ल्याएर दिनुभएको थियो, लेख्न जानेको थिएन, सामूहिक कार्यहरू केही पनि भएनन् ।"

कानुनी लेखन र प्रशासनिक लेखन झुक्किने खालको भएर अप्ठ्यारो लागेको सबै सहभागीले बताए । 'प्रशासनिक लेखनका विभिन्न लिखतको नमुना बनाउन सक्नुहुन्छ ?' भनी प्रश्न गर्दा सहभागी 'ङ' ले यसरी बताए, "सकिँदैन म्याम । किताबको नमुना हेरेर पनि गऱ्यौं, घोकेर पढ्यौं । अचानक पढेको र त्योभन्दा अगाडि सरकारी नोकरी पनि नभएकाले जसरी पनि परीक्षामा पास गर्नुपर्छ भनेर रटेर पढेको हो ।" व्यावहारिक लेखनमा यति धेरै विषयवस्तु पर्दछन् भनेर थाहा नभएको र प्रयोगमा नआएको भएर यी व्यावहारिक कार्य बिर्सिसकेको सहभागीले बताए । यसै सन्दर्भमा 'यसबाट कत्तिको विशिष्ट ज्ञान हासिल भयो त ?' भनी सोधेको प्रश्नको जवाफमा सहभागीले 'त्यतिबेला राम्रै जानेको तर प्रयोगमा नआएकाले बिर्सिएको' धारणा व्यक्त गरे ।

यस अध्ययनमा सहभागी 'क','ख','ग','घ'को भनाइअनुसार निर्दिष्ट शीर्षक उपशीर्षकको शिक्षणका क्रममा कक्षाकोठामा गरिने प्रयोग लगभग एकै किसिमका पाइएको छ । सैद्धान्तिक ज्ञान र बुझाइपछि प्रयोगात्मक रूपमा कक्षामा मात्र नभएर आफैँले प्रशस्त अभ्यास गरेको, शिक्षकले पनि प्रयोगात्मक अभ्यासका लागि सकारात्मक सहयोग गरेको भन्ने तथ्य प्राप्त भएको छ । तर 'ङ' र 'च'को कक्षाकोठामा अभ्यास कम भएको, लेखाउने कार्य बढी भएको, प्रयोगात्मक रूपमा कक्षाकोठामा सम्बन्धित शीर्षक उपशीर्षकको ढाँचा तयार गर्न नसिकाएको कारण विद्यार्थीले परीक्षामा उत्तीर्ण हुनका लागि घोकन्ते शिक्षालाई नै निरन्तरता दिएको धारणा व्यक्त गरेका छन् । उल्लिखित शीर्षक उपशीर्षकको कक्षाकोठामा

गरिने प्रयोगात्मक कार्य आवश्यकताभन्दा कम भएको र यी विषयवस्तुको प्रभाव पनि सहभागीका अनुसार फरक-फरक परेको तथ्य प्राप्त भएको छ ।

**कानुनी लेखन** : कानुनी लेखन सीपको कक्षाकोठामा गरिने प्रयोग र प्रभावकारिता पत्ता लगाउन गरिएको अध्ययन अनुसन्धानमा यस उपशीर्षकका बारेमा सहभागीले सैद्धान्तिक र प्रयोगात्मक बराबर शिक्षण गराएको बताएका छन् । 'कानुनी लेखन विभिन्न उपशीर्षकको कक्षा शिक्षणका क्रममा शिक्षकले सिद्धान्तलाई कतिको महत्त्व दिनुभयो ?' भनेर प्रश्न गर्दा सहभागी 'ख'ले यसरी बताए, "दुवै बराबर । हाम्रो शिक्षक एकदम राम्रो पढाउनु हुन्थ्यो । अभ्यास पनि गर्दै रमाइलो तरिकाले पढाउनु हुन्थ्यो । तमसुक, दृष्टिबन्धक आदि लेख्न सक्ने भयौं । विशिष्ट ज्ञान हासिल भयो ।"

'लिखतका नमुना कतिवटा बनाउनु भयो ?' भन्ने जिज्ञासामा सहभागी 'क'को जबाफ यस्तो रह्यो-

> "लिखतको नमुना बनायौं । उदाहरणका लागि सर्मिलाले आज नेत्रलाई यति पैसा दिएको छ भोलि यसको तमसुकको नमुना ढाँचा बनाएर ल्याउनू भन्नुहुन्थ्यो । हामीले बनाएर कक्षामा प्रस्तुत गर्थ्यौं । साथी-साथीमा पनि नमुना बनाउन लगाउनु हुन्थ्यो ।"

सहभागीहरूका अनुसार व्यावहारिक लेखनमा व्यवहारमा लागू हुने लेखन सीपका विषयवस्तु मात्र छन् । तमसुक लगायतका अत्यावश्यक कागजात लेखनको सीप निकै महत्त्वपूर्ण भएको उनीहरूको बुझाइ छ । छोडपत्र र मिलापत्रको ढाँचा तयार गर्दा शिक्षकले साथी-साथीमा केटाकेटा र केटीकेटीमा वास्तविक नाम परिवर्तन गरेर नमुना ढाँचा तयार गर्न लगाएको र यसबाट नमुना ढाँचा तयार गर्ने प्रक्रिया बुझेको उनीहरूले बताएका छन् ।

प्रशासनिक लेखनभन्दा कानुनी लेखनका विषयवस्तु जटिल भएको सहभागीले बताए । कानुनी लेखनको भाषा शैली फरक हुने भएकाले यसमा प्रयोग भएका पारिभाषिक शब्दहरूलाई आफैंले अध्ययन गरेको उनीहरूले जनाए । शिक्षकले कानुनी भाषाको कक्षा शिक्षणका क्रममा उदाहरण दिँदा यसरी दिने गरेको सहभागीमध्ये 'ग'ले व्यक्त गरेका छन् :

> कानुनी लेखन जटिल खालका हुन्छन् । सानो-सानो कुरा पनि मिलाएर लेख्नुपर्ने रहेछ । एउटा आँप रूखबाट खस्दा कानुनी भाषाको प्रयोग कसरी गरिन्छ भन्नेबारे शिक्षकले एउटा रोचक उदाहरण सुनाउनुभएको थियो । यो

ठाउँमा, यो मितिमा, यति बजे, यस्तो यस्तो घटना भयो भनेर कानूनी भाषामा आँप झरेको कुरा सुन्दा हाँसो लाग्दो सुनिन्थ्यो । कसैले रूख हल्लाएर हो कि, हावा चलेर हो कि, आँप कहाँ झऱ्यो, झरेर भुँइमा कसरी बस्यो भनेर त्यसरी त्योसम्म लेख्नुपर्छ भन्नुहुन्थ्यो । हामीलाई कानुनी भाषा गाह्रो हुँदै गएपछि उहाँले यसरी उदाहरण दिएर बुझाउन खोज्नु भएको थियो ।

'तमसुक कस्ता कस्ता र कतिवटा बनाउनु भयो ?' भन्ने प्रश्नमा सहभागी 'क' र 'ख'को जवाफ यस्तो रह्यो, "तमसुक २/३ वटा जति बनायौं । कपाली तमसुक बनाउन सजिलो लाग्छ । सामान्य दुई/तीन लाखको कारोबार गर्दा, ऋण लिँदा, घरबाट कारोबार गर्दा कपाली तमसुक बनाउन सकिने रहेछ । यस विषयवस्तुको शिक्षणपश्चात् कानुनी लेखनका बारेमा धेरै ज्ञान भएको छ ।"

सहभागी 'ग' र 'घ'को कक्षाकोठाको शिक्षण र अभ्यास समान नै देखिएको छ । उनीहरूले पनि तमसुकका नमुना ढाँचा २/३ वटा त्यतिबेला बनाएको तर परीक्षामुखी भएर पढेका कारण प्रयोगमा नआएर अहिले बिर्सदै गएको बताए ।

नमुना ढाँचाको सन्दर्भमा दृष्टिबन्धक, अंशबण्डा, बकपत्र, घरबहाल लगायत सबै उपशीर्षकको नमुना तयार गरेको सहभागीले बताएका छन् । बैनाबट्टाको नमुना ढाँचा तयार गर्दा घरमा भर्खरै जग्गा किन्दाको सक्कल नै राखेर नमुना तयार पारेको बताए । 'गृहकार्यका रूपमा असाइन्मेन्ट दिनुभएन ?' भनी प्रश्न गर्दा सहभागीले भने, 'बनाउन लगाउनु भएको थियो । त्यहीँबाट राम्रो भएको नमुनालाई अध्ययन पत्रमा समावेश गरेका थियौं । शिक्षकले कक्षा कोठामा शिक्षणका क्रममा अभ्यास नगराए पनि आफैँले प्रशस्त गरेकाले परीक्षामा पनि सजिलो भएको थियो । यसमा कानुनसँग सम्बन्धित शब्द राख्नुपर्ने रहेछ । आफैँले प्रयोग गर्ने सामान्य बोलीचालीको भाषा यसमा प्रयोग नहुने, नमुना पनि लामा-लामा हुने भएकाले यो जटिल भएको हो ।"

बकपत्र र बकस पत्रमा प्रायः सधैं झुक्किने गरेको सहभागीको अनुभव छ । कानुनी लेखनका प्रकारहरूको बारेमा सैद्धान्तिक ज्ञान प्रशस्त भएको, कानुनी शब्द सुन्दा अप्ठ्यारो लाग्ने तर भित्र पढ्दै गएपछि यस्तो पो रहेछ भन्ने लाग्ने गरेको सहभागीमध्ये एकले बताएका छन् ।

'तमसुकको नमुना कतिवटा बनाउनु भयो' भन्ने प्रश्नमा सहभागी 'ङ' र 'च' को मत फरक देखिएको छ । उनीहरूले 'आफूलाई राम्रो लागेर धेरै बनाएको, नहेरी लेख्न आउने गरी अभ्यास गरेको तर व्यावहारिक रूपमा शिक्षकले नमुना ढाँचा बनाउन नलगाएको' बताए । 'अध्ययनबाट विशिष्ट ज्ञान हासिल भयो त ?' भनेर प्रश्न गर्दा सहभागीमध्ये एकले भने, "कानुनी लेखन अरूभन्दा गाह्रो लाग्यो । तैपनि परीक्षामा उत्तीर्ण हुनका लागि रटेर नै पढियो । उत्तीर्ण पनि भइयो । नमुनाहरू कुनै पनि नछुटाइ बनाइएको थियो । शिक्षकले पृष्ठपोषण चाँहि दिने गर्नुभएको थियो ।"

कानुनी लेखनको उपशीर्षकको अध्ययनका क्रममा सहभागीबाट फरक-फरक तथ्य प्राप्त भएका छन् । सहभागीमध्ये एकका अनुसार हाम्रो शिक्षणीय शैली सुरुदेखि अन्त्यसम्म एउटै स्तरमा जाने गरेको छ । यस एकाइमा जटिल विषयवस्तु समावेश गरिएको छ भनेर पाठ्यक्रमले समय बढी दिएपनि शिक्षणीय शैली भने परिवर्तन नहुँदा खासै प्रभावकारी हुन सकेको छैन । यस विषयको अध्यापनका क्रममा कक्षामा अभ्यास र कक्षा प्रस्तुति प्रशस्त गराएकाले विद्यार्थीहरूको लागि धेरै व्यावहारिक र प्रभावकारी भएको धारणा सहभागीहरूले व्यक्त गरेका छन् । यस सन्दर्भमा चारवर्षे स्नातक र तीनवर्षे स्नातक अध्ययन गर्ने विद्यार्थीका धारणा समान छैनन् । सहभागीमध्ये चार जनाले आफैँ व्यावहारिक सीप र यसको प्रभावले परिपक्व भएको बताएका छन् । चारवर्षे स्नातक अध्ययन गर्नेले स्वरोजगार हुनका लागि यसले प्रशस्त मार्गनिर्देश गरेको धारणा व्यक्त गरेका छन् । यसको अभ्यास प्रशस्त गरेकाले दक्ष, सक्षम भएको, कक्षामा अगाडि जाने प्रस्तुति गर्ने, साथीसँग समूहमा छलफल गर्ने क्षमताको विकास भएको बताएका छन् । अर्का एक सहभागीले भने आफ्नो धारणा यसरी राखेका छन्, "गाँउघरमा पढेलेखेका व्यक्ति कम हुने भएकाले व्यावहारिक लेखनसम्बन्धी काम परेमा कसले के लेखिदियो थाहा हुदैंनथ्यो । तर चारवर्षे स्नातकले व्यावहारिक रूपमा विभिन्न लिखतहरू तथा अन्य कागजातहरू तयार गर्न सक्ने बनायो । त्यसैले कानुनी लेखन सीपको अध्ययन अत्यन्तै फाइदाजनक भएको छ ।"

त्यसैगरी यस अध्ययन अनुसन्धानमा सहभागी 'ङ' र 'च' ले भने 'कानुनी लेखन पाठ्यक्रमको उद्देश्य अनुरूप नभएको, शिक्षण सिकाइ कार्यकलापमा निर्देशन भएअनुसार प्रयोगात्मक रूपमा विषय शिक्षकले कक्षामा समूहगत वा व्यक्तिगत कार्य नगराएको, सैद्धान्तिक रूपमा मात्र शिक्षण गराएको, परीक्षाका लागि रट्ने गरेको, शिक्षकको गैरजिम्मेवार स्वाभावका कारण विषयवस्तु बुझ्न गाह्रो भएको' बताए । प्रस्तुत अध्ययनका

क्रममा कानुनी लेखन सीपको कक्षा शिक्षणमा प्रयोग र प्रभावकारिता पनि शिक्षक अनुसार फरक-फरक भएको तथ्य प्राप्त भएको छ ।

**बैङ्क तथा वित्तीय कारोबारसम्बन्धी लेखन :** बैङ्क तथा वित्तीय कारोबारसम्बन्धी लेखन सीपको बारेमा लिएको अन्तर्वार्तामा सहभागीले आ-आफ्नो धारणा व्यक्त गरेका छन् । 'बैङ्क तथा वित्तीय कारोबारसम्बन्धी लेखन सीपको कक्षा शिक्षणका क्रममा बैङ्क भौचर कतिवटा बनाउनु भयो ?' भनी प्रश्न गर्दा सहभागीमध्ये एकले यसरी व्यक्त गरेका छन्, "दिनका दिन एक-एकवटा बनाउन लगाउनु भएको थियो । शिक्षकले प्रयोगात्मक कार्य समूहमा नै गराउनु भएको थियो । कक्षा शिक्षणका क्रममा व्याख्या, विश्लेषण, छलफल सबै गराइएको थियो । कक्षामा कम बोल्ने विद्यार्थीलाई पनि शिक्षकले जुम मिटिङ्मा नाम नै बोलाएर सोध्ने गर्नु भएको थियो । आफूले तयार गरेका सामग्री शिक्षकलाई म्यासेन्जरमा समूहमा पठाउने गरेका थियौं । त्यसलाई हेरेर शिक्षकले सुधार गर्नका लागि आवश्यक पृष्ठपोषण दिने गर्नुभएको थियो । नमुना ढाँचा बनाउन २/३ वटा किताब हेरेर अभ्यास गरेका थियौं ।" त्यसबेला कोभिड १९ का कारण लकडाउन भएकोले इन्टरनेट प्रयोग गरी नमुना खोजेको सहभागी 'क' र 'ख'ले बताए ।

'बैङ्क भौचरको नमुना ढाँचा बनाउन जान्नुहुन्छ ?' भनेर सोधेकोमा सहभागीमध्ये एकले यसरी भनेका छन् :

> कतिवटा भन्दा पनि नबिग्रिउन्जेल लगभग ५/६ वटा जति बनायौं । कोठा धर्का बनाउन नआउने मलाई । थोरै बिग्रने बित्तिकै शिक्षकले रेड पेनले रेजा लगाइदिइ हाल्ने । लास्टमा त अब त अति भो सर ! अब त हामी सक्दैनौं कहाँ-कहाँ बिग्रिएको छ कापीमा टिपिदिनू, टिपेक्स लाएर बनाउछौंसम्म भनेका थियौं ।

सहभागीले अभ्यास धेरै गर्नुपरेको र शिक्षकले बैङ्क भौचरको सक्कल ढाँचा ल्याएर देखाउनु भएको बताएका छन् । 'सेयर खरिद फारम बनाउन सिक्नुभयो ?' भनेर प्रश्न गर्दा सहभागी 'घ'ले यसरी भनेका छन्, "सेयरको बारेमा सैद्धान्तिक रूपमा सामान्य जानकारी भयो । हामी पनि रिपोर्ट लेख्दै जाने घरमा पनि समय दिन पर्‍यो । पछाडि जति गयो परीक्षा पनि नजिक आउँदै गरेको हुनाले समय नपुगेको जस्तो हुने । हामी विद्यार्थी पनि आफैँ व्यस्त हुने । खासै समय मिलेन । तर, पछाडि वास्तवमा धेरै गहिरिएर बुझ्नुपर्ने कुरा छन् ।"

विषयवस्तु एकाइअनुसार जति पछाडि गयो उति जटिल हुने गरेको, विषय सूचीमा उल्लिखित सामान्य विषयवस्तुलाई समय बढी खर्चिने गरेकाले जटिल विषयवस्तुलाई समय कम हुने गरेको सहभागीको धारणा छ ।

यस विषयको शिक्षणका क्रममा सुरुमा नमुना ढाँचा तयारीका क्रममा खेस्रा गर्ने गरेको र त्यसलाई शिक्षकले हेरेर पृष्ठपोषण दिएपछि ती नमुना ढाँचालाई आवश्यकताअनुसार सुधार गरेर अध्ययन पत्रमा समावेश गरेको बताएका छन् । अनुसन्धानकर्ताले 'यो विषय पढ्दा मात्र हो कि पछिसम्मका लागि प्रभावकारी भयो ?' भनेर प्रश्न गर्दा एक सहभागीले यसरी बताए, "समाजमा परिआएको बखतमा गर्न सकिने रहेछ । अलिकति अभ्यास र मेहेनत गर्ने हो भने यस विषयसँग सम्बन्धित विविध कागजात तयार गर्न, काम गर्न सकिने रहेछ ।" शिक्षाशास्त्र सङ्काय, अझ नेपाली विषयमा विशिष्टीकरण गर्न चाहनेका लागि अति नै आवश्यक रहेको सहभागीले बताएका छन् । मेहनत गरेमा स्वरोजगार हुन यसले सहयोग गर्ने उनीहरूको धारणा छ । उनीहरूको भनाइ छ, "जसले यी विषयवस्तुको अध्ययन गरेको छ उसले यसको पढ्दाखेरी मात्र ढाँचा बनाउन सक्ने भएर भएन । त्यसको सदुपयोग गर्न बिर्सनु भएन । हामीले पनि व्यावहारिक लेखनसँग सम्बन्धित आवश्यक कागजातहरू बनाउन सक्ने रहेछौं भन्ने लागेको छ ।"

यस उपशीर्षकको बारेमा गरिएको कुराकानीका क्रममा सहभागी 'च'ले बैङ्क तथा वित्तीय कारोवार गाह्रो लागेको बताए । 'बैङ्कमा गएर सक्कल बैङ्क भौचर ल्याएर अभ्यास गर्दा हुँदैनथ्यो र?' भनेर प्रश्न गर्दा सहभागीले 'शिक्षकले स्क्यान गर्न नहुने भन्नुका साथै कक्षामा कम अभ्यास गराएको कारण बैङ्कपिच्छेका फरक-फरक ढाँचाको नमुना बनाउनु अप्ठ्यारो लागेको' बताए । यसमा रहेको उपशीर्षक 'धितोबन्धक, धितोफुक्काको नमुना ढाँचा कसरी गर्नुभयो ?' भनेर प्रश्न गर्दा सहभागी 'घ'ले यसरी बताएका छन् :

> यसको नमुना पनि किताबको हेरेर बनायौं । कक्षा शिक्षण सैद्धान्तिक र व्यावहारिक दुबै भएपनि हाम्रो ध्यान परीक्षामै मात्र ज्यादा केन्द्रित थियो । ठाँउअनुसार पनि हुन्छ होला । कतिपय कलेजमा प्रयोगात्मक अभ्यास पनि राम्रै गराईन्छ होला । तर हाम्रो तराईमा त त्यति सारो प्रयोगात्मक नहुने । अझै पनि छैन जस्तो लाग्छ ।

यहाँ सहभागीले बताए अनुसार चारवर्षे स्नातक पढेका विद्यार्थीलाई एम.एडमा सजिलो भएको, समग्रमा यस उपशीर्षकको कक्षा शिक्षण प्रयोग र प्रभावकारिताको सम्बन्धमा भने ठीकै प्रभाव परेको तथ्य प्राप्त भएको छ ।

**भाषा सम्पादन** : व्यावहारिक लेखन तथा सम्पादन विषयको भाषा सम्पादन शीर्षकसँग सम्बन्धित रहेर गरिएको कुराकानीमा सहभागीले निकै असहज तरिकाले जवाफ दिएका छन् । यस अन्तर्वार्ताका सहभागी सुरुमा निकै उत्साहित थिए । कुराकानीका क्रममा भाषा सम्पादनसम्म आइपुग्दा विषयवस्तुको जटिलताले सहभागी अल्मलिएको प्रस्टै बुझिन्थ्यो । यसैक्रममा 'भाषा सम्पादनको आवश्यकता रहेछ कि रहेनछ ?' भनी सोधिएको प्रश्नको जवाफमा सहभागी 'क' र 'ख' ले यसरी भनेका छन् -

> भाषा सम्पादनको एकदमै धेरै आवश्यकता छ । पहिलेदेखि नै भाषालाई शुद्ध लेख्न र पढ्न जान्नुपर्ने रहेछ । कुनै पनि भाषामा लेख, रचना, कृति, उपन्यास आदि लेख्दा सबैलाई सम्पादनको खाँचो पर्छ । भाषाको मानक रूप पहिलेदेखि नै निर्धारण गर्नुपर्ने रहेछ । व्याकरणमा शुद्धाशुद्धि आउँछ नि त । हामीले सानैदेखि व्याकरण पढ्दै आएका छौं । भाषा सम्पादन सानैदेखि चाहिन्छ । हामी नेपालीभाषी भएकाले भाषा सम्पादनमा मानक रूप दिएर लानुपर्ने रहेछ भाषामा हामीले ।

'भाषा सम्पादन जटिल भयो है न त ?' भन्ने प्रश्नमा सहभागीले 'एकाइअनुसार अगाडिको चाँहि दैनिक जीवनमा प्रयोग भैरहने विषयवस्तु भएकाले सजिलो भएको र एकाइअनुसार जति पछाडि गयो उति नै विषयवस्तु जटिल लाग्दै गएको' बताए ।

अर्का एक सहभागीका अनुसार कक्षाको पठनपाठन भौतिक उपस्थितिमै भएपनि अन्तिमतिरको पाठ विद्यार्थीले आफैँले पढेर पास गरेका हुन् । उनले भने, "त्यति कक्षा नभएकाले भाषा सम्पादनको बारेमा खासै जानकारी भएन । शिक्षकले पृष्ठपोषण दिएपनि यो गाह्रो लागेको थियो । त्यतिबेला पढेको तर कतै जागिर नभएको भएर जहाँ पढ्यो त्यही छाड्यो जस्तो भयो । अब पनि हेर्दा त आउला तर धेरै बिर्सिसकियो ।"

'भाषा सम्पादनको कसरी अभ्यास गर्नुभयो?' भनी सोधिएको प्रश्नमा अर्का सहभागी 'घ'ले यसरी आफ्नो धारणा व्यक्त गरेका छन्, "यो भाषा सम्पादनमा चाँहि लामा-लामा उदाहरण दिएर त्यसलाई छोटो पार्ने के-के गर्ने चाँहि हामीलाई गराउनु भयो । थोरै लेखेर

हुन्छ नि अब कविको बारेमा बायोडाटा लेख्दा त्यो दिएर अनुच्छेदमा लेख्ने जस्ता काम भए ।" भाषा सम्पादनको कक्षा शिक्षणपश्चात् सहभागीले कुनै कुरा लेख्दै जाँदा छुटेमा कसरी लेख्ने भन्नेबारे ज्ञान भएको बताएका छन् ।

'भाषा सम्पादन गर्न अनुच्छेदहरू दिएर लगाइएको थियो र ?' भन्ने प्रश्नमा सहभागी 'ग'ले यसरी बताएका छन्, "त्यो त गर्न लगाउनु भयो नि । मिलाउन नै सकिएन (लामो हाँसो) कसरी काँटछाँट गर्ने । राख्नुपर्ने कुरा चैं राखिदिने, नराख्नुपर्ने हटाउनु पर्ने कुरा चै राखिदिने । अब त्यो सम्पादन गर्दा त्यो मिलाउन सक्नु परो नि !"

सहभागीहरूका धारणा बुझ्दा भाषा सम्पादनको कक्षामा प्रयोग त्यति धेरै नभएको पाइएको छ । यसको प्रभाव पनि कम मात्र परेको छ । साथै यसको विषयवस्तुअन्तर्गत के-के पर्छ भनेर सहभागीहरू झुक्किइरहेको तथ्य प्राप्त भएको छ ।

**पाण्डुलिपि सम्पादनः** व्यावहारिक लेखन तथा सम्पादन विषयको कक्षाकोठामा गरिने प्रयोग र प्रभावकारिता पत्ता लगाउन गरिएको अध्ययन अनुसन्धानमा सहभागीले निकै असहज भएर प्रतिक्रिया व्यक्त गरेका छन् । यस विषयमा सबैभन्दा जटिल लागेको विषयवस्तु पाण्डुलिपि भएको बताएका छन् । सहभागीलाई 'शिक्षकले पाण्डुलिपिको नमुना देखाउनु भयो ? कतिवटा सम्पादन गर्न लगाउनु भयो ?' भनी प्रश्न गर्दा 'शिक्षकले नमुना देखाएको र २/४वटा नमुना सम्पादन गर्न समेत लगाएको' केही सहभागीले बताएका छन् । यस शीर्षकमा रहेको 'छपाइशुद्धि कस्तो लाग्यो?' भनी गरेको प्रश्नको जवाफमा सहभागीमध्ये 'क' र 'ख' ले समान प्रतिक्रिया दिएका छन् । छपाइशुद्धिमा चिह्नको प्रयोग जटिल लागेको, अरू विषयवस्तुभन्दा पाण्डुलिपि सम्पादन अप्ठ्यारो लागेको, पाण्डुलिपिको सैद्धान्तिक ज्ञान लिएको तर पाण्डुलिपि सम्पादन गर्न अहिले पनि नआउने सहभागीमध्ये एकले बताए । पाण्डुलिपिको बारेमा सुनेको भएपनि नियमित कक्षामा उपस्थित भएर अध्ययन गर्ने विद्यार्थीले पनि यसको बारेमा त्यति धेरै बुझ्न नसकेको सहभागी 'ङ'ले बताए ।

'शिक्षकले पाण्डुलिपिको नमुना देखाउनु भयो ?' भनी सोधेको प्रश्नको जवाफमा अर्का सहभागीले यसरी बताए, "पाण्डुलिपिमा के छ र थाहै भएन । अन्तिमतिरको भएर सबै बिर्सिसकियो ।"

यसैगरी पाण्डुलिपिलाई 'प्रयोगात्मक रूपमा कसरी गराउनु भयो ?' भनेर प्रश्न गर्दा सहभागीमध्ये 'ग' ले यसरी भनेका छन्, "पाण्डुलिपिको अभ्यास गर्दा एउटा अनुच्छेदलाई बिगारेर शुद्ध गर्न लगाउनु भएको थियो । साह्रै गाह्रो लागेको थियो । त्यो मिलाउनु पर्ने तल माथि, पदयोग, पदवियोग, पदवियोग चिह्न राख्ने मिलाउने ।"

पाण्डुलिपि सम्पादनको कक्षाकोठामा गरिने प्रयोग र प्रभावकारिताको अध्ययनका लागि गरिएको अन्तर्वार्तामा सहभागीले यस विषयवस्तुसम्बन्धी खासै प्रभाव नपरेको, सैद्धान्तिक रूपमा सामान्य जानकारी भएको, त्यतिबेला कक्षामा केही काम गरेको भएता पनि हालसम्ममा सबै बिर्सिसकेको, पाठ्यक्रमले पनि विषयसूचीको अन्त्यमा राखेको हुनाले विषयवस्तु त्यसै पनि जटिल हुने, अगाडिका विषयवस्तु सजिलो तर समय प्रशस्त दिने, कक्षामा पनि पाठ्यक्रमले तोकेको समयसीमा कम हुँदै जाने भएकोले पाठ्यक्रमको उद्देश्यले अपेक्षा गरेअनुसारको यसको प्रभाव पर्न नसकेको भन्ने विद्यार्थीको प्रतिक्रिया प्राप्त भएको छ ।

यस विषयको शिक्षण सिकाइ क्रियाकलाप अन्तर्गत साधारण शिक्षण प्रविधिमा एकाइको प्रकृतिअनुसार सन्दर्भपुस्तक, पाठपत्र, तालिका र आरेखको उपयोग गरी व्याख्यान, छलफल, प्रश्नोत्तर विधि र प्रस्तुतीकरणको उपयोग गरिनेछ भनी उल्लेख गरिएको छ । व्यावहारिक लेखन तथा सम्पादन विषयको कक्षाकोठामा गरिने प्रयोग र प्रभावकारिता पत्ता लगाउन गरिएको अध्ययनमा सहभागीलाई 'यहाँ प्रस्तुत भएका यी छलफल, पाठपत्र, तालिका कसरी प्रस्तुत भए सबै निर्देशन अनुसार गर्नुभयो ?' भनी सोधेको प्रश्नमा सहभागी 'क' र 'ख'ले 'कक्षा सञ्चालन भौतिक उपस्थितिमा नभएको, इन्टरनेटको प्रयोग गरी जुम मिटिङ्बाट कक्षा सञ्चालन भएको, विद्यार्थीले पालैपालो प्रस्तुति गरेको, विद्यार्थीकेन्द्रित भएर व्याख्या, विश्लेषण, छलफल सबै गरिएको' बताए ।

उल्लिखित सबै क्रियाकलापहरू पनि त्यसैगरी समान किसिमले भएको अर्को एक सहभागीले व्यक्त गरे । उनका अनुसार शिक्षकले विषयवस्तु अनुसारको चिट्ठा तयार गर्ने अनि त्यो चिट्ठामा जसलाई जे परेको छ उसले त्यसैको बारेमा लेख्नुपर्ने नियम बनाइएको थियो । त्यसरी खेल खेले जसरी रमाइलो तरिकाले कक्षा शिक्षण गराइएको उनले बताए । उनका अनुसार शिक्षकले सबै विद्यार्थीलाई समूहमा बोलाउने र सूचना सम्प्रेषण गर्ने गरेका थिए । शिक्षकले सबैको समय मिलाएर समूहमा छलफल गराउने गरेको बताएका छन् ।

एक सहभागीका अनुसार शिक्षण सिकाइ क्रियाकलाप निर्देशनअनुसार कम भएको थियो । शिक्षकले कापीमा नै गल्तीलाई सच्याइदिने गर्नुभएको थियो । विषय शिक्षकले विद्यार्थीलाई पृष्ठपोषण दिने गर्नुभएको थियो तापनि उहाँ विद्यार्थीहरूसँग घुलमिल नहुने खालको हुनुहुन्थ्यो । यस विषयको शिक्षण सिकाइ क्रियाकलाप प्रायः व्यक्तिगत रूपमा गरिएको सहभागीले बताए ।

शोधपत्र तयारीको क्रममा गहन अन्तर्वार्तामा सहभागीहरूले व्यक्त गरेका तथ्यका आधारमा यस विषयको शिक्षण सिकाइ क्रियाकलाप पाठ्यक्रमले निर्देशन गरेअनुसार कक्षाकोठामा गरिने प्रयोग र त्यसको प्रभावकारिता अत्यन्त कम भएको पाइएको छ । दुई तीनजना विद्यार्थीहरूले मात्र यसमा केही मात्रामा सन्तोष जनाएकाले समग्रमा शिक्षण प्रभावकारिता मध्यम किसिमको भएको तथ्य प्राप्त भएको छ । शोधपत्र तयारीका क्रममा अन्तर्वार्तामा सहभागीहरूले यस विषयको मूल्याङ्कन प्रक्रियाप्रति पनि गुनासो गरेका छन् । यसबारे सहभागीमध्ये एकले यसरी भनेका छन्-

> प्रयोगात्मक शिक्षणको मेहनतअनुसारको नम्बर कम भयो । २० अङ्कका लागि सैद्धान्तिकलाई भन्दा बढी ध्यान दियौं । यसमा ५०+५०=१०० अङ्क गराएको भए विद्यार्थीलाई भार कम हुन्थ्यो । लेख्न धेरै लेख्नुपर्ने तर नम्बर कम आउने । यता २० नम्बरको लागि पनि सामग्री खोज्नुपर्‍यो, लेख्नु पर्‍यो । कम्तिमा तीनवटा राइटरको किताब टेबलमा राखेर पढ्न बस्दाखेरी २० नम्बरको लागि समय छैन । परीक्षाको दुईदिन अगाडि द्रुत पठन गरेर, बुँदाबुँदा टिपोट गरेर त्यसलाई आफ्नो मौखिक तरिकाले लेखेर पास चाँहि भएर आइयो तर समय अपुग भएको हो । ८० अङ्कको लागि नगरी भएको छैन । नमुनाहरू त खोज्नै पर्‍यो । ५० नम्बरको ज्ञान लिँदा पढाउदै गर्दा अभ्यास गराउँदै लानुहुन्छ । यही कुरा पढाउने र गराउने हो । ८० अङ्कको तीन घण्टा लेख्नुपर्‍यो । २० अङ्कको वर्षभरि लाग्यो ।

यस विषयको अध्ययन-अध्यापनका क्रममा प्रयोगात्मक र सैद्धान्तिकमध्ये प्रयोगात्मक नै बढी गराउनु पर्ने प्रकृतिको छ । काम वर्षभरि गरिरहनु पर्ने, कागजातहरू प्रशस्त सक्कल अनुसार ढाँचा तयार गर्नुपर्ने भएकोले यसको मूल्याङ्कन प्रक्रियामा प्रयोगात्मकमा अङ्क कम भएको सबै सहभागीले गुनासो गरेका छन् । मूल्याङ्कनसँग सम्बन्धित अन्य अध्ययन पत्र (खनाल, २०२१ पृ. पृ. २४९ -२६१ )ले पनि यस कुरालाई प्रष्ट पारेको पाइएको छ ।

यस विषयको कक्षा शिक्षणपश्चात् शैक्षिक सत्रको अन्तमा विद्यार्थीले बाह्य परीक्षणका निम्ति पाठ्यक्रमले तोकेको ढाँचामा तयार गरी बुझाउनु पर्ने भनी उल्लेख गरिएको छ । यसमा एकाइ दुईदेखि आठसम्मको सबै उपशीर्षकको परिचय र तिनको नमुना ढाँचा तयार गरी कक्षा शिक्षकको निर्देशन अनुसार तयार गर्ने छन् भनी उल्लेख गरिएको भएता पनि यहाँ सहभागीलाई 'अध्ययन पत्रको ढाँचा लेख्न शिक्षकले कसरी सिकाउनु भयो ?' भनेर प्रश्न गरेकोमा सहभागीमध्ये एकले 'किताबको ढाँचा हेरेर त्यही अनुसार तयार गर्न सिकाएको तर अहिले बिर्सिएको' बताए । "शिक्षकले त्यही हेरेर सामग्री खोज, लेख भन्नुहुन्थ्यो," उनले भने ।

व्यावहारिक लेखन तथा सम्पादन विषयको कक्षाकोठामा गरिने प्रयोग र प्रभावकारिता पत्ता लगाउन गरिएको अनुसन्धानमा सहभागीले मिश्रित धारणा व्यक्त गरेका छन् । यस पाठ्यांशमा समावेश भएका विषयवस्तु स्तर सुहाउँदा र सान्दर्भिक रहेका भए पनि यसको शिक्षण प्रयोगात्मक रूपमा नै बढी गराइनु पर्ने धारणा प्राप्त भएका छन् । अभिव्यक्ति सीपको बारेमा सहभागीहरू जानकार भएको हुनाले यसको बारेमा सैद्धान्तिक ज्ञान भएको साथै अभ्यास प्रशस्त गरेकोले प्रभावकारी भएको धारणा व्यक्त गरेका छन् । अध्ययनका क्रममा कक्षा कोठाको शिक्षण पाठ्यक्रमको निर्देशन अनुसार नभएर क्याम्पस र विषय शिक्षक अनुसार फरक भएको तथ्य प्राप्त भएका छन् ।

पाठ्यक्रमले सैद्धान्तिक जानकारीपश्चात् कक्षाकोठामा प्रशस्त प्रयोगात्मक रूपमा अभ्यास गराउनु पर्ने र आवश्यकतानुसार पृष्ठपोषण दिएर यस विषयको विशिष्ट सीप, दक्षता अभिवृद्धि गराउने निर्देशन गरेको पाइन्छ । कतिपय शिक्षकले कक्षाकोठामा यस विषयको शिक्षण सैद्धान्तिक रूपमा, परम्परागत शैलीमा गराएको, अभ्यास गराउन कुनै चासो नदेखाएको तथ्य प्राप्त भएको छ । कक्षामा आउने नोट लेखाउने जाने । विद्यार्थीले विषयवस्तु बुझेको छ कि छैन मतलब नगरेको पाइएकोले कतिपय शिक्षकले यसको पठन पाठनमा व्यक्तिगत आचरण सुधार गर्नुपर्ने देखिएको छ । अनुसन्धानका क्रममा यस विषयको कक्षा कोठामा व्यावहारिक प्रयोग कम भएको कारण विद्यार्थीले परीक्षामुखी भएर अध्ययन गरेको पाइएको छ । यसले गर्दा समग्र शिक्षण प्रक्रिया नै घोकन्ते शिक्षालाई बढावा दिने प्रकृतिको हुन पुगेको पाइएको छ ।

शोधपत्र अध्ययनका क्रममा सहभागी सबैले कक्षा शिक्षणका क्रममा समान खालका क्रियाकलाप भएको धारणा व्यक्त गरे भने केहीले मात्र फरक धारणा व्यक्त गरेका छन् ।

सहभागीले यस विषयको कक्षामा प्रयोग प्रशस्त गराएको र आफैँले पनि अभ्यास प्रशस्त गरेको हुनाले प्रभाव अत्याधिक परेको बताएका छन् । जटिल खालका विषयवस्तुको बारेमा समय नपुगेकोले प्रयोगात्मक रूपमा यस विषयको काम निरन्तर गर्न नपाएको, निर्दिष्ट विषय स्नातक तअ चौथो वर्षमा मात्र भएकोले यसको अध्ययन अझ माथिल्ला तह वा कक्षाहरूमा भए बढी प्रभावकारी हुने देखिएको छ । यस विषयको अध्यापनका लागि शिक्षकहरूमा पनि विषयवस्तुको ज्ञान, विशिष्ट सीपको दक्षता यथेष्ट हुनुपर्ने जस्ता कुराको आवश्यकता भएको पाइयो । पाठ्यक्रमले निर्देशन गरेअनुसार शिक्षणीय शैलीमा आफूलाई ढालेर विषयवस्तु अनुसार कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलाप गर्नुपर्ने र शिक्षकको व्यक्तिगत स्वभाव परिवर्तन हुन जरूरी देखिएको छ । इन्टरनेटमार्फत् भएको पठनपाठनभन्दा भौतिक उपस्थितिमा गरिएको कक्षा सञ्चालन कम प्रभावकारी भएको पाइएको छ । विद्यार्थीहरूले शिक्षकको मात्र भर नपरी आफैँ पनि पठनपाठनमा सक्रिय हुनुपर्ने देखिएको छ ।

निर्दिष्ट पाठ्यांशमा निर्देशन भएका कार्यकलापहरू समय सापेक्ष, प्रर्याप्त भएर पनि व्यावहारिक पक्ष भने फितलो रहेको विद्यार्थीले व्यक्त गरेका प्रतिक्रियाका आधारमा देखिएको छ । यस अध्ययनमा मात्र नभएर अन्य शोधपत्रले पनि यो तथ्यलाई प्रस्ट पारेको छ ( अधिकारी, २०७७ पृ.८)। यस विषयको कार्यान्वयनमा एकरूपता ल्याउनका लागि आवश्यकताअनुसार अभ्यासात्मक कार्यलाई सञ्चालन गर्नुपर्ने साथै अघिल्ला वा माथिल्ला कक्षाहरूमा पनि यसको शिक्षण आवश्यक रहेको पाइएको छ । उक्त पाठ्यांशको कार्यान्वयन पक्षलाई वैज्ञानिक र परिपूर्ण बनाउनु पर्ने, अनिवार्य रूपमा पाठ्यांश लागू गर्नुपर्ने प्रतिक्रिया प्राप्त भएको छ । यस अध्ययनसँग सम्बन्धित अन्य शोधपत्र (कुंवर, २०७७ पृ. ९) मा पनि यस अध्ययनसँग मिल्ने तथ्य प्राप्त भएको छ । त्रि.वि.द्वारा तयार पारिएको यस पाठ्यक्रमले सैद्धान्तिक र व्यावहारिक दुवै पक्षको जानकारी गराएर निर्दिष्ट विषयवस्तुका बारेमा भाषिक तथा प्रयोजनपरक सीप आर्जन गर्न सकून् भन्ने उद्देश्य रहेकोमा यसको अपेक्षा पूर्ण रूपमा पूरा गर्नका लागि विषय शिक्षकहरूको पनि कमजोरी स्पष्ट देखिएको छ जसलाई सम्बन्धित पक्षले व्यक्तिगत आचरणसहित सुधार गर्नुपर्ने देखिएको छ । शिक्षा निरन्तर चलिरहने प्रक्रिया हो । दैनिक घर व्यवहारका कुरा जन्मदेखि मृत्युसम्मका विषयवस्तु यस पाठ्यक्रममा अटाएका छन् । यति हुँदा हुँदैपनि कक्षाकोठामा वर्षदिन शिक्षण सिकाइ गरेको भरमा

पाठ्यक्रमले निर्देशन गरेअनुसार विद्यार्थीहरू मानव जीवनका व्यावहारिक कार्यसम्पादनका प्रयोजनपरक लेखन सीप आर्जन गर्न सक्षम नहुने तथ्य प्राप्त भएको छ ।

**शिक्षण सिकाइप्रति विद्यार्थीहरूको अनुभवसँग सम्बन्धित दृष्टिकोण**

अनुभव शब्दले पाँचौ इन्द्रियले चाल पाएको ज्ञान, भोगाइ, चेताइ, आदि क्रिया वा प्रक्रिया भन्ने अर्थबोध गराउँछ । कुनै पनि कार्यको उपभोगबाट प्राप्त बौद्धिक लाभ, विचार र शिल्पमा आउने परिपक्वता; दक्षता; चातुर्य हो भनी अर्थ प्रदान गरेको पाइन्छ । शोधपत्र तयारीका क्रममा निर्दिष्ट पाठ्यांशको शिक्षण सिकाइसँग सम्बन्धित विद्यार्थीका अनुभव के-कस्ता रहेका छन् भनी खोजी गरिएको छ । यस विषयको शिक्षण सिकाइपश्चात् विद्यार्थीले सैद्धान्तिक र व्यावहारिक दुवै पक्षका विविध प्रकृतिका लेखन सीपको विकास गराउनुका साथै क्षमता अभिवृद्धिमा भएको बौद्धिक लाभलाई के-कति सकारात्मक र नकारात्मक तरिकाले प्राप्त गरेका छन् त्यसको अध्ययन गरी तथ्य सङ्कलन गरिएको छ । यस विषयको शिक्षण सिकाइप्रति विद्यार्थीको अनुभव पत्ता लगाउने क्रममा काठमाडौं उपत्यकाका क्याम्पसहरूबाट प्रत्यक्ष सम्पर्कमा आएका ६ जना विद्यार्थीहरूलाई गहन अन्तर्वार्तामा सहभागी गरिएको थियो ।

शोधपत्र लेखनका क्रममा सहभागीबाट प्राप्त निर्दिष्ट विषय शिक्षणका क्रममा भएका मिठा अनुभवलाई जस्ताको तस्तै लिपिवद्ध गरिएको छ । निर्धारित उद्देश्य पूरा गर्नका लागि तथ्यको खोजीका क्रममा सहभागीलाई आफ्नो अनुभव बताइदिन गरिएको आग्रहमा सहभागीमध्ये एकको भनाई यस्तो रह्यो, "मेहनत गर्नेका लागि यो विषय अवसर रहेछ । लोकसेवा पढ्नसक्नेले व्यावहारिक लेखन पढ्नुपर्ने रहेछ । कुनै खोट लगाउने ठाँउ नै छैन । हामीलाई एकदमै राम्रो पढाउनुभयो ।" यस विषयको अध्ययनपश्चात् जो कसैले पनि सामान्य खरदारको जागिर खानसक्ने एक सहभागीले बताए । 'यो विषय पढेपछिको अनुभव कस्तो  भयो ?' भनी गरेको प्रश्नमा सहभागीमध्ये 'क' ले यसरी बताए-

> चारवर्ष भयो यहाँ पढेको । घर टाढा र घरको समस्याले गर्दा म पहिला त कलेज त्यति आउँदिन थिएँ तर यो फोर्थ इयरमा चाँहि घरमै बसेर पढ्न मिल्ने भएको कारण एकदम उपलब्धि भएको छ । अनलाइनले गर्दा हामीलाई मात्र हैन कति धैरै साथी भौतिक रूपमा आउन नसक्नेलाई पनि एकदम उपलब्धि भएको छ । यसको सँगसँगै आफ्नो व्यावहारिक जीवनमा

> भैरहेको कुराको किताब भएकोले एकदम उपलब्धि पनि सजिलो पनि भएको छ ।

यस विषयको शिक्षण सिकाइप्रतिको अनुभव लिने क्रममा सहभागी 'घ'ले यसरी बताए, "धेरै व्यावहारिक ज्ञान हासिल भयो । आफूले ६/७ पटक नलेखिकन नजानिने । प्रयोगात्मक अभ्यास धेरै गर्नुपर्ने । परीक्षामा जानुभन्दा पहिले ४/५ पाना नहेरी आफैँले लेख्नुपर्ने, अनि मात्र परीक्षामा लेख्न सकिन्छ । अब त यसो आफैँ पनि लेख्न सकिन्छ कि जस्तो अनुभव भयो ।"

यस विषयमा राखिएका विभिन्न उपशीर्षकको बारेमा नमुना ढाँचा तयार गर्ने क्रममा अध्ययनकर्ताले बैङ्क भौचरका बारेमा कुरा गर्दा सहभागीले यसको शिक्षणसँग सम्बन्धित अनुभव यसरी व्यक्त गरेका छन्-

> परीक्षामा पनि एजुकेसन पढ्ने र म्यानेजमेन्ट पढ्नेसँगै परेको बेलामा उनीहरूले एजुकेसन पढ्नेलाई हेपाहा प्रवृत्तिले हेर्दा रहेछन् । तिमीहरूलाई पनि भौचर भर्न आउँछ र भन्थे । अनि शिक्षकले एजुकेसन भनेको व्यावहारिक शिक्षा हो भन्नुहुन्थ्यो । एजुकेसन पढेका थोरै-थोरै सबै कुरामा सक्षम हुन्छन् तर तिमीहरू बैङ्किङ क्षेत्रमा मात्रै सक्षम हुन्छौ । एजुकेसन पढेका जस्तो पोख्त हुँदैनौ । त्यसैले त्यसरी नहेप भनेर सम्झाउनुहुन्थ्यो । परीक्षामा हामी म्यानेजमेन्टसँगै हुन्थ्यौं । उनीहरू तिमीहरूलाई पनि बैङ्कको कुरा आउँछ र भन्थे । साथै सिकाइ पनि दिन्थे ।"

कुराकानीका क्रममा सहभागीहरूले निकै उत्साहित तरिकाले धारणा व्यक्त गरेका छन् । यसै सन्दर्भमा सहभागी एकको भनाइ यस्तो रहेको छ :

> व्यावहारिक लेखन विषयमा व्यवहारमा आइपर्ने सम्पूर्ण कुराहरू मात्र समावेश भएको छ । मान्छेको दैनिक जीवनमा के-के गर्नुपर्छ भन्ने कुराको नमुनाको रूपमा रहेको छ । यसमा अनुच्छेद लेखनदेखि लिएर वस्तुपरक, निबन्धात्मक कुराहरू समेटिएको छ । हिजो एक महिना शिक्षण अभ्यास सक्नु भएका दादादिदीहरू हुनुहुन्छ । आज हामीले वर्षभरी नै शिक्षण गरेको अनुभव भयो ।

यस विषयको शिक्षणपश्चात् सहभागीहरूले तीनवर्षे स्नातक पढेका विदेश गए भने चारवर्षे स्नातक पढ्ने नेपालमा नै व्यावहारिक सीपको ज्ञान भएर सक्षम भएको साथै धेरै व्यावहारिक ज्ञान हासिल भएको अनुभव व्यक्त गरेका छन् । चारवर्षे स्नातक पढ्ने भाग्यमानी भएको, विविध विषयको ज्ञान र सम्पादन कलाको प्रभावले आफ्नो भाषामा सुधार भएको धारणा व्यक्त गरेका छन् । स्नातक तहमा यस विषयलाई राखिनु एकदमै सकारात्मक भएको तर जतिपनि प्रयोगात्मक विषय छन् स्नातक दोस्रो वर्षदेखि एउटा-एउटा राखिदिएको भएमा अझ परिपक्वता हासिल हुने रहेछ भन्ने अनुभव व्यक्त गरेका छन् ।

यसै सिलसिलामा हालै स्नातकोत्तर तहमा अध्ययनरत एक सहभागीले व्यक्त गरेका विचार यस्तो छ- "परिआएको बखतमा गरिदैंछ । अलिअलि मेहनत गर्नाले स्वरोजगार हुन सकिने महशुस भएको छ । कक्षा शिक्षणमा क्रममा शिक्षकले विषयवस्तुको व्याख्या गर्दा लिखित रूपमा उदाहरण दिनु र मौखिक रूपमा उदाहरण दिनुले समेत धेरै फरक पार्ने रहेछ । हालै सम्पन्न वार्षिक परीक्षामासमेत ब्याचलरमै पढेको सम्झेर लेखेको थिए ।"

यस अनुसन्धानका क्रममा प्रत्यक्ष सम्पर्कमा आएका केही सहभागीले शिक्षकले आवश्यकताभन्दा बढी गहिराइमा गएर अध्यापन गराएकाले बुझ्न नसकेको तर्कसमेत गरेका छन् । 'यसबारे भन्नुपर्ने कुराहरू केही छन् भनेर प्रश्न गरेकोमा सहभागीमध्ये एकले निकै खुशी भएर यस्तो अनुभव व्यक्त गरे-

> यतिको विषयवस्तु ठीकै छ । नयाँ विषयवस्तु ल्याइदिइकोमा एकदम खुशी छौं । ज्ञान हासिल गर्न पाएकोमा गर्व लागेको छ । यसले हामीलाई व्यावहारिक परिपक्वता प्रदान गरेको छ । शिक्षक पेसाका लागि सीपको विकास भएको छ । अवसर पनि आएको हो । व्यावहारिक लेखनमा हामीले नबुझेका अरूपनि विषयवस्तु छन् भने थप होस् तर यसमा समावेश भएका विषवस्तु नघटाइयोस् । यस विषयका कारण सूचना आदान-प्रदान गर्न सहयोग पुगेको छ । यसमा समेटिएका विविध व्यावहारिक विषयवस्तुको बारे बौद्धिक ज्ञान प्राप्त भएको छ । यस विषयको अध्ययनले शारीरिक मानसिक रूपमा परिपक्व बनाएको तथा व्यावहारमा नौलो किसिमको परिवर्तन ल्याएको छ ।

त्यसैगरी अर्का एक सहभागीका अनुसार यस विषयले घर व्यवहारका कठिनाइदेखि लिएर कानुनी लेखन, प्रशासनिक लेखनसम्बन्धी सूचनाको जानकारी लिनका लागि महत्त्वपूर्ण भूमिका खेलेको छ । उनले भने -

> व्यावहारिक लेखनकै कारण हामीले नजानेका विषयवस्तु जान्ने मौका पायौं । उर्जा मिलेको छ । यस पाठ्यांशमा समावेश गरिएका विषयवस्तु पढ्नेका लागि राम्रो अवसर हो भने नपढ्नेलाई गाह्रो विषय हो । नेपाली मूल विषय लिएर स्नातक तहको औपचारिक अध्ययन सके पनि व्यावहारिक कुराको जानकारी र सीपको विकास नहुने रहेछ । तर यो पाठ्यवस्तु जो कोहीलाई पनि प्रयोगमा आउने खालको छ । यस विषयको कक्षा कोठाको शिक्षण प्रयोगात्मक रूपमा अत्यन्त कम भएको थियो । सैद्धान्तिक ज्ञान भने पर्याप्त भयो । त्यतिबेला विशिष्ट ज्ञान हासिल भएपनि लगातार अभ्यास नहुँदा, निर्दिष्ट विषयको कक्षा शिक्षणको लामो अन्तरालको कारणले गर्दा हाल बिर्सन थालिएको छ ।

यति हुँदा हुँदै पनि नमुना हेरेमा यससम्बन्धी काम गर्न कुनै कठिनाई नभएको अर्का सहभागीले बताए । यस विषयको अध्ययनले एम.एड.अध्ययनका लागि आधार तयार गरेको उनको अनुभव छ । “नेपाली पढ्ने विद्यार्थीलाई यो विषयवस्तुको अध्ययन अत्यन्त आवश्यक रहेछ  । जान्नैपर्ने विषय रहेछ । यस विषयको शिक्षणका क्रममा कतिपय क्याम्पसमा शिक्षकले सैद्धान्तिक रूपमा मात्र कक्षा शिक्षण गराउँदा रहेछन् । त्यसैले यहाँ प्रस्तुत गरिएका नमुना ढाँचा प्रायः आफैँले बनाउन अभ्यास गरेको हो,” ती सहभागीले भने ।

‘यस विषयप्रतिको धारणा के छ ?’ भनेर प्रश्न गर्दा सहभागी ‘च’को गुनासो यस्तो रह्यो-

> यो त अब व्यावहारिक लेखन तथा सम्पादन विषय भैसकेपछि यसलाई व्यावहारिक रूपमा नै पढाउनु पर्‍यो । सिकाउनु पर्‍यो । अभ्यास पनि त्यही अनुसार गराउनु पर्‍यो । मूल्याङ्कन पनि त्यही अनुसार गर्नुपर्‍यो । यता व्यावहारिक लेखन भनेको छ हाम्रो सरले जस्तो नोट लेखाएर विद्यार्थीले नमुना लेख्न त जान्ने भएनन् नि । तमसुक भनेको के हो भन्न मात्र जान्ने भयो नमुना लेख्न त जान्ने भएन त ! सैद्धान्तिकमा मात्र नभएर व्यावहारिक

> लेखन तथा सम्पादन विषयको पठन-पाठन प्रयोगात्मक हिसाबले गराउनु पर्‍यो । मूल्याङ्कन पनि त्यसै अनुसार गराउनु पर्‍यो ।

अध्ययन अनुसन्धानमा यस विषयसँग सम्बन्धित विद्यार्थीको अनुभव सङ्कलन गर्ने क्रममा सहभागी एकले आफ्नो अनुभव यसरी व्यक्त गरे-

> आफैँले बनाएको भएर गर्नेलाई अलिअलि याद हुँदोरहेछ । गरिएन भने त याद नै नहुने रहेछ । पहिले पहिले एउटा बैङ्क भौचर भर्न पनि सुरक्षा गार्डलाई सोध्ने गरिएको थियो । सिक्नका लागि पनि बैङ्कमै गएर लाइनमा बसेर गर्नुपर्ने रहेछ भन्ने यस विषयको शिक्षणले सिकायो । भाषा सम्पादनका बारेमा खासै ज्ञान थिएन । यसको शिक्षणका क्रममा रमाइलो गरी सिकियो । पाण्डुलिपि सम्पादनमा ती सबै कुराको तादात्म्य मिलाउन र सम्पादन गर्न पाउँदा रमाइलो महसुस भयो ।

तीनवर्षे वि.एड. पढेर एम.एड. पुगेका साथीहरूले यस्तो-यस्तो हुँदो रहेछ भनेर भन्दा हामी चारवर्षे वि.एड. पढ्नेले व्यावहारिक लेखन तथा सम्पादन, हेल्थ जस्ता विषय पढ्न पाएकोले एम.एड. अध्ययनको आधार बलियो भएको अनुभव भएको बताए । समूहमा काम गर्ने, एक-अर्कामा धेरै घुलमिल हुने क्षमताको विकास भएको पनि उनीहरूले बताए ।

'व्यावहारिक लेखन तथा सम्पादन विषयको कक्षा शिक्षणसँगका केही रमाइला अनुभव भन्नुहोस्' भन्ने आग्रहमा सहभागी 'घ'ले यसरी आफ्नो अनुभव सुनाए-

> नमुना हेर्दै गयौं । सुरुमा त अब कति धेरै नमुना भन्ने हुने नि त । (हाँस्दै) नमुनै नमुना रहेछ । नबिर्सने क्षण मलाई चै यस्तो भयो क्या, म्यामले त्यो 'भर्पाइ दादै' रै छ नि त त्यहाँ त्यो चै अब नसुनेको शब्द क्या(हाँस्दै) त्यो ल्याएर पनि देखाइदिनु भयो, आफैँ लेखेर पनि देखाइदिनु भयो अनि हाँस्यौं के रै छ 'दादै' भनेर चै क्या तर त्यो त त्यहाँ लेख्नैपर्ने शब्द रहेछ नि त्यस्तो भयो, राम्रै भयो म्याम हाम्रो चैं ।

व्यावहारिक लेखन तथा सम्पादन विषयको कक्षा शिक्षणमा भएका अनुभव बताउने क्रममा एक सहभागीले यहाँ कानुनी लेखन अध्ययन गरेपछि गाँउमा सौता-सौताका बीचमा अंशका लागि भएको झगडाको बारेमा अध्ययन गरिरहेको र पढेको व्यक्ति भएपछि न्याय दिनसक्नु पर्छ भनेर अनुभव व्यक्त गरेका छन् । कक्षा कोठामा शिक्षणका क्रममा नमुना

देखाएर विद्यार्थी सबैलाई अलि बढी प्रयोगात्मक रूपमा गराएको भएमा एक दुई जना मात्र नभएर सबै विद्यार्थी स्पष्ट हुने थिए भन्ने उनको धारणा रहेको पाइयो । तीनवर्षे वि.एड. पढेका एम.एड.मा पुगेर पनि चारवर्षे वि.एड. पढ्नेलाई फोन गरेर साथी-साथीमा सोध्ने, हाम्रो भन्दा तिम्रो पढाइ राम्रो र व्यावहारिक रहेछ भनेर समूह बनाएर पढाइको बारेमा कुराकानी, छलफल गर्ने गरेका कारण व्यावहारिक लेखन तथा सम्पादनजस्ता विषय पढ्न पाएकोमा यो भन्दा ठूलो बिर्सन नसकिने क्षण नभएको पनि उनले सुनाए । यसलाई लगातार एम.एड.मा पनि राखेर विस्तृत रूपमा अनुभवी शिक्षकहरूद्वारा बृहत्त तरिकाले प्रयोगात्मक रूपमा साँच्चिकै फिल्डमा नै गएर पठ्ने पढाउने व्यवस्था गर्न सकिएको भए अझ प्रभावकारी हुने रहेछ भन्ने उनको बुझाइ रहेको छ । “यस पाठ्यांशमा समावेश विषयवस्तु अत्यन्तै जीवनोपयोगी छ । जन्मदेखि मृत्युसम्मका विषयवस्तु यहाँ राखिएको छ, । निरन्तर शिक्षा चलिरहँदा एक वर्ष पढेकोले त कहाँ पुग्छ त ! यसलाई जतिसक्दो आफैँले प्रयोग बढाउनुपर्छ । विश्वविद्यालयहरूले यसभन्दा माथिल्ला कक्षामा पनि व्यावहारिक लेखन तथा सम्पादन विषय राखिदिएमा यो अझ प्रभावकारी हुने रहेछ,” ती सहभागीले आफ्नो अनुभव सुनाए ।

व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशको शिक्षण सिकाइप्रति विद्यार्थीको अनुभव पत्ता लगाउन गरिएको अध्ययनमा सहभागीले आफ्ना अनुभव व्यक्त गरेका छन् । यसको अध्ययनपश्चात् सहभागीले मेहेनत गर्नेका लागि यो अवसर भएको, व्यावहारिक लेखन सीप अन्तर्गतका विविध शीर्षक उपशीर्षकहरूको महत्त्व बुझ्नका साथै यस पाठ्यांशमा समावेश विषयवस्तुप्रतिको बुझाइको धारणा परिवर्तन भएको र यस विषयको अध्ययनले एम.एड. अध्ययनमा सजिलो भएको धारणा व्यक्त गरेका छन् । कक्षाकोठाको शिक्षणका क्रममा सिकिएका ज्ञान बिर्सँदै गएको तथा जसले बारम्बार अभ्यास र प्रयोग गरे उनीहरूका लागि यो सर्वाधिक प्रभावकारी भएको सहभागीको अनुभव छ ।

# अध्याय पाँचः निष्कर्ष र उपादेयता

## निष्कर्ष

यस विषयले शिक्षाशास्त्र सङ्कायअन्तर्गत स्नातक तहको मूलभूत उद्देश्य पूरा गर्न महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यी सामग्रीबाट विद्यार्थीहरू लेखन तथा सम्पादनका विविध पक्षमा भाषिक सीप आर्जन गर्न सक्षम हुने अपेक्षा गरिएको छ । विशेषतः व्यावहारिक लेखनसम्बन्धी दैनिक जीवनमा आवश्यकपर्ने लिखत आफैँले तयार गर्न सक्ने बनाउनका लागि तयार पारिएको निर्दिष्ट पाठ्यांश हो । प्राप्त तथ्याङ्क विश्लेषणका क्रममा सबै प्रश्नमा लगभग फरक-फरक खालका दृष्टिकोण प्राप्त भएका छन् । प्रस्तुत पाठ्यांश समय सान्दर्भिक रहेको, प्रायोगिक र व्यावहारिक प्रकृतिको रहेको, पाठ्यांशका आधारमा कक्षाकोठामा गरिएको शिक्षण विधि पाठ्यांशमै उल्लेख भएअनुसार केही मात्र भएको र पृष्ठपोषणका आधारमा यसलाई आवश्यक सुधार गर्नुपर्ने देखिएको छ । सामुदायिक क्याम्पसमा प्रभावकारी सिकाइ उपलब्धि केही मात्र हासिल भएको प्रतिक्रियाका आधारमा यसको आवश्यक सुधार गर्नुपर्ने देखिन्छ । व्यावहारिक जीवनमा यो विषयको उपयोगिता उच्च रहेको पाइएको छ । पाठ्यांशमा निर्देशित प्रयोगात्मक कार्यको मार्गनिर्देशन सामान्य रहेकोले आवश्यक सुधार गर्नुपर्ने देखिएको छ । त्यसैगरी प्रयोगात्मक कार्य प्रशस्त गराएर कक्षामा शिक्षण गराउनु पर्नेमा शिक्षकले सैद्धान्तिक पढाएर लेखाउने कार्य बढी गराएको, प्रयोगात्मक कार्यका लागि कुनै चासो नदेखाएको तथ्यका आधारमा सम्बन्धित पक्षले आवश्यक सुधार गर्नुपर्ने देखिएको छ । व्यावहारिक लेखन तथा सम्पादनको कक्षाकोठामा प्रयोग र अभ्यास प्रशस्त गर्नेहरूका लागि यसको प्रभावले परिपक्व बनाएको पाइएको छ । प्रयोगात्मक कार्य आवश्यकताभन्दा कम भएको पाइएको छ । यस विषयको शिक्षण सिकाइ कार्याकलाप व्यक्तिगत मात्र भएको, प्रायोगिक पक्ष सन्तोषजनक नभएको, वर्षदिनको शिक्षण दीर्घकालीन रूपमा प्रभावकारी हुन नसक्ने पाइएको छ । शिक्षकका कमीकमजोरी स्पष्ट देखिएका छन् कतिपय विषयवस्तु जटिल भएकोले यसको प्रभाव न्यून मात्र परेको हुनाले यस विषयको प्रयोगलाई वास्तविक रूपमा सम्बन्धित क्षेत्रमा नै गएर गर्ने गरी राखिदिएको भएमा अझ प्रभावकारी हुने देखिएको छ । स्वरोजगार हुनका लागि यस विषयले मार्गनिर्देशन गरेको तथ्यबाट यसको सकारात्मक प्रभाव परेको पाइएको छ । व्यवहारमा प्रयोग हुने कुरा मात्र रहेको, व्यवहारमा नौलो किसिमको परिवर्तन ल्याएको, शिक्षकले

अभ्यास नगराए पनि आफैँले प्रशस्त अभ्यास गरेको भनाइ अनुसार यसको पर्याप्त अनुभव भएको देखिन्छ ।

शोधपत्र तयारीका क्रममा सहभागीहरू सबैको अनुभव फरक-फरक पाइयो । सहभागीहरूले सुरुमा विषयवस्तुका बारेमा निकै चासो र खुशी व्यक्त गरे तर उनीहरूले नै यसका पछिल्ला विषयवस्तुको पर्याप्त अभ्यास गर्न नपाएको अनुभव व्यक्त गरेका छन् । व्यावहारिक लेखन तथा सम्पादन विषयमा शिक्षकको मात्र भर पर्ने सहभागीले जहाँ पढ्यो त्यहीँ छाड्योको अवस्था व्यहोर्नु परेको छ । व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशको शिक्षण सिकाइका क्रममा सहभागीले सिकेका अनुभवमा मात्र सीमित रहेको पाइएको छ । माथिल्लो तह वा कक्षामा नभएको हुनाले यी सामान्य व्यावहारिक कुराहरू बाहेक जटिल खालका विषयवस्तु बिर्संदै गएको पाइएको छ । यति हुँदा हुँदै पनि स्नातकोत्तरमा यसले अध्ययनका लागि मद्दत गरेको र केही न केही व्यावहारिक परिपक्वता दिलाएको पाइयो ।

सामुदायिक क्याम्पस र आङ्गिक क्याम्पसका सहभागीको लगभग समान प्रतिक्रिया पाइएको छ । विवेच्य पाठ्यांश समसामयिक र पूर्ण देखिएको छ । पाठ्यांश संरचनाका दृष्टिले परिपूर्ण रहेको तर कार्यान्वयन पक्षलाई अझै वैज्ञानिक र अनिवार्य रूपमा लागू गर्नुपर्ने देखिएको छ । यस अध्ययनबाट प्राप्त तथ्याङ्कीय परिणामका आधारमा निर्दिष्ट पाठ्यांशको शीर्षक, परिचय, साधारण उद्देश्य, विशिष्ट उद्देश्य, पाठ्यवस्तु, पाठ्यघण्टी, शिक्षण विधि तथा कार्यकलाप अन्तर्गतका प्रतिमानहरू उत्तम रहेको पाइएको छ । पाठ्यांशमा निर्देशित प्रयोगात्मक कार्यको मार्गनिर्देशन प्रतिमान मध्यम रहेका पाइन्छन् । अनुसन्धानका क्रममा सहभागीले व्यक्त गरेका तथ्यका आधारमा यस विषयको पठनपाठन पाठ्यक्रमको अपेक्षा अनुसार पूर्ण रूपमा प्रायोगिक हुन सकेको पाइँदैन । अभ्यासात्मक कार्यकलाप क्याम्पस र विषय शिक्षकअनुसार फरक भएको पाइएको छ । भाषा सम्पादन तथा पाण्डुलिपि अपेक्षाकृत प्रभावकारी हुन नसकेको पाइएको छ । शिक्षकले परम्परागत ढङ्ग ढाँचालाई प्राथमिकता दिएर सैद्धान्तिक अध्यापन अधिक गराइएको पाइयो । विद्यार्थीहरूको पनि कमीकमजोरी देखिएका छन् । यसमा अभ्यासात्मक कार्यमा नमुना ढाँचा तयार गर्न गाह्रो लागेर परीक्षामुखी अध्ययन गरेको पाइएको छ ।

व्यावहारिक लेखनमा यति धेरै विषयवस्तु पर्दछन् भनेर थाहा नभए पनि यस विषयको अध्ययन निकै प्रभावकारी पाइएको छ । सहभागीहरू सुरूमा अन्तर्वार्तामा बस्दा अत्यन्त उत्सुक देखिएका थिए । अन्तर्वार्ताका क्रममा अध्येताले जति पछिल्ला एकाइभित्रबाट

प्रश्न सुरु गऱ्यो त्यति उनीहरूमा निराशा पनि प्रस्ट देखिएको थियो । शोधपत्र तयारीका क्रममा जुन उद्देश्यले त्रि.वि. शिक्षाशास्त्र सङ्कायमा यसलाई राखिएको हो, त्यसको अपेक्षा पूर्ण हुन नसकेको अवस्था रहेको पाइएको छ । यस विषयको अध्ययन स्नातक तह चौथो वर्षमा मात्र राखेर गरिएको शिक्षणबाट विद्यार्थीहरूले जति धेरै प्रभाव पऱ्यो र व्यावहारिक बन्यौं भने पनि समयक्रमसँगै यस पाठ्यांशका विषयवस्तुबाट प्राप्त भएको ज्ञान, सीप, दक्षता र अनुभवहरू विस्तारै बिर्सँदै गएको पाइएको छ । अघिल्ला कक्षा वा तह र पछिल्ला कक्षा वा तहहरूमा पनि समावेश गर्नसकेमा मात्र अधिक प्रभावकारी हुने पाइयो ।

व्यावहारिक लेखनसँग सम्बन्धित विविध कार्यहरूको सम्पादनका लागि आवश्यक ठानिएको निर्दिष्ट पाठ्यांशका विषयवस्तु उपल्लो कक्षा वा तहको अध्ययनसँगै विद्यार्थीहरूले बिर्सन थालेका छन् । व्यावहारिक लेखन तथा सम्पादन विषयको शिक्षणका गरेका अभ्यासात्मक कार्यहरू बिर्सँदै गएको कुरा सुरुको अन्तर्वार्ता र महिना दिनपछिको कुराकानीमा विद्यार्थीहरू आफैँले धेरै कुराहरू सम्झन नसकेको धारणा व्यक्त गरेबाट थाहा हुन्छ । त्यसैले यसको प्रयोग र प्रभावकारिता क्रमशः कम हुँदै गएको पाइएको छ । पाठ्यांशको सैद्धान्तिक पाटो बलियो देखिन्छ भने कार्यान्वयन पक्ष केही फितलो रहेको विद्यार्थीका प्रतिक्रियाका आधारमा देखिएको छ । समग्र अध्ययनबाट पाठ्यांशको संरचनागत प्रभावकारिता र पाठ्यांशप्रति विद्यार्थीहरूको धारणा लगायत अनुभव पहिचान विश्लेषण गरी प्रस्तुत पाठ्यांशको सैद्धान्तिक र कार्यान्वयन अवस्था बुझिएको छ । पाठ्यांश कार्यान्वयनमा एकरूपता ल्याउनका लागि आवश्यकता अनुसारका अभ्यासात्मक कार्यक्रमहरू सञ्चालनमा सम्बन्धित पक्षको विशेष ध्यानाकर्षण हुन आवश्यक रहेको देखिएको छ ।

**उपादेयता**

प्रस्तुत शोधपत्र व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशप्रति विद्यार्थीका दृष्टिकोण शीर्षकमा केन्द्रित छ । उक्त शोधमा व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशको कक्षाकोठामा गरिने व्यावहारिक प्रयोग र प्रभावकारिता पत्ता लगाउन विद्यार्थीको धारणा पहिचान गरी विश्लेषण गरिएको छ । यसका साथै उक्त पाठ्यांशको शिक्षण सिकाइप्रति विद्यार्थीको अनुभव पत्ता लगाएर विश्लेषण गरिएको छ । प्रस्तुत पाठ्यांशप्रति विद्यार्थीको दृष्टिकोण पहिचान र व्यावहारिक प्रयोग र प्रभावकारिता लगायत अनुभव पत्ता लगाउनुजस्ता उद्देश्यका आधारमा शोधकार्य सम्पन्न गरिएको छ । जसले गर्दा उल्लिखित उद्देश्यको जानकारी हासिल गर्न उपयोगी हुने विश्वास गरिएको छ ।

व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशप्रति विद्यार्थीको दृष्टिकोणको विश्लेषणले पाठ्यांश निर्माणमा सम्बन्धित सरोकारवालालाई आवश्यक सहयोग पुग्ने देखिन्छ । यस अध्ययनले उक्त तहको व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशप्रति विद्यार्थीको प्रतिक्रिया पहिचान गर्नमा सहयोग पुग्ने देखिन्छ । यस अध्ययनबाट प्राप्त परिणामले सम्बन्धित क्षेत्रको सैद्धान्तिक र प्रायोगिक पक्षको जानकारी गराउन सहयोग पुग्ने देखिन्छ । प्रस्तुत अध्ययन आगामी समयमा शोधकर्ता र पाठक वर्गका लागि महत्त्वपूर्ण सामग्री हुने देखिएको छ ।

स्नातक तहको व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशप्रति पाठ्यक्रम निर्माता, शिक्षक, विषय विज्ञ, विद्यार्थीलगायत सरोकारवाला सबैका लागि उपयोगीसिद्ध हुने देखिन्छ । यसका साथै उक्त पाठ्यांश कार्यान्वयनका सबल र दुर्बल पक्षको निरूपण भई असल र प्रभावकारी पाठ्यक्रम कार्यान्वयनमा सहयोग पुग्ने देखिन्छ । प्रस्तुत शीर्षकमा गरिएको अध्ययनले भविष्यमा यस क्षेत्रमा संलग्न तथा अध्ययन गर्न इच्छुक व्यक्तिलाई सहयोग हुनेछ ।

यो पूर्णतः सोपाधिक अनुसन्धान हो । व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोणलाई प्रयोगात्मक रूपमा प्रस्तुत गरिएको सम्बन्धित सबैलाई उपयोगी हुनेछ । उपयोगिताको उपशीर्षक नीतिगत तहको तल संक्षेपमा चर्चा गरिएको छ :

**नीतिगत तह** : नीतिगत उपयोगिता कुनै खास अनुसन्धानले सम्बन्धित क्षेत्रमा नीति निर्माण गर्न प्रत्यक्ष र परोक्ष रूपमा के-कति र कसरी सहयोग गर्छ अथवा गर्न सक्छ भन्ने पक्षसँग सम्बन्धित हुन्छ । यसका आधारमा सोपाधिकभन्दा निरूपाधिक अनुसन्धानहरू नीतिगत उपयोगिताका दृष्टिले अझ बढी महत्त्वका हुन्छन् । यसको अर्थ सोपाधिक अनुसन्धानहरू नीतिगत उपयोगिताका दृष्टिले महत्त्वका हुँदैनन् भन्ने चाहिँ पक्कै होइन ।

व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांश स्नातक तह चौथो वर्षमा वि.सं.२०७६ बाट देशभरका क्याम्पसहरूमा अध्ययन अध्यापन गरिएको विषय हो । यो शिक्षाशास्त्र सङ्कायमा अनिवार्य र ऐच्छिक रूपमा समावेश गरिएको सैद्धान्तिक एवं प्रायोगिक पाठ्यांश हो । तसर्थ यसले कुनै खास क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गर्न मद्दत गर्न सक्छ । विश्वविद्यालयअन्तर्गतका विभिन्न तह वा कक्षामा यस शिक्षणसँग सम्बन्धित विषयवस्तुको छनोट गरी सुव्यवस्थित ढङ्गले कार्यान्वयन प्रस्तुत गर्ने आधार यस पाठ्यांशको विश्लेषण एवं अध्ययनले दिने देखिन्छ । तसर्थ यस अध्ययनको नीतिगत उपादेयता भनेको पाठ्यक्रम

निर्माता एवं पाठ्यांश कार्यान्वयनकर्ताका रूपमा रहने शिक्षकका लागि मार्गनिर्देश गर्ने कार्यसँग सम्बन्धित रहनु हो ।

**प्रयोगगत तह** : प्रयोगमूलक पक्ष भनेको खास सिद्धान्तको व्यावहारिक उपयोगसँग सम्बन्धित विषय हो । यस शोधपत्रको मुख्य प्राप्ति भनेको अध्याय चार, पाँच र छमा क्रमशः व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशप्रति विद्यार्थीको दृष्टिकोण, उक्त पाठ्यांशको कक्षा कोठामा गरिने व्यावहारिक प्रयोग र प्रभावकारिता र सोही पाठ्यांशको शिक्षण सिकाइप्रति विद्यार्थीको अनुभव उपशीर्षक अन्तर्गत संरचित विषय हुन् । व्यावहारिक लेखन तथा सम्पादन पाठ्यांशको व्यावहारिक प्रयोग र प्रभावकारिताको विश्लेषण गर्न, उक्त पाठ्यांशप्रति विद्यार्थीको दृष्टिकोणको अध्ययन गर्नु र शिक्षण सिकाइप्रति विद्यार्थीको अनुभवको विश्लेषण गर्नु यस अध्ययनको मुख्य प्रायोगिक उपादेयता मान्न सकिन्छ । यसको सम्बन्धित क्षेत्रका विषय विज्ञ, शिक्षकहरू, विद्यार्थीहरू एवं जिज्ञासु पाठकहरूले यसबाट निर्दिष्ट पाठ्यांशको विश्लेषण गर्ने महत्त्वपूर्ण प्रक्रियाबारे जानकारी लिन सक्ने छन् । त्यसैगरी सम्बन्धित क्षेत्रका शिक्षार्थीहरूको प्रतिक्रियाको विश्लेषण गर्न आवश्यक तरिका एवं महत्त्वपूर्ण आधार प्राप्त गर्न पनि यो अध्ययन सहयोगीसिद्ध हुने देखिन्छ । यसमा खास गरी पाठ्यांशको सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्षको अध्ययन गरिएकोले यसको जानकारी लिने सबैलाई प्रायोगिक दृष्टिले महत्त्वपूर्ण हुनेछ ।

## सन्दर्भसामग्री सूची

अधिकारी, गणेशराज, गौतम, वासुदेव र ढुङ्गेल वासुदेव (२०७५), *व्यावहारिक लेखन तथा सम्पादन,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

अधिकारी गोमा (२०७७), *स्नातक तहको शिक्षण अभ्यास पाठ्यांशको विश्लेषण,* (स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षण विभाग, सानोठिमी क्याम्पस, सानोठिमी भक्तपुर ।

कुँवर कविता (२०७७), *स्नातक तहको नेपाली पाठ्यांशको विश्लेषण,* (स्नातकोत्तर शोधपत्र), नेपाली शिक्षण विभाग, सानोठिमी क्याम्पस सानोठिमी भक्तपुर ।

खनिया, बुद्धराज र अधिकारी रामकुमार (२०७६), *व्यावहारिक लेखन तथा सम्पादन,* काठमाडौं : जुपिटर प्रिन्टिङ हाउस ।

खनाल, राजेन्द्र सन् २०२१, *आन्तरिक मूल्याङ्कनमा परीक्षणका प्रमुख गुणप्रति सरोकारवालाको दृष्किोण* https://pdfhost.io/v/LzfDi5Fst_Journal_All_PDF

नेपाली बृहत् शब्दकोश, (२०४० आठौं संस्करण), काठमाडौं : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पौडेल, माधवप्रसाद (२०६९), *भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि,(२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भण्डारी, पारसमणि, गौतम देवीप्रसाद, ओझा रामनाथ (२०६९), *स्नातक नेपाली* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

भट्ट/ bhatta Mahesh prasad 2020 - *चार वर्षे बी. एड्. तहको नेपाली पाठ्यांशप्रति विद्यार्थीका धारणा* https://www.nepjol.info/index.php/cdj/article/view/33244

लम्साल, रामचन्द्र र अन्य (मि.न.), *भाषा पाठ्यक्रम तथा शिक्षण पद्धति,* काठमाडौं : भुँडीपुराण प्रकाशन बागबजार ।

लम्साल, रामचन्द्र, अधिकारी गणेशराज, गौतम वासुदेव (२०७३), *नेपाली भाषा पाठ्यक्रम भाषा पाठ्यपस्तुक तथा शिक्षण पद्धति,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

शर्मा एण्ड शर्मा (२०६३), *पाठ्यक्रम र मूल्याङ्कन,* काठमाडौँ : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

शर्मा एण्ड शर्मा (२०६५), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौँ : एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

## परिशिष्ट १

## अनुसन्धान प्रश्नावली

### व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण

नमस्कार !

म भगवती अधिकारी त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विषयमा सानोठिमी क्याम्पसबाट हाल स्नातकोत्तर तहको उपाधि प्राप्तिको प्रयोजनार्थ व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोणशीर्षकमा शोध गर्दै छु ।

तीनवर्षे स्नातक तहलाई हाल चारवर्षे बनाउँदा चौथो वर्षमा एक नयाँ विषयको रूपमा व्यावहारिक लेखन तथा सम्पादन (नेपा.शि.४४६) (माइनर नेपा.शि.४४९) विषय समावेश गरिएको छ । यस विषयको पाठ्यक्रम र त्यसको व्यावहारिक प्रयोगप्रति विद्यार्थीहरूको दृष्टिकोण पत्ता लगाउने उद्देश्यले यो प्रश्नावली तयार पारिएको हुनाले फारम भरेर सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

यस तथ्याङ्कलाई यही शोध बाहेक अन्य कुनै प्रयोजनका लागि प्रयोग गरिने छैन तथा यहाँहरूको व्यक्तिगत र क्याम्पससम्बन्धी सूचना पूर्ण रूपमा गोप्य रहने छ भन्ने प्रतिबद्धता व्यक्त गर्दै यहाँहरू समक्ष सहयोगको अपेक्षा गर्दछु । धन्यवाद !

१. पूरा नाम थरः ..............................................................................

२. क्याम्पसको नामः ...........................................................................

३. लिङ्ग उल्लेख गर्नुहोस् ।

क. छात्र ख. छात्रा ग. अन्य

४. क्याम्पसको प्रकृति

क. आङ्गिक ख. सामुदायिक

५. तपाईंको मातृभाषा (Mother Tongue) कुन हो ?

क. नेपाली ख. मैथिली ग. भोजपुरी घ. नेवार ङ तामाङ च. अन्य

६. पाठ्यक्रममा समावेश हुनुपर्ने अङ्गहरू :

क. पूर्ण रूपमा समावेश भएका छन्   ख. समावेश भएका छन्

ग. केही समावेश भएका छन्   घ.समावेश भएका छैनन्

७. पाठ्यांश शीर्षक:

क. अत्यन्त उपयुक्त छ   ख. उपयुक्त छ

ग. केही उपयुक्त छ   घ. उपयुक्त छैन

८. पाठ्यांश परिचय:

क. पूर्ण रूपमा पाठ्यांशलाई समेट्छ   ख. पाठ्यांशलाई समेट्छ

ग. पाठ्यांशलाई केही समेट्छ   घ.पाठ्यांशलाई समेटेको छैन

९. साधारण उद्देश्य:

क. तह र स्तरअनुसार अति उत्तम   ख. तह र स्तरअुनसार उत्तम

ग. तह र स्तरअनुसार मध्यम   घ. तह र स्तरअनुसार निम्न

१०. विशिष्ट उद्देश्य :

क. तह र स्तरअनुसार अति उत्तम   ख. तह र स्तरअनुसार उत्तम

ग. तह र स्तरअनुसार मध्यम   घ. तह र स्तरअनुसार निम्न

११. पाठ्यवस्तुको मर्मअनुसार विशिष्ट उद्देश्य :

क. अति उत्तम   ख. उत्तम

ग. मध्यम   घ. निम्न

१२. पाठ्यवस्तु र त्यसको वितरण :

क. पूर्णतया उपयुक्त   ख. उपयुक्त

ग. केही उपयुक्त   घ. अनुपयुक्त

१३. पाठ घण्टीको वितरण :

क.सबै एकाइमा पूर्णतया उपयुक्त   ख. सबै एकाइमा उपयुक्त

ग. केही एकाइमा उपयुक्त   घ. अनुपयुक्त

१४. कार्यकलापको पर्याप्तता, स्तरीयता र समसामयिकता :

क. अति उत्तम ख. उत्तम

ग. मध्यम घ. निम्न

१५. विद्यार्थीकेन्द्रित विधिका आधारमा कार्यकलाप :

क. अति उत्तम ख. उत्तम

ग. मध्यम घ. निम्न

१६. विशिष्ट शिक्षण विधिमा उल्लिखित प्रविधि तथा क्रियाकलाप :

क. सबै एकाइमा पूर्ण रूपमा पर्याप्त र उपयुक्त

ख. सबै एकाइमा पूर्ण र उपयुक्त

ग. केही एकाइमा पर्याप्त र उपयुक्त

घ. सबै एकाइमा अनुपयुक्त

१७. पाठ्यांशका आधारमा कक्षाकोठामा प्रयोग गरिएको शिक्षण विधि :

क. पूर्ण रूपमा पाठ्यांशमा उल्लेख भएअनुरूप भएको

ख. केही मात्र पाठ्यांशमा उल्लेख भएअनुरूप भएको

ग. न्यून मात्र पाठ्यांशमा उल्लेख भएअनुरूप भएको

घ. पाठ्यांशमा उल्लेख भएअनुरूप नभएको

१८. प्रभावकारी सिकाइ उपलब्धि :

क. पूर्ण रूपमा हासिल भएको छ ख. केही मात्र हासिल भएको छ

ग. न्यून मात्र हासिल भएको छ घ. हासिल भएको छैन

१९. कक्षाकोठाको प्रयोगात्मक अभ्यासप्रति सन्तुष्टि :

क. पूर्ण रूपमा पर्याप्त भएको ख. धेरै भएको

ग. केही भएको घ. नभएको

२०. कक्षाकोठामा शिक्षकद्वारा गरिएको शिक्षण प्रविधिप्रति सन्तुष्टि :

क. पूर्ण सन्तुष्ट छु ख. सन्तुष्ट छु

ग. केही सन्तुष्ट छु घ. सन्तुष्ट छैन

२१. हाम्रो व्यावहारिक जीवनमा यो विषयको उपयोगिता :

क. पूर्ण रूपमा उपयोगी छ ख. उपयोगी छ

ग. केही उपयोगी छ घ. उपयोगी छैन

२२. पाठ्यांशमा उल्लिखित मूल्याङ्कन प्रणाली :

क. पूर्ण रूपमा स्पष्ट र प्रष्ट छ ख. स्पष्ट र प्रष्ट छ

ग. केही स्पष्ट र प्रष्ट छ घ. स्पष्ट र प्रष्ट छैन

२३. पाठ्यांशमा उल्लिखित मूल्याङ्कनीय सन्तुलन र अङ्कभार :

क. उति उत्तम ख. उत्तम

ग. मध्यम घ. निम्न

२४. प्रयोगात्मक कार्यको आधार :

क. मार्गनिर्देशन पर्याप्त छ ख. मार्गनिर्देशन सामान्य छ

ग. मार्गनिर्देशन न्यून मात्र छ घ. मार्गनिर्देशन छैन

२५. सिफारिस गरिएका पुस्तक/सन्दर्भ पुस्तक :

क. सबै सहजै प्राप्य छन् ख. धेरै जसो प्राप्य छन्

ग. केही प्राप्य छन् घ. अप्राप्य छन्

२६. सिफारिस गरिएका सन्दर्भ सामग्रीको स्तरीयता :

क. पूर्ण स्तरीय छन् ख. धेरै जसो स्तरीय छन्

ग. केही स्तरीय छन् घ. स्तरीय छैनन्

२७. सिफारिस गरिएका सन्दर्भ सामग्रीको पूर्णता र सान्दर्भिकता :

क. सबै पूर्ण रूपमा सान्दर्भिक छन् ख. धेरै जसो सान्दर्भिक छन्

ग. केही सान्दर्भिक छन् घ. सान्दर्भिक छैनन्

समाप्त !

## परिशिष्ट २

## गहन अन्तर्वार्ता फारम

व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोण

नमस्कार !

म भगवती अधिकारी त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विषयमा सानोठिमी क्याम्पसबाट हाल स्नातकोत्तर तहको उपाधि प्राप्तिको प्रयोजनार्थ व्यावहारिक लेखन तथा सम्पादन विषयप्रति विद्यार्थीको दृष्टिकोणशीर्षकमा शोध गर्दै छु

तीनवर्षे स्नातक तहलाई हाल चारवर्षे बनाउँदा चौथो वर्षमा एक नयाँ विषयको रूपमा व्यावहारिक लेखन तथा सम्पादन (नेपा.शि.४४६) (माइनर नेपा.शि.४४९) विषय समावेश गरिएको छ । यस विषयको पाठ्यक्रम र त्यसको व्यावहारिक प्रयोगप्रति विद्यार्थीहरूको दृष्टिकोण पत्ता लगाउने उद्देश्यले यो अन्तर्वार्तामा सहभागी भएर सहयोग गरिदिन हुन अनुरोध गर्दछु ।

यस तथ्याङ्कलाई यही शोध बाहेक अन्य कुनै प्रयोजनका लागि प्रयोग गरिने छैन तथा यहाँहरूको व्यक्तिगत र क्याम्पससम्बन्धी सूचना पूर्ण रूपमा गोप्य रहने छ भन्ने प्रतिबद्धता व्यक्त गर्दै यहाँहरू समक्ष सहयोगको अपेक्षा गर्दछु । धन्यवाद !

अध्ययनकर्ता : भगवती अधिकारी

१.

२.

३.

४.

५.

६.

# व्यक्तिवृत्त



| | | |
|---|---|---|
| नाम | : | भगवती अधिकारी |
| ठेगाना | : | पाखीवास- ४ धनकुटा |
| जन्म मिति | : | २०३७/०५/०५ |
| लिङ्ग | : | महिला |
| बुवा | : | बालकृष्ण अधिकारी |
| आमा | : | लक्ष्मी अधिकारी |
| पति | : | प्रेमप्रसाद सेढाई |
| छोरी | : | स्मारिका |
| छोरा | : | स्पन्दन |
| राष्ट्रियता | : | नेपाली |
| धर्म | : | हिन्दू |
| मोवाइल नं. | : | ९८४९४६३७०५ |
| इमेल | : | sbhgawati52@gmail.com |

**शैक्षिक योग्यता**

| क सं. | तह | संस्था | पास गरेको वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १. | एस.एल.सी | जालपादेवी मा.वि पाखीवास -४ धनकुटा | २०५४ | द्वितीय |
| २. | प्रमाणपत्र तह (मानविकी) | कन्या क्याम्पस विराटनगर -४ मोरङ | २०१३ | पास |
| ३. | स्नातक | सानोठिमी क्याम्पस भक्तपुर | २०१७ | द्वितीय |
| ४. | स्नातकोत्तर | सानोठिमी क्याम्पस भक्तपुर | २०७९ | |

**Work Experience:**

- Work in Entrepreneurship Development (IEDI) tot.
- Work in National Life Insurance Company Limited.
- Basic Library & Information Science Management.
- Personality Development & Leadership Training.
- सीताराम-पदमकुमारी फाउन्डेसन- संरक्षक सदस्य
- ईर्टनल फाउन्डेसन- सदस्य सचिव